# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ५, अङ्क ३४, पूर्णाङ्क २२९ | २०७६ फागुन ७ गते बुधबार | Wednesday, 19 Feb 2020 | www.eratokhabar.com | मूल्य रु. १०


## अखिल (क्रान्तिकारी) का अध्यक्ष र कोषाध्यक्ष गिरफ्तार, शैक्षिक हडताल घोषणा



**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) का अध्यक्ष चिरञ्जीवी ढकाललाई प्रहरीले गिरफ्तार गरेको छ। काठमाडौँको सुन्धारा क्षेत्रबाट बिहीबार बिहान प्रहरीले ढकाललाई गिरफ्तार गरेको हो।

यस्तै अखिल (क्रान्तिकारी) का कोषाध्यक्ष नरेन्द्र विकलाई पनि बाँकी पृष्ठ ७ मा

# जनयुद्ध दिवसमा प्रहरी हस्तक्षेप

■ **रातोखबर संवाददाता**/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले पार्टी मुख्यालयमा २५ औँ जनयुद्ध दिवस मनाएका छन्। महासचिव विप्लवले कार्यक्रममा मन्तव्य राख्दै सहिदका अधुरा सपना पूरा गर्ने प्रतिबद्धता जनाएका छन् । उनले एकीकृत जनक्रान्ति कार्यदिशामार्फत जनयुद्धका अधुरा सपना पूरा गर्ने प्रतिबद्धता पनि जनाए।

त्यसैगरी देशैभर विभिन्न कार्यक्रमसहित जनयुद्ध दिवस सम्पन्न भएका छन् । जनयुद्ध दिवसलाई बेवास्ता गरेको सरकार र सरकारी नेकपाले भने जनयुद्ध दिवसका कार्यक्रम बिथोल्ने, पर्चा कब्जा गर्ने, ब्यानर र झन्डा खोस्ने र गिरफ्तार गर्ने धृष्टता गरेको छ । फागुन १ गते काठमाडौँ सुन्धाराबाट अखिल (क्रान्तिकारी) का अध्यक्ष चिरञ्जीवी ढकाल, केन्द्रीय सदस्य उषाकिरण, त्रिचन्द्र एकाइ अध्यक्ष सन्ध्या पुनमगरसहित ५ जनालाई गिरफ्तार गऱ्यो।

त्यसैगरी दोलखा सदरमुकाम चरीकोटमा भएको नेकपा र नेकपा (क्रान्तिकारी माओवादी) को संयुक्त जनप्रदर्शनमा प्रहरीले आक्रमण गरेर क्रान्तिकारी माओवादीका दोलखा इन्चार्ज गोविन्दसहित ३ जनालाई गिरफ्तार गरेको छ । त्यसैगरी कञ्चनपुर भीमदत्त नपा १८, कटान गाउँबाट अखिल (क्रान्तिकारी) का नेता वीरेन्द्र लुहार, जिल्ला नेता भरत लुहार र अर्जुन लुहारलाई जनयुद्ध दिवस मनाउने क्रममा कञ्चनपुर प्रहरीले गिरफ्तार गरेको छ। जनयुद्ध र जनआन्दोलनको गीत गाउँदै हिँड्ने र आफूलाई कम्युनिस्ट सरकार भएको दाबी गर्दै आएको सरकारले जनयुद्ध दिवसका विरुद्ध योजनाबद्ध रूपले आक्रमण गरेको छ। सरकारको त्यसप्रकारको हर्कतलाई नेकपाले 'फासिवादी र पश्चगामी चरित्र' भनेको छ । नेपाली समाजको वर्गसङ्घर्षको उच्च अभिव्यक्तिका रूपमा भएको जनयुद्धको मानमर्दन गर्नु, त्यसको बहसलाई रोक्न खोज्नु भनेको जनयुद्ध र गणतन्त्रविरोधी शक्तिहरूलाई हँसाउनु र उनीहरूको मनोबल उठाउनु हो । शान्तिपूर्ण कार्यक्रममाथिको आक्रमण यथार्थमा लोकतान्त्रिक अभ्यास पनि होइन । सरकारले नेकपालाई औपचारिक रूपले प्रतिबन्ध लगाएको नभएर नेकपाका गतिविधिलाई मात्र प्रतिबन्ध लगाएको दाबी गरेको छ। अन्तर्राष्ट्रिय जगत्को आँखा छल्न मात्र सरकारले नेकपालाई होइन, उसका गतिविधिमाथि प्रतिबन्ध गरेको दाबी गर्दै आएको छ । जनयुद्ध दिवसमाथिको आक्रमण जनयुद्धका सहिद परिवार, ... बाँकी पृष्ठ ५ मा

## बन्दीहरूलाई जङ्गलमा पुऱ्याएर चरम यातना दिएको खुलासा

नेपाल कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्ताहरूलाई जेल र हिरासतमा राखिएकै अवस्थामा चरम यातना दिएको खुलासा भएको छ।

असोज २९ गते दाङबाट गिरफ्तारीमा परेका मध्ये दाङ इन्चार्ज यमलाल कटुवाल, इन्द्रबहादुर ओली र रामबहादुर थापालाई बर्दियाबाट परासी लैजाने क्रममा बाँकेको कुसुममा चरम शारीरिक र मानसिक यातना दिएको पारिवारिक स्रोतले बताएको छ। बन्दीहरूमध्ये ... बाँकी पृष्ठ ७ मा

## गुणराज लोहनी अस्वस्थ, अस्पताल भर्ना



**काठमाडौँ** : गम्भीर प्रकृतिको रोगबाट ग्रसित नेपाल कम्युनिस्ट पार्टीका पूर्वकेन्द्रीय सदस्य तथा राष्ट्रिय जागरण मञ्चका संयोजक गुणराज लोहनी गम्भीर बिरामी परेपछि ... बाँकी पृष्ठ ७ मा

## देशविदेशमा भव्यतापूर्वक मनाइयो २५ औँ जनयुद्ध दिवस

### बन्द पर्खालदेखि खुला आकाशसम्म, थबाङदेखि पश्चिमएसिया र युरोपसम्म




■ **अम्बिका चन्द**/काठमाडौँ

हजारौँहजार मानिसहरूलाई एउटा महाअभियानमा चलायमान बनाउने गौरवशाली जनयुद्ध २०५२ साल फागुन १ गते सुरु भएको थियो। २०६२।६३ को जनआन्दोलन हुँदै तत्कालीन नेकपा (माओवादी) र सरकारबीच भएको १२ बुँदे बृहत् शान्तिसम्झौतासँगै जनयुद्ध अन्त्य भएको घोषणा गरियो। जनयुद्ध नेपाली राजनीतिक इतिहासमा नेकपाको आह्वान र नेतृत्वमा जनताले स्वतस्फूर्त रूपमा मुक्ति र परिवर्तनका लागि निकै ठूलो त्याग र बलिदान गरेको त्याग, साहस, शौर्य, वीरता ... बाँकी पृष्ठ ३ मा

## छुटेलगत्तै नेकपा नेता माइला र दीपेशसहितका चारजना पुनः गिरफ्तार



■ **रातोखबर संवाददाता**/काठमाडौँ

नेकपाका केन्द्रीय सदस्य माइला लामा, दीपेश राई, नवीन विक र नेत्री धीरेन्द्राकुमारी उपाध्याय 'भृकुटी' लाई सुनसरी जिल्ला अदालतले साधारण तारेखमा रिहा गरेलगत्तै पुनः गिरफ्तार गरिएको छ।

न्यायाधीश ध्रुव कार्कीको इजलासले उनीहरूलाई रिहा गर्न आदेश दिएको हो । हातहतियार तथा सङ्गठित अपराध मुद्दामा अदालतले आदेश दिएर रिहा भएलगत्तै उनीहरू चारैजनालाई पुनः गिरफ्तार गरी नेता राई र लामालाई सङ्खुवासभा लाने तयारी गरिएको छ भने अर्का नेता नवीन विक र भृकुटीलाई कालीकोट लाने तयारी गरिएको पारिवारिक स्रोतले जनाएको छ । बन्दीका तर्फबाट अधिवक्ता सुमन कार्की र निराजन ओझाले बहस गरेका थिए।

ऋदालत प्रवेशद्वारबाट पुनः गिरफ्तार हुनुअघि नेता लामाले केपी वली सरकारले दुःख दिएकोमा विरोध जनाए । अदालतले आदेश दिँदा पनि फेरि पक्रेर दुखः दिने काम गरेकोमा उनले आपत्ति जनाए।

लामा, विक र उपाध्यायलाई लामो समय काठमाडौँमा कारागारमा बसेर उच्च अदालतको आदेशमा रिहा भएलगत्तै पक्रेर धरान पुऱ्याइएको थियो। उनीहरूसँगै राखिएका रमेश कार्की भने रिहा भएका छन्।

## एमसीसीका लागि अमेरिकी दबाब

■ **रातोखबर संवाददाता**/काठमाडौँ

क्रान्तिकारी र देशभक्त शक्तिहरूले राष्ट्रघाती एमसीसी विरोधी सङ्घर्ष चर्काउँदै लगेपछि निर्माण भएको जनमतको प्रभाव सत्तारूढ पार्टी र सरकारभित्रै परेको छ। नेपाललाई अमेरिकी सैन्य गुटमा धकेल्ने सरकारी षड्यन्त्र भैरहेको बेला पार्टी जनमत भने त्यसका विरुद्ध छ जसका कारण समस्या झन्झन् बढ्दै गएको समयमा माघ १९ गते झलनाथ खनाल, भीम रावल र पराष्ट्रमन्त्रीसमेत रहेका प्रदीप ज्ञवाली रहेको ३ सदस्यीय सुझाव समिति गठन गरिएको छ । सुझाव समितिप्रति नै अमेरिकी अधिकारीहरू सशङ्कित भएपछि र सत्तारूढ पार्टीभित्रै एमसीसीविरुद्ध जनमत बढ्दै गएपछि अमेरिकी अधिकारीहरूले ढोकाढोका चहार्दै दबाब, धम्की र प्रलोभन दिन थालेका छन्।

अमेरिकी राजदूत र्‍यान्डी बेरी माघ २३ गते माधवकुमार नेपालको कोटेश्वरस्थित निवास गएर रावललाई एमसीसीका पक्षमा बोल्नका लागि 'सम्झाइदिन' आग्रह गरेको नेपाल निकट स्रोतको दाबी छ। माघ २४ गते नै एमसीसीका युरोप-एसिया प्रशान्त उपप्रमुख जोनाथन ब्रुक्सले २६ गते एकै दिन युवराज खतिवडा, प्रदीप ज्ञवाली, केपी शर्मा वली र माधवकुमार नेपाललाई भेटेका छन् । सोमबार जोनाथनले झलनाथ खनाल, मिलन तुलाधर र भीम रावललाई भेटेका थिए । माघ २५ गते पोखराको एउटा कार्यक्रममा नेपालका लागि काठमाडौँस्थित अमेरिकी राजदूत र्‍यान्डी बेरीले एमसीसीपूर्व सम्झौताअनुसार ... बाँकी पृष्ठ ७ मा

## एमसीसी पारित गरिए देश गम्भीर खतरामा फस्छ : मोहन वैद्य



**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण' ले अमेरिकी परियोजना एमसीसीले देशमा झन् सङ्कट थप्ने भन्दै नेपाललाई एउटा सैन्य गठबन्धनमा सामेल गराउने कुराले नेपालको राष्ट्रियता झनै गम्भीर बन्ने खतरा भएको बताएका छन् । 'सरकारले एमसीसी अनुमोदन गराएर अमेरिकी साम्राज्यवादसँग साँठगाँठ गर्न खोजे यो निकै राष्ट्रघाती कदम हुनेछ', उनले भने।

जनयुद्ध दिवसलाई स्मरण गर्दै किरणले जनयुद्धमा पुरानो राज्यसत्ताका विरुद्ध लड्ने जनमुक्ति सेनाको डिभिजन स्तरसम्मका संरचनाहरू बनेको, ८० प्रतिशत ग्रामीण इलाकामा आधारइलाकाहरूको निर्माण भएको, जनसरकारहरू बनेको, जनयुद्ध उत्कर्षमा पुग्दै गर्दा जनयुद्धको एउटा नेतृत्वले गम्भीर धोका दिएको र जनयुद्धप्रति गद्दारी गरेको बताए । एकथरी नेताहरूले जसका विरुद्ध जनयुद्ध लडिएको थियो, त्यसैसँग साँठगाँठ गरेर, पुरानै राज्यव्यवस्था- संसदीय व्यवस्था स्वीकार गर्नु यो इतिहासको नकारात्मक संस्मरण भएको उनले बताए।

लोकतन्त्रको वकालत गर्नेहरूले विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीलाई प्रतिबन्ध लगएको भन्दै रगत-पसिना बगाएर जनयुद्धको इतिहास ... बाँकी पृष्ठ ७ मा

## जनमुक्ति सेनाको सलामी लिँदै विप्लवले मनाए २५ औँ जनयुद्ध दिवस






■ **भिमप्रसाद चापागाईं**/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीले उल्लासमय रूपमा देशविदेशमा २५ औँ जनयुद्ध दिवस मनाइरहँदा पार्टी महासचिव विप्लवले पनि जनसमुदायका बीचमा जनमुक्ति सेनाको सलामी लिँदै र परेड अवलोकन गर्दै भव्यतापूर्वक जनयुद्ध दिवस मनाएको समाचार प्राप्त भएको छ।

नेकपा स्रोतबाट प्राप्त समाचारअनुसार जनयुद्ध दिवस मनाउँदै पार्टी महासचिव विप्लवले एकीकृत जनक्रान्तिको कार्यदिशामार्फत जनयुद्धको अधुरो सपना पूरा गर्ने घोषणा गरेका थिए। जनयुद्ध दिवस कार्यक्रमको अध्यक्षता पनि महासचिव विप्लवले गरेका थिए। कार्यक्रमको सञ्चालन भने नेकपाका केन्द्रीय सदस्य विजयले गरेका थिए।

कार्यक्रमको आरम्भ जनयुद्ध दिवस मनाउन सहभागी पार्टी नेता, कार्यकर्ता ... बाँकी पृष्ठ ५ मा

## सरकारको फासिवाद र जनताको प्रतिरोध

**देश/परिवेश**

■ धर्मेन्द्र बास्तोला 'कञ्चन'



नेपालको सामाजिक दलाल पुँजीवादी सरकारले हाम्रो पार्टीका नेता र कार्यकर्ताहरूलाई गोली ताकेर हा□ थालेको तथ्य अब स्पष्ट भयो। यसको पछिल्लो कडी बर्दीयाको घटना बनेको छ। बर्दियामा हाम्रो पार्टीका इन्चार्ज र सेक्रेटरीमाथि गोली दागेर हानियो । झुक्किएर गोलीको प्रहार स्वयम् पुलिसमाथि पऱ्यो। यो केवल दुर्घटना मात्र भयो, घटना नेपाल कम्युनिस्ट पार्टीमाथि गराउन खोजिएको थियो।

दलाल पुँजीवादी सत्ताका कारण सामाजिक दलाल पुँजीवादी सरकार दिन-प्रतिदिन फासिस्ट बन्दै गइएको छ र आगामी दिनहरूमा अझ फासिस्ट भन्दै जाने स्पष्ट छ। संसद्वादी पार्टीहरूकै बीचमा प्रतिशोधात्मक कारबाही, पत्रकारिता क्षेत्रलाई सरकारी नियन्त्रणमा राख्ने धृष्टता, सेना परिचालन सुरक्षा परिषद्को मर्दन गरी प्रधानमन्त्रीले गर्ने प्रस्ताव, ठूलाठूला विकास प्रोजेक्टहरू प्रधानमन्त्री कार्यालयले जिम्मा लिने सरकारी नियमजस्ता सामाजिक दलाल पुँजीवादी सरकारका हर्कतहरू श्री ३ जङ्गबहादुरका १०४ वर्ष झल्काउने कदमभन्दा कम छैनन्। यी मुद्दाहरूलाई भनेजस्तो गरी उपयोगमा ल्याउन सरकार निरन्तर फासिवादको दिशामा जानु अनिवार्य हुन्छ । अन्तर्यमा अन्तरनिहित यसप्रका।को फासिवाद अपनाउनका लागि सतहमा केही राजनीतिक जामा दिने चेष्टा देखा पर्छ जसमा जडसूत्रवाद, अन्धानुकरण, षड्यन्त्र, कपटपूर्ण सिद्धान्तको सम्मिश्रण देखा पर्छ । त्यो हो- व्यवस्थित समाजवादी समाजको नक्कल, व्यवस्थित पुँजीवादी समाजको अन्धानुकरण र दलाल पुँजीवादी षड्यन्त्रको सम्मिश्रण।

नेपाल सरकारले हाम्रा नेताहरूमाथि गोली हा□ घटना मैले पढेका र सुनेका दुई अन्तर्राष्ट्रिय कम्युनिस्ट घटनाको अन्धानुकरण, भद्दा प्रकारको नक्कल र कलाविहीन नाटकजस्तो देखापर्छ। पहिलो घटना मैले पढेको विषयलाई लिऊँ । सोभियत कम्युनिस्ट आन्दोलनको इतिहासमा एक ठाउँमा मैले पढेको थिए, रुसमा कम्युष्टि सत्ता बिफल बनाउनकालागि पुँजीवादी एजेन्टहरूले विकासका संरचनाहरू भत्काइदिने, बिगार्ने र गड्बडी मच्चाइरहने गर्थे। यसको पुष्टि कतै हुँदैनथ्यो- त्यो कसले र कसरी भत्काइरहेको छ । यही सिलसिलामा स्टालिनको आदेशमा त्यसप्रकारका मानिसहरूको ... बाँकी पृष्ठ ५ मा

वर्ष ५, अङ्क ३४, पूर्णाङ्क २२९
रातो खबर साप्ताहिक

## सम्पादकीय

# जनयुद्ध दिवसको रौनक

नेपाल कम्युनिस्ट पार्टीले देशभित्र र बाहिर, जेल, हिरासत र खुला रूपमा २५ औँ जनयुद्ध दिवस मनाएर देशलाई नै जनयुद्ध दिवसमय बनाइदिएको छ। जनयुद्ध दिवसले अरू धेरै कुराको सङ्केत त गरेकै छ तर एउटा कुरा भने देखिने गरी, बुझिने गरी र गहिराइसम्म अनुभूति हुने गरी प्रस्ट्याइदिएको छ, त्यो हो अब जनयुद्धको प्रक्रियाबाट आएका कम्युनिस्ट नाम गरेका पार्टीहरूमध्ये जनयुद्धको मूल नेतृत्व अर्थात् जनयुद्धलाई बीचैमा धोका दिएर एमालेमा लम्पसार पर्न पुगेको पुष्पकमल दाहाल 'प्रचण्ड' समूहले जनयुद्धलाई बिर्सिएको मात्र छैन, घोर अपमान गरेको छ र जनयुद्धको मूल भाव, गति र स्पिरिटलाई विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीले नै समातेको प्रमाणित गरेको छ।

नेपाली श्रमिक-सर्वहारा वर्गले गौरव गर्नुपर्ने गरी नेकपाका महासचिव विप्लवले जनमुक्ति सेनाको परेड हेर्दै र सलामी लिँदै २५ औँ जनयुद्ध मनाएको समाचारले श्रमिक जनता र क्रान्तिमा अविराम लामबद्ध भित्री जेल र खुला जेलमा रहेका सबै क्रान्तिकारीहरूलाई खुसी मात्र होइन, गौरवान्वित नै बनाएको छ। अझ पार्टी हेडक्वार्टरमा आयोजित २५ औँ जनयुद्ध दिवसलाई सम्बोधन गर्दै महासचिव विप्लवले सहिदका अधुरा सपना पूरा गर्ने प्रतिबद्धता दोहोर्‍याएका छन् र एकीकृत जनक्रान्तिको कार्यदिशामार्फत जनयुद्धका अधुरा सपना पूरा गर्ने अर्थात् नेपालमा एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद हुँदै साम्यवादी समाज निर्माण तीव्र गतिले अघि बढेकोमा विश्वस्त बनाएका छन्।

जनयुद्धकै प्रक्रियाबाट आएका केही पात्रहरूको सहयोगमा पूर्वएमालेसहितको सरकारका प्रधानमन्त्री केपी शर्मा वलीले जनयुद्ध दिवसका दिन सरकारी पार्टीले आयोजना गरेका सबै कार्यक्रम बहिष्कार गर्नु, प्रचण्ड समूहले जनयुद्ध दिवसको नाउँ लिन नसकेर जनआन्दोलनका सहिदहरूको स्मृति भन्दै कार्यक्रम आयोजना गर्नुले प्रचण्डहरूले जनता, सहिद र बेपत्ता परिवार तथा घाइते-अपाङ्ग योद्धाहरूलाई झुक्याउँदै आएको अन्तिम अस्त्र पनि समाप्त भएको छ। महान् जनयुद्धप्रति पश्चाताप गर्ने शैलीमा केही दिनअघि प्रचण्डले एउटा खुला कार्यक्रममा भनेका थिए, म त्यतिबेला मारिएका पाँच हजारजनाको मात्र जिम्मा लिन्छु, अरूको लिन सक्तिनँ। यसको अर्थ उनी क्रमैसँग जनयुद्धको 'धङधडी' बाटसमेत भागिरहेका छन् र पश्चाताप गर्ने एउटा खास बिन्दु कुरेर बसेका छन् तर यता नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले भने सानदार रूपमा आफू अर्थात् आफ्नो पार्टीलाई जनयुद्धको उत्तराधिकारी घोषणा गर्दै जनमुक्ति सेनाको परेड र सलामीका बीच गर्वसाथ जनयुद्ध दिवस मनाएका छन्। यसको स्पष्ट सन्देश हो- अब नेपालमा जनयुद्धको विरासत र जनयुद्धका बाँकी कार्यभार पूरा गरी वैज्ञानिक समाजवाद स्थापना गर्ने जिम्मा नेकपाले लिइसकेको छ र ऊ त्यसै दिशामा तीव्रतामा अघि बढिरहेको छ।

जनयुद्ध दिवस उल्लासमय शैलीमा मनाइएको छ। वली-प्रचण्ड-रामबहादुरहरूले नेकपालाई प्रतिबन्ध लगाएका छन् तर उनीहरूले नै थुनामा राखेका आस्थाका बन्दीहरूले जेलभित्रै र हिरासतभित्रै जनयुद्ध दिवस मनाएका छन्। प्रतिबन्धलाई तिरस्कार गर्दै नेकपाले मुलुकका सयौँ ठाउँमा भव्यतासाथ जनयुद्ध दिवस मनाएको छ। देशबाहिर पनि उल्लासका साथ जनयुद्ध दिवस मनाइएको छ। प्रचण्ड समूह अब जनयुद्धका सबै प्रक्रियाबाट बाहिरिएको छ भने नेकपाले जनयुद्धका सबै बाँकी काम पूरा गर्ने प्रतिबद्धतासाथ असली उत्तराधिकारीका रूपमा आत्मसाथ गरेको छ।

केपी वली र प्रचण्डहरूले जनयुद्धलाई तिरस्कार मात्र गरेका छैनन्, जनयुद्धका बाँकी कार्यभार पूरा गर्ने प्रतिबद्धता बोकेर राष्ट्रियता, जनतन्त्र, जनजीविकाको रक्षा, भ्रष्टाचार, शोषण, अन्याय, अत्याचार, व्यभिचारको अन्त्य, समानतामूलक वैज्ञानिक समाजवादी समाज निर्माणको लक्ष्य बोकेर क्रान्तिमा लामबद्ध भएका र सही रूपमा जनयुद्ध दिवस मनाउँदै गरेका नेकपाका नेता-कार्यकर्तालाई ठाउँठाउँबाटै गिरफ्तार गरेर हिरासतमा पुर्‍याएका छन्। सरकारको यो रबैयाले पञ्चायती कालरात्री र शाहीकालीन बर्बरतालाई सम्झाएको छ। जनयुद्धको प्रक्रियाबाट आएका र जनयुद्धको बाँकी कार्यभार पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्ने स्थानबाट क्रान्तिकारीहरूलाई गिरफ्तार गर्नु र हिरासतमा पुर्‍याउनु भनेको फासिवादको ज्वलन्त नमुना हो। नेकपाका नेता र कार्यकर्ताले जनयुद्ध दिवस मनाउँदै गर्दा अमेरिकी परियोजना एमसीसीको विरोधमा बोल्लान्, भारतीय साम्राज्यवादले कब्जा गरेका कालापानी, लिपुलेक, लिम्पियाधुराका मुद्दा उठाउनलान् र एकीकृत जनक्रान्तिको माध्यमबाट देश र जनतालाई मुक्त पार्ने सपना बाँड्लान् भनेर तर्सिएको सरकारले क्रान्तिकारीहरूलाई गिरफ्तार गरेर मात्र चित्त बुझाएन, पर्चा र पोस्टरसमेत जफत गर्‍यो। सरकारको योभन्दा बढी नालायकी र बर्बरता अरू के हुन्छ ? सरकारले जनयुद्ध दिवस मनाउँदै गरेका क्रान्तिकारीहरूलाई गिरफ्तार गरी झूट्टा मुद्दा लगाएर जनयुद्ध शब्द उच्चारण गर्न र सहिदको नाउँ लिन पाइँदैन भन्ने खराब सन्देश प्रवाह गरेको छ र आफूहरूले समाप्त पार्न लागेर पनि नसकेको जनयुद्धको इतिहास मेट्ने षड्यन्त्र गरेको छ। यो घोर निन्दनीय छ।

जनयुद्ध दिवस अब फेरि एउटा आन्दोलनको झोक्का भएर खडा भएको छ। यसले एकीकृत जनक्रान्तिलाई ठूलो टेवा दिएको छ। क्रान्तिकारीहरूमा क्रान्तिकारी आशावादको ऊर्जा थपिएको छ भने प्रतिक्रान्तिकारीहरू र भगौडाहरूलाई यो एउटा 'तर्साउने भूत' बनेर अगाडि आएको छ। एकातिर जनयुद्ध दिवसमा शुभकामना आदानप्रदान, अबिर साटासाट, मिठाइ र चकलेट वितरण गरी जनयुद्धकालीन बिदाइ र मिलनका दिनहरूको सम्झना गराउँदै मनाइएको छ भने अर्कातिर जनयुद्धलाई तथानाम गाली गर्दै, उपहास गर्दै र कार्यक्रम नै बहिष्कार गरी क्रान्तिकारीहरूलाई थुनेर मनाइएको छ। यसरी २५ औँ जनयुद्ध दिवसले श्रमिक नेपाली जनतामा नयाँ रौनक, नयाँ उमङ्ग, नयाँ खुसी र नयाँ लहर ल्याएको छ भने सरकारी पार्टीहरूमा घृणा, वितृष्णा र दिक्दारी ल्याइदिएको छ। यसपटकको जनयुद्ध दिवसका दुई पृथक विशेषता यिनै भएका छन्। आउँदै गरेको सहिद सप्ताहले पनि यस्तै प्रकारका सन्देश प्रवाह गर्नेमा द्विविधा राख्नुपर्ने ठाउँ छैन।

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# शान्तिप्रक्रिया र सीमा समस्या



भरत बम 'रणवीर'

*हामीले सीमा सुरक्षा बलको कुरा गर्दा कसैलाई लाग्न सक्छ यो त भारतविरुद्ध युद्ध हो। कसैले स्मरण गर्लान् प्रचण्डको 'सुरुङ युद्ध' तर यो कसैका विरुद्ध युद्धको प्रश्न होइन, आफ्नो देशको रक्षा गर्ने प्रश्न हो। जब सबै स्वाभिमानी युवाहरु एकीकृत भएर देशरक्षार्थ खडा हुनेछन् तब मात्र हाम्रो सीमा समस्या हल हुनेछ।*

पछिल्लो समय भारतले सार्वजनिक गरेको नक्सासँगै जुर्मुराएको देश बिस्तारै सेलाएको भान हुँदैछ। सरकार आफ्नो नियन्त्रण बलियो भएको र लोकप्रियता चुलिएको देखेर खुसी नै होला। शान्तिप्रक्रियाका बाँकी काम पूरा गर्न 'बेपत्ता तथा सत्य निरूपण आयोग' को कामबारे छलफल जारी छ। सरोकारवालाहरूको चासो र प्रतिबद्धता व्यक्त भइरहेकै छ। यति हुँदाँहुदै पनि यो अकाट्य तथ्य छर्लङ्ग भयो- हाम्रो देशको पुरानै समस्याको हल भएको छैन। शान्तिप्रक्रिया पनि अपूर्ण छ। जनयुद्धबाटै आएका क्रान्तिकारीहरुमाथि प्रतिबन्ध लगाइएकै छ। त्यसो भए सीमा समस्या र शान्तिप्रक्रियाको अन्तरसम्बन्ध के छ ? यसबारे विचारविमर्श गर्नु सान्दर्भिक नै होला !

### कम्युनिस्ट र राष्ट्रवाद

हामी सबैलाई थाहा छ- कम्युनिस्टको सिद्धान्त राष्ट्रवाद होइन, अन्तर्राष्ट्रवाद हो जसरी व्यक्तिवाद, पुँजीवाद नभएर समाजवाद हो। त्यसैले एक व्यक्तिको समाजसँग जुन सम्बन्ध हुन्छ ठीक एक राष्ट्रको विश्वसँग त्यही सम्बन्ध हुन्छ र हुनुपर्छ भन्ने मान्यता कम्युनिस्टहरूले राख्छन्। यो समाज विज्ञानको वैज्ञानिक र उत्कृष्ट मान्यता हो। यसको वैज्ञानिकतालाई अमेरीकी भाषाशास्त्री बेन्डिक्ट इन्डरसनले 'इम्याजिन्ट कम्युनिटी' किताबमा कम्युनिस्टको पछिल्लो विकास खासगरी माओ तथा चीनलाई र बेलायती समाजशास्त्री अर्नेस्ट गेल्नरले 'नेसन एन्ड नेस्नालिज्म' भन्ने किताबमा कम्युनिस्टको अघिल्लो विश्लेषण विशेषतः मार्क्स-एङ्गेल्सको विश्लेषणलाई सकारात्मक ढङ्गले उद्धृत गर्नुले पुष्टि गरेको छ। मार्क्सको विश्लेषणमा राष्ट्रवाद पुँजीवादको उपज तथा अर्को रूप हो। यो पुँजीवादको उत्थान र पतनको कारण हो। जसरी राष्ट्रवादले सामन्तवादविरुद्ध सङ्घर्षको प्रारम्भमा पुँजीवादको उत्थान गर्‍यो ठीक त्यसरी यसले उत्तरार्द्धमा पुँजीवादको पतन निश्चित गर्छ।

वास्तवमा राष्ट्रवाद युद्धको परिणाम र कारण दुवै हो। सुरुआती राष्ट्रवादमा अन्तर्निहित प्रगतिशील चरित्र कालान्तरमा पुँजीवादको सङ्कटसँगै प्रतिगामी चरित्रमा प्रकट हुन्छ। पुँजीवादको अन्तर्राष्ट्रियतावादी सारले उसको राष्ट्रवादी रूपसँग अन्तरविरोध राख्छ। कम्युनिस्टको दायित्व सचेत रूपले त्यो अन्तरविरोधको हल गर्नु हो। एक उत्कृष्ट अन्तर्राष्ट्रिय मानव जातिको निमार्ण गर्नु हो। त्यसैले त संसारभरिका कम्युनिस्टले युजेन पोत्तरको गीत गाउँछन्, 'मानिसको एक अन्तर्राष्ट्रिय जाति हुनेछ...।' जब मार्क्सलाई पछ्याउँदै माओले सोभियत सङ्घले अन्तर र्राष्ट्रियतावादका नाममा दिएको गलत निर्देशन अस्वीकार गर्दै विशाल चीनलाई मुक्त गरेर समाजवादमा प्रवेश गराए तब राष्ट्रवाद पनि कम्युनिस्ट सिद्धान्तसँग जोडिन पुग्यो। माओले 'जो व्यक्ति राष्ट्रवादी हुदैन, ऊ सच्चा अन्तर र्राष्ट्रियतावादी पनि हुँदैन' भन्ने मार्क्सको भनाइलाई सम्झिएर पुँजीवादको विकास पूर्ण नहुँदै समाजवाद आउन सम्भव छ भन्ने लेनिनलाई जोडे। यसरी पछिल्लो चरण तेस्रो विश्वमा पुँजीवादी क्रान्ति र राष्ट्रवाद (राष्ट्रिय मुक्तिमा प्रतिबद्ध हुनु) कम्युनिस्ट क्रान्तिका एजेन्डा बन्न पुगे। नेपालका कम्युनिस्ट यिनै एजेन्डासहित सामन्तवादविरुद्धको क्रान्तिमा होमिएर राष्ट्रवादी नीति र कार्यक्रमद्वारा लोकप्रिय पनि भए तर क्रान्ति पूरा नहुदै सम्झौतामा टुङ्ग्याइदिए। हो, यही अधुरो क्रान्ति पूरा गर्न भनेर विप्लव नेतृत्वको नेकपा अहिले पनि सङ्घर्षशील रहेको छ र व्यापक समर्थन पाइरहेको छ।

आजको पुँजीवाद आफ्नो असली रूप अन्धराष्ट्रवादमा व्यक्त भइरहेको छ। ट्रम्प, मोदी र बोरिस जोन्सनलगायत शासकले लिएको अन्धराष्ट्रवादी नीतिलाई विश्लेषकले दक्षिणपन्थी लोकप्रियतावाद भने पनि त्यो पुँजीवाद तथा साम्राज्यवादको सक्कली रूप हो। यो उसको सङ्कटग्रस्त युद्धोन्मुख उत्तरअवस्था हो। पछिल्लो प्रविधि क्रान्तिपछाडिको भूमण्डलीय अर्थतन्त्रको जीवन अन्धराष्ट्रवादी राजनीतिले जीर्ण बनाएको छ। यो उत्पादनमा सामूहिकता र स्वामित्वमा निजताको अन्तरविरोध हो। आज यो अन्तरविरोधको उत्कर्षको प्रतिनिधित्व ट्रम्पले गरेका छन्। वास्तवमा ट्रम्पको राष्ट्रवाद निजत्व र फाइदाका लागि जे पनि गर्न तयार व्यापारी तथा वेश्या राष्ट्रवाद हो। हो, हाम्रो देशमा पनि दलाल अर्थतन्त्रले राष्ट्रवादी राजनीति अवलम्बन गरिरहेको छ। फेरि पनि कथित कम्युनिस्ट सरकार छ। के नेपालमा सरकारी कम्युनिस्टहरू समस्या हल गर्न सक्षम होलान् ? यसका निम्ति विगत शान्तिप्रक्रियाको समीक्षा गर्न जरुरी छ।

### बीएसएफ (border security force) बारे

'बेपत्ता तथा सत्य निरूपण आयोग' बारे हुने छलफल र कामले मात्र शान्तिप्रक्रिया पूर्ण हुँदैन, बरु यसको असफलताको निर्णयक पक्ष राष्ट्रियताको प्रश्न हो। त्यसैले अहिले सिमानाको समस्या चर्किएका बेला सीमा सुरक्षा बल (border security force) गठनसम्बन्धी छलफल गरी कार्यरूप दिन सक्दा समाधानको एक विकल्प हुनसक्छ। त्यसका लागि विगत कोट्याउन जरुरी छ। धेरै समय बितेको छैन। सेना समायोजनका सन्दर्भमा 'सीमा सुरक्षा बल' गठनबारे पनि छलफल चलेको थियो। विडम्बना ! साकार रूप लिन सकेन। यद्यपि यस विषयमा तत्कालीन पार्टीभित्र सुधारवादका विरोधी तथा क्रान्तिकारी पक्ष (किरण र विप्लव) ले जोड दिएका थिए। तर आज आएर सीमा सुरक्षा बल गठनको आवश्यकता जनस्तरमा गहिरो ढङ्गले अनुभूत भएको छ। त्यसकारण के अझै 'सीमा सुरक्षा बल' गठनको आवश्यकता र सम्भावना छ ? विश्लेषणको आवश्यकता छ।


नेपालको शान्तिप्रक्रिया १२ बुँदे समझदारीद्वारा निरूपित र निर्देशित थियो। शान्तिप्रक्रियाका दुई मुख्य कार्य पहिलो सेना समायोजन र दोस्रो संविधानसभाको चुनाव थियो। तर न सेना समायोजन नै वैज्ञानिक भयो, न त संविधानसभा नै सफल भयो ? बरु त्यसले १२ बुँदेको सीमालाई उजागर गरिदियो किनभने त्यो समझदारी राष्ट्रियताको कोणबाट कमजोर थियो। नेतृत्वको आफ्नो निर्णय स्वतन्त्रता खुम्चिएको वा गुमेको थियो। त्यसो हुँदैनथ्यो भने अवश्य पनि सीमा सुरक्षा बल गठनले सार्थकता पाउँथ्यो। प्रस्ट छ हाम्रो सेना समायोजन कुनै पनि प्रचलित अन्तर्राष्ट्रिय स्थापित वैज्ञानिक मापदण्डभित्र भएन, न त राष्ट्रिय विशिष्टता, आवश्यकता र मौलिकतामा सीमा सुरक्षा बल नै गठन भई सम्पन्न हुन सक्यो, बरु जनमुक्ति सेनालाई जबर्जस्ती आत्मसमर्पण गराइयो। परिणामतः करिब २० हजार जनमुक्ति सेनामा मुस्किलले १ हजार भर्ती गराइयो। बाँकी १९ हजार बाहिर छुटे। यसमा जनयुद्धमा महत्वपूर्ण भूमिका निर्वाह गरेका तर समायोजनको मापदण्ड पूरा नगरेका करिब ४ हजार जोड्दा २२ हजार जनमुक्ति सेना बाहिरियो। विसं २०६८ चैत २८ गते राती जनयुद्धका जनमुक्ति सेनाका सर्वोच्च कमान्डर प्रचण्डको सल्लाहले तत्कालीन प्रधानमन्त्री बाबुरामको निर्देशनमा नेपाली सेनाले जनमुक्ति सेनाको ब्यारेक कब्जा गर्‍यो। वस्तुतः क्रान्ति प्रतिक्रान्तिमा रूपान्तरण भयो। यसरी सारतः सेना समायोजन अपूर्ण रही असफल भयो। परिणामतः संविधानसभा विघटन भयो। त्यसपछि कथित १२ बुँदेको औचित्य समाप्त भई त्यसको समीक्षासहित नयाँ समझदारीको आवश्यकता पैदा भयो। तत्कालीन किरण नेतृत्वको पार्टीको एक माग पनि त्यही थियो। तर सुनियोजित ढङ्गले हजारौँ जनमुक्ति सेना र किरण नेतृत्वको नेकपा माओवादी (जसले जनयुद्ध लडेका बहुसङ्ख्यकको प्रतिनिधित्व गर्दथ्यो) लाई शान्तिप्रक्रिया र संविधानसभाभन्दा बाहिर धकेलियो। यहाँनेर १२ बुँदेको सीमा संविधानसभाको अपूर्णता र शान्तिप्रक्रियाको असफलता एकैपटक व्यक्त भयो। यो प्रस्टतः नेतृत्वको आत्मसमर्पणवादी रुझानको ढाकछोपका साथै राज्य तथा शासकद्वारा अर्को द्वन्द्वको आमन्त्रण थियो। तैपनि प्रतिक्रान्तिको साधन बनिसकेको दोस्रो संविधानसभाको चुनाव सम्पन्न भयो। कथित नयाँ संविधान जारी गर्दै शान्तिप्रक्रिया सफल भएको घोषणा गरियो। जनतालाई पनि क्रान्तिका प्रमुख नेताहरू नै प्रतिक्रान्तिको सहयोगी भएको यथार्थ नबुझ्दा एक हदसम्म भ्रम पर्‍यो। संविधान जारी भएको ४ वर्षपछि पुनः पुरानै राष्ट्रियताको समस्या मुखरित हुनुले शान्तिप्रक्रिया असफलताको त्यही प्रमुख पक्षको पटाक्षेप हुन पुगेको छ। जसरी राष्ट्रियताको समस्या हल भए शान्तिप्रक्रिया सफल बन्ने सम्भावना थियो ठीक त्यसरी नै शान्तिप्रक्रियाको सफलताले राष्ट्रियताको समस्या समाधान हुन सक्थ्यो। त्यसैले अहिले पनि शान्तिप्रक्रियाको समीक्षा, सीमा सुरक्षा बलको आवश्यकता र सम्भावनाबारे सोच्न जरुरी छ। जसले अपमानित ती हजारौँ जनमुक्ति सेना र लाखौँ बेरोजगार युवाहरूलाई सम्बोधन गर्न सकिन्छ। त्यहाँ भूतपूर्व सैनिक पनि आकर्षित हुनेछन्।

हामीले सीमा सुरक्षा बलको कुरा गर्दा कसैलाई लाग्न सक्छ यो त भारतविरुद्ध युद्ध हो। कसैले स्मरण गर्लान् प्रचण्डको 'सुरुङ युद्ध' तर यो कसैका विरुद्ध युद्धको प्रश्न होइन, आफ्नो देशको रक्षा गर्ने प्रश्न हो। जब सबै स्वाभिमानी युवाहरू एकीकृत भएर देशरक्षार्थ खडा हुनेछन् तब मात्र हाम्रो सीमा समस्या हल हुनेछ। त्यसैले कसै न कसैले त त्यो बेला गठन गर्नैपर्छ। हामी चाहन्छौँ, सरकारले पहल गरोस्। नागरिक समाजले गरोस्। गरिँदैन भने विद्रोही नेकपाले गर्नैपर्छ र गर्नेछ।

# उभार र सेढाईंलाई बिनासर्त रिहा नगरिए बदला लिने नेकपाको चेतावनी

नेपाल कम्युनिस्ट पार्टी गण्डक ब्युरोले पार्टीका ब्युरो सदस्य तथा तनहुँ जिल्ला इन्चार्ज पूर्णजित पुन 'उभार' र क्याम्पस अध्ययन गरिरहेका विद्यार्थी पर्वत सेढाईंलाई यही २८ गते बेलुका तनहुँको म्याग्दे गाउँपालिका, जामुनेबजारबाट बिनाकारण प्रहरीले गिरफ्तार गरी झूट्टा मुद्दामा फसाउन खोजेको भन्दै तत्काल बिनासर्त रिहा नगरिए उचित समयमा बदला लिने चेतावनी दिएको छ। ब्युरो इन्चार्ज आस्थाले विज्ञप्ति जारी गर्दै यस्तो चेतावनी दिएकी हुन्।


नेपाल कम्युनिष्ट पार्टी
Communist Party of Nepal
प्रेष विज्ञप्ति
२०७६/१०/२९
यतिबेला राष्ट्रघात र जनघातले देश आक्रान्त छ। एमसीसी र बालुवाटार जग्गा प्रकरणको पछिल्लो काण्ड सम्म आउँदा दलाल फासीवादी केपी सरकारको असली अनुहार जनताको बिचमा उदाङ्गो भएको छ। आफू प्रतिको जनआक्रोशको ध्यान मोड्न र न्यायको आवाजलाई दबाउन हाम्रो पार्टी माथी प्रतिबन्ध लगाई दमन, षड्यन्त्र, गिरफ्तारी र हत्यासम्मको फासीवादी चरित्र केपी सरकारले देखाइरहेको छ।
यसै क्रममा हाम्रो पार्टीका गण्डक ब्युरो सदस्य तथा तनहुँ जिल्ला इन्चार्ज कमरेड पूर्णजित पुन 'उभार' र क्याम्पस अध्ययन गरिरहेका विद्यार्थी पर्वत सेढाईलाई २०७६ माघ २८ गते बेलुका तनहुँ जिल्लाको म्याग्दे गाउँपालिका अन्तर्गत जामुने बजारबाट विना कारण प्रहरी प्रशासनले गिरफ्तार गरी झुठा मुद्दामा फसाउन खोजिरहेको छ। यस्ता गैह्रन्यायिक झुठा मुद्दा र गिरफ्तारीको हाम्रो पार्टी घोर भर्त्सना गर्दछ। साथै गिरफ्तार कमरेडहरुको तत्काल विना सर्त रिहाईको अपिल समेत गर्दछ।
दलाल केपी सरकारको जनता विरुद्धको षड्यन्त्र, दमन गिरफ्तारीको हिसाब किताब उचित समयमा संघर्षबाट जवाफ दिईनेछ।
क्रान्तिकारी अभिवादन सहित
क.आस्था
गण्डक ब्युरो



ब्युरो इन्चार्ज आस्थाको विज्ञप्तिमा भनिएको छ, 'यतिबेला राष्ट्रघात र जनघातले देश आक्रान्त छ। एमसीसी र बालुवाटार जग्गा प्रकरणको पछिल्लो काण्डसम्म आउँदा दलाल फासिवादी केपी सरकारको असली अनुहार जनताको बीचमा उदाङ्गो भएको छ। आफूप्रतिको जनआक्रोशको ध्यान मोड्न र न्यायको आवाजलाई दबाउन हाम्रो पार्टीमाथि प्रतिबन्ध लगाई दमन, षड्यन्त्र, गिरफ्तारी र हत्यासम्मको फासिवादी चरित्र केपी सरकारले देखाइरहेको छ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'यसै क्रममा हाम्रो पार्टीका गण्डक ब्युरो सदस्य तथा तनहुँ जिल्ला इन्चार्ज कमरेड पूर्णजित पुन 'उभार' र क्याम्पस अध्ययन गरिरहेका विद्यार्थी पर्वत सेढाईंलाई २०७६ माघ २८ गते बेलुका तनहुँ जिल्लाको म्याग्दे गाउँपालिकाअन्तर्गत जामुने बजारबाट बिनाकारण प्रहरी प्रशासनले गिरफ्तार गरी झूट्टा मुद्दामा फसाउन खोजिरहेको छ। यस्ता गैरन्यायिक झूट्टा मुद्दा र गिरफ्तारीको हाम्रो पार्टी घोर भर्त्सना गर्दछ। साथै गिरफ्तार कमरेडहरुको तत्काल बिनासर्त रिहाइको अपिलसमेत गर्दछ।'

विज्ञप्तिको अन्त्यमा चेतावनी दिँदै भनिएको छ, 'दलाल केपी सरकारको जनताविरुद्धको षड्यन्त्र, दमन र गिरफ्तारीको हिसाबकिताब उचित समयमा सङ्घर्षबाट दिइनेछ।'

## देशविदेशमा भव्यतापूर्वक ...

र बलिदानको इतिहास हो ।

जनयुद्धको अन्त्यको घोषणा गरिएसँगै नेपालमा पुरानो राज्यसत्ताको अन्त्य गरी नयाँ जनवादी राज्यसत्ता स्थापना गर्ने नेपाली जनताको सपनामा पूर्णविराम लगाइयो तर जनयुद्ध समाप्तिको घोषा हुँदै शान्तिसम्झौता सम्म आउँदा जनयुद्धको मुख्य नेतृत्वले विचार, राजनीतिमा पुरानो सत्तासँग सम्झौता गरी क्रान्तिकारी आन्दोलन, सर्वहारा वर्ग, देश र जनतालाई धोका दिएको निष्कर्ष निकाल्दै नयाँ ढङ्गको क्रान्तिकारी आन्दोलनको उठान गर्ने र वैज्ञानिक समाजवाद स्थापनाको बाटोमा अघि बढ्न विप्लवको नेतृत्वमा क्रान्तिकारी आन्दोलन अघि बढिरहेको छ । यसै सिलसिलामा प्रतिबन्धित नेपाल कम्युनिस्ट पार्टीले सरकारी दमन, धरपकड र गिरफ्तारीका बीचबाट पनि ऐतिहासिक जनयुद्धको स्मरण गर्दै देशैभरि र विदेशमा समेत विभिन्न कार्यक्रम गरी यो दिवस भव्य रूपले मनाएको छ। रातो खबरलाई प्राप्त समाचारअनुसार नेकपाका महासचिव विप्लवले पनि जनताका बीचमा यो दिवस मनाएका छन् । विप्लवले जनयुद्धका अधुरा सपना एकीकृत जनक्रान्तिको कार्यदिशामार्फत पूरा गरिछाड्ने प्रतिबद्धता व्यक्त गरेका छन् । विप्लवले अध्यक्षता गरेको कार्यक्रममा जनमुक्ति सेनाको एउटा टुकडीले सहिदहरूप्रति सलामी र परेड प्रदर्शन गरेको बताइएको छ।

त्यस्तै फरक राजनीतिक आस्थाकै आधारमा आफूलाई 'गणतान्त्रिक' र 'कम्युनिस्ट' भनाउने सरकारद्वारा जेल हालिएका नेकपाका सचिवालय सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन', केन्द्रीय सदस्य आदर्श, माइलालगायतले जेलमै अबिरावरण, मिठाइ वितरण र चियापान कार्यक्रम गर्दै जनयुद्ध दिवस मनाएका छन् । यस्तै उक्त पार्टीका अन्तर ष्ट्रिय ब्युरोहरूले पश्चिमएसिया, कतार, युरोपका पोर्चुगललगायत देशहरूमा पनि जनयुद्ध दिवस मनाएको खबर छ । प्रस्तुत छ, संवाददाताहरूको सहयोगमा तयार पारिएको २५ औँ जनयुद्ध दिवस विशेष सङ्क्षिप्त रिपोर्ट ।

### देशविदेशमा यसरी मनाइयो जनयुद्ध दिवस

#### रोल्पा

वीरता र बलिदानको इतिहास बोकेको क्रान्तिको अभेद्य किल्ला रोल्पामा २५ औँ जनयुद्ध दिवस सानदार र भव्यतापूर्वक मनाइएको छ। नेपाली कम्युनिस्ट आन्दोलनको क्रान्तिकारी विरासत बोकेको रोल्पाको थबाङमा ५ दिनसम्म विभिन्न कार्यक्रम आयोजना गरी उत्सवका रूपमा जनयुद्ध दिवस मनाइएको हो । फागुन १ गते आयोजित जनयुद्ध दिवस उद्घाटन कार्यक्रममा अजम्मरी सांस्कृतिक परिवारले जनवादी सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको थियो । नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सल्लाहकार पूर्णबहादुर रोका 'गोरे' को अध्यक्षता तथा तत्कालीन नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य प्रवेश रोकामगर 'छिरिङ' को प्रमुख आतिथ्यमा कार्यक्रम भएको नेकपा थबाङले जनाएको छ। जनयुद्धको उद्गम स्थल भनेर चिनिने थबाङमा प्रत्येक वर्ष जनयुद्ध दिवसका अवसरमा साताव्यापी विविध कार्यक्रम गर्ने गरिएको छ । थबाङमा यो दिवसलाई विशेष महत्वका साथ लिने गरिएको छ। सिङ्गो थबाङभरि र कार्यक्रम हुने स्थल खुल्लामञ्च टुँडिखेलमा राता झन्डा र ब्यानर सजाई खेलकुदलगायत विभिन्न अतिरिक्त क्रियाकलाप गरी साताव्यापी कार्यक्रम गरिएको छ । यस वर्ष पनि कार्यक्रमस्थल खुलामञ्च टुँडिखेल ठूलाठूला झन्डाले रातम्मे पारेर यो दिवस मनाइएको छ । जनयुद्ध दिवसको दिन उद्घाटन कार्यक्रममा पुरुष फुटबल, महिला फुटबल, कबड्डी, ब्याडमिन्टन, भैँटा फोरलगायत विभिन्न कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ।

### युरोपबासी नेपालीले पोर्चुगलमा मनाए जनयुद्ध दिवस

२५ औँ जनयुद्ध दिवसका अवसरमा नेपाली जनप्रगतिशील मोर्चा, पोर्चुगलको वार्षिक साधारणसभा लिस्बन सहरमा सम्पन्न भएको छ । नेपाली जनप्रगतिशील मोर्चा युरोपका अध्यक्ष विष्णु भुजेलको प्रमुख आतिथ्यमा सम्पन्न साधारणसभाको अध्यक्षता पोर्चुगल मोर्चाका अध्यक्ष पूर्ण विकले गरेका थिए । भुजेलले दीप प्रज्ज्वलन गर्दै उद्घाटन गरेको कार्यक्रममा वीर सहिदहरूको सम्मानमा एक मिनेट मौनधारण गरिएको थियो । जनयुद्धका सहिद तथा घाइते परिवारका सदस्यहरूलाई प्रमुख अतिथिले अबिर र खादाले सम्मान गरेका थिए ।

कार्यक्रममा प्रवासी नेपाली मञ्चका डोलराज भण्डारीले आफूले आस्था राख्ने पार्टीकै सरकार भए पनि सरकारले फरक राजनीतिक आस्था र विचारलाई प्रतिबन्ध लगाउनु उचित नभएको बताए । नेपाली जनप्रगतिशील मोर्चा जर्मनीका अध्यक्ष शेरबहादुर तुम्बापो, स्पेन मोर्चाका गोपाल रेग्मी, जनजाति सरोकार मञ्च बेल्जियमका अध्यक्ष वदन योङहाङलगायत पोर्चुगलस्थित विभिन्न राजनीतिक, सामाजिक र जातीय सङ्गठन तथा संस्थाहरूले मोर्चा पोर्चुगलको साधारणसभाको सफलताको शुभकामना व्यक्त गरेका थिए । पोर्चुगल मोर्चाका उपाध्यक्ष टङ्क खड्काले स्वागत गरेका थिए मोर्चाका महासचिव प्रदीप अधिकारीले सञ्चालन गरेका थिए ।

### जनयुद्ध दिवसको अवसर पारेर पार्टी प्रवेश

जनयुद्ध दिवसको अवसर पारेर माओवादी कम्युनिस्ट केन्द्रका केन्द्रीय सदस्य मुक्तक लामासहितका नेता-कार्यकर्ताहरू नेपाल कम्युनिस्ट पार्टीमा प्रवेश गरेका छन् । लामासँगै उक्त पार्टीका धादिङ अध्यक्ष प्रभाकर लामा, माओवादी केन्द्रकै युवा सङ्गठनका काभ्रे संयोजक सोलमन लामा, रामेछाप संयोजक विगुल तामाङलगायत नेता-कार्यकर्ताहरू फागुन १ गते विद्रोही नेपाल कम्युनिस्ट पार्टीमा प्रवेश गरेका हुन् । नवप्रवेशीहरू प्रचण्डहरूले जनयुद्धलाई संसद्वादको भुमरीमा फसाएको, जनयुद्धका सपनाहरूमा कुठाराघात गरेको र क्रान्तिकारी आन्दोलनको नेतृत्व गर्ने पार्टी विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी नै सच्चा कम्युनिस्ट पार्टी भएको निष्कर्ष निकाल्दै नेकपामा प्रवेश गरेका हुन् । जनयुद्ध दिवसको अवसर पारेर फागुन १ गते काठमाडौँमा आयोजित कार्यक्रममा उनीहरू विज्ञप्ति निकालेर नेकपामा प्रवेश गरेका हुन् । नवप्रवेशीहरूलाई नेपाल कम्युनिस्ट पार्टी निकट जनगणतान्त्रिक सम्पर्क मञ्चका केन्द्रीय सदस्य खेम प्रधानले स्वागत गरेका थिए ।

### नेकपा लुम्बिनी ब्युरो

काठमाडौँ : जनताको व्यापक सहभागितामा लुम्बिनीमा जनयुद्ध दिवस मनाइएको छ । कार्यक्रमलाई नेकपाका केन्द्रीय सदस्य एवम् ब्युरो इन्चार्ज भीमले सम्बोधन गरेका थिए । भीमले जनयुद्ध घोषणा गरिएको २५ वर्ष भए पनि घोषणापत्रमा जारी गरिएको प्रतिबद्धता पूरा नभएको बताए । नेता भीमले ऐतिहासिक जनयुद्ध र वर्गसङ्घर्षका क्रममा सहादत प्राप्त गर्ने महान् सहिद-बेपत्ता योद्धाका सपनाहरू पूरा गर्न जनयुद्धको विकसित रूप एकीकृत जनक्रान्ति जारी रहेको बताए । एकीकृत जनक्रान्तिका क्रममा कुमार पौडेल, नीरकुमार राई, महान, सनराइजलगायत एक दर्जन योद्धाहरूको रगत बगिसकेको र सयौँ कमरेड जेल र हिरासतमा रहेको उनले बताए । लुम्बिनी ब्युरोस्तरीय स्कुलिङको समापनसमेत गरिएको कार्यक्रम लुम्बिनी ब्युरोअन्तर्गत रहेको पाँच नम्बर जिल्लाका सेक्रेटरी रिजमानको अध्यक्षता र नौ नम्बर जिल्लाका सेक्रेटरी हिमालको सञ्चालनमा सम्पन्न भएको थियो । कार्यक्रममा सुमन नेपाली, चिन्तन, विकल्प, नेपाललगायतले बोलेका थिए । कार्यक्रममा स्थानीय जनता, सहिद परिवार, नेता तथा कार्यकर्ताबीच एकअर्कामा अबिर लगाएर शुभकामना आदानप्रदानसमेत गरिएको थियो ।

#### कैलाली

कैलाली जिल्लाका विभिन्न स्थानमा २५ औँ जनयुद्ध दिवस भव्यताका साथ मनाइएको छ । दिवसका अवसरमा कैलालीका बर्दगोरिया, गौरीगङ्गा र धनगढी नगरपालिकामा विभिन्न कार्यक्रम गरिएको छ । कार्यक्रममा टीका लगाएर शुभकामना आदानप्रदान गर्दै मिठाइ वितरण गरिएको धनगढी नगर इन्चार्ज अनमोलले बताए । बर्दगोरिया गाउँ समिति र घोडाघोडी नगर समितिले सरकारले अमेरिकी मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) संसद्मा लगी पारित गरेर कार्यान्वयनमा ल्याउन लागेको विरोधमा प्रदर्शन गरेको थियो । विरोध प्रदर्शन कार्यक्रमअन्तर्गत बर्दगोरियामा समेत विरोध कार्यक्रम गरिएको उक्त पार्टीले जनाएको छ।

#### दाङ

दाङ नेपाल कम्युनिस्ट पार्टी दाङले जिल्लाका ५ ठाउँमा विभिन्न कार्यक्रम गरी २५ औँ जनयुद्ध दिवस मनाएको छ । राप्ती गाउँपालिका, लमही नगरपालिका, घोराही क्षेत्र र तुलसीपुरका २ ठाउँ गरी ५ ठाउँमा सयौँ जनताको उपस्थितिमा जनयुद्ध दिवस मनाइएको हो ।

नेकपाले राप्ती गाउँपालिकाको आयोजनामा प्रमुख अतिथि जिल्ला सेक्रेटरी भगवाणराज र अखिल (क्रान्तिकारी) का महासचिव प्रकाश शाहीको उपस्थिति तथा निरन्तरको सहजीकरणमा अबिर तथा फलफूलसमेत वितरण गरेर २५ औँ जनयुद्ध दिवस मनाएको छ ।

यस्तै राप्तीका रोल्पा, सल्यान, रुकुमलगायत विभिन्न ठाउँमा जनयुद्ध दिवस मनाइएको बताइएको छ। २५ औँ जनयुद्ध दिवसका अवसरमा अखिल (क्रान्तिकारी) दाङले स्मृति आवासीय माविमा शुभकामना आदानप्रदान गरेको छ । अखिल (क्रान्तिकारी) दाङ जिल्ला अध्यक्ष अनिल केसीको अध्यक्षता तथा सहिद परिवार समाजका केन्द्रीय सदस्य एवम् सहिद स्मृति आवासीय मावि विद्यालय व्यवस्थापन समितिका सदस्य रैबहादुर बस्नेतको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो ।

#### कालीकोट

नेपाल कम्युनिस्ट पार्टी कालीकोटले २५ औँ जनयुद्ध दिवस विभिन्न रचनात्मक कार्यक्रमसहित भव्य रूपमा सम्पन्न गरेको छ । कालीकोट जिल्लाका लालु, माल्कोट, रूपसा, मेहेलमुडी, मुम्रा सिप्खाना, बदालकोट, खिन, भर्ता, चिलखाया, छाप्रेलगायत विभिन्न स्थानमा विविध कार्यक्रम गरी जनयुद्ध दिवस मनाइएको नेकपा कालीकोटले जनाएको छ । विभिन्न ठाउँमा सम्पन्न जनसभालाई सम्बोधन गर्दै नेताहरूले जनयुद्ध लड्दालड्दै बीचैमा प्रचण्डले धोका दिएको तर आफ्नो पार्टीले एकीकृत जनक्रान्तिमार्फत जनयुद्धका अधुरा सपना पूरा गरिछाड्ने बताए ।

यस्तै युवा सङ्गठन नेपाल कालीकोटले पनि सान्नीत्रिवेणी गापामा २५ औँ जनयुद्ध दिवस भव्य रूपमा मनाएको छ । जनयुद्ध दिवसमा सङ्गठनका अध्यक्ष आत्मा क्षेत्रीले कार्यक्रममा उपस्थित सहिद परिवार, घाइते योद्धा, बेपत्ता परिवार तथा उपस्थित सम्पूर्ण जनसमुदायलाई शुभकामना दिए । उक्त शुभकामना आदानप्रदान कार्यक्रममा कालीकोटका सहिद परिवार, बेपत्ता परिवार, घाइते योद्धा, युवा, बुद्धिजीवी, शिक्षक, महिलालगायत जनसमुदायको बाक्लो उपस्थिति थियो ।

#### सिन्धुपाल्चोक

सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका ९ चङ्खु गुफाडाँडामा जनयुद्ध दिवस मनाइएको छ । यो गाउँ सिन्धुपाल्चोकका प्रथम सहिद गोविन्द घलेको गाउँ हो । जनयुद्ध दिवसका अवसरमा नेकपा सिन्धुपाल्चोक जिल्ला इन्चार्ज सङ्कल्पले एमसीसी कार्यक्रममार्फत अमेरिकी सेना नेपालमा क्याम्प खडा गरेमा नेपालको स्वाधीनता र राष्ट्रिय अखण्डतामा गम्भीर खतरा निम्तिने भएकाले उक्त परियोजनालाई कुनै पनि हालतमा नेपालमा भित्रिन नदिने र जबर्जस्ती कार्यक्रम लागू गरिएमा त्यसका विरुद्ध युद्ध छेड्न बाध्य हुने बताएका थिए ।

#### रूपन्देही

रूपन्देहीको सैनामैनामा नेकपाले जनयुद्धको २५ औँ वर्षगाँठ विविध कार्यक्रम गरेर मनाएको छ। सहिद परिवारसहित बृहत् अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका जिल्ला इन्चार्ज सङ्घम पुनले हालसम्मका परिवर्तनहरू जनयुद्धकै उपज भएको र अबको क्रान्ति हिजोको जस्तो नहुने भन्दै पार्टीप्रति विश्वस्त रहन आमजनतालाई अपिल पनि गरे । नेकपाले रूपन्देहीकै देवदहमा पनि जनयुद्ध दिवस मनाएको छ । कार्यक्रममा नेकपाका सेक्रेटरी विजयले जनयुद्धमा गरेको बलिदान र योगदान सत्तामा पुग्नेहरूले बिर्सेका कारण आफूहरूले अर्को क्रान्तिको बाटो समात्नुपरेको बताए ।

कार्यक्रममा जितबहादुर, शिशिर, प्रेमलगायत जिल्ला नेताहरूले पनि धारणा राखेका थिए । दुवै कार्यक्रममा सहिद, बेपत्ता तथा घाइते परिवारजन, वाम बुद्धिजीवी, मजदुर र महिलाहरूबीच अन्तरक्रिया भएको थियो ।

#### पाल्पा

नेपाल कम्युनिस्ट पार्टी पाल्पाले २५ औँ जनयुद्ध दिवस भव्य रूपमा मनाएको छ । नेकपा जिल्ला इन्चार्ज प्रवीणको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा व्यापक जनताको सहभागिता रहेको नेकपा पाल्पाले जनाएको छ । कार्यक्रममा अबिर आदानप्रदान गर्नुका साथै चकलेटलगायत मिठाइ पनि वितरण गरिएको समाचारमा जनाइएको छ ।

कार्यक्रममा नेकपा पाल्पा जिल्ला इन्चार्ज प्रवीणले महान् जनयुद्धका मूल्यमान्यताबाट स्खलित प्रतिक्रान्तिकारी, आत्मसमर्पणवादी र सुधारवादीहरूले जनयुद्धका सम्पूर्ण उपलब्धिहरूलाई पद र पैसामा सौदाबाजी गर्दै लिलामी गरेको भन्दै अब सशक्त प्रतिरोध र आन्दोलन गर्न आह्वान गरे । इन्चार्ज प्रवीणले एकीकृत जनक्रान्तिको महासङ्ग्रामबाट गद्दारहरूको फैसला गरिने पनि बताए ।

कार्यक्रम विद्यार्थी नेत्री शारदा भण्डारीले सञ्चालन गरेकी थिइन् । कार्यक्रममा अन्य जवस र मोर्चाका नेताहरूले पनि बोलेका थिए ।

### चितवन र बुटवलमा विद्यार्थीले मनाए जनयुद्ध दिवस

चितवन मेडिकल कलेजका विद्यार्थीहरूले २५ औँ दिवस भव्यतापूर्वक मनाएका छन् । विद्यार्थीले जनयुद्धमा होमिएका घाइते, अपाङ्ग, बेपत्ता र उच्च बलिदान गरेका महान् सपूतहरूलाई सम्झिँदै परिआएको खण्डमा मेडिकल सङ्घर्षका क्रममा फेरि अर्को आँधीबेहरी सिर्जना गर्ने सङ्घर्षमा होमिने बाचा गर्दै स्वतस्फूर्त ढङ्गले मैनबत्ती प्रज्वलन गरेका छन् ।

विद्यार्थीहरूले मेडिकल क्षेत्रमा मौलाएको विकृति, भ्रष्टाचार र लूटका विरुद्ध नेतृत्वदायी सङ्घर्ष सञ्चालन गरिरहेका छन् । चितवन मेडिकल कलेजमा अध्ययनरत सहिद सन्तति सङ्घर्ष समिति र अन्य विद्यार्थीले भने भरतपुरको चौबीसकोठीमा भेला भएर २५ औँ जनयुद्ध दिवस मनाएका हुन् । उनीहरूले अर्को क्रान्तिको आवश्यकता महसुस गर्दै मैनबत्ती प्रज्वलन गरेका हुन् ।

रूपन्देहीको बुटवलमा रहेका शैक्षिक संस्थाहरूमा अखिल (क्रान्तिकारी) ले शुभकामना आदानप्रदान, अन्तरसंवाद, प्रशिक्षण कार्यक्रम गरेर जनयुद्ध दिवस मनाइएको छ । नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) ले बुटवल बहुमुखी क्याम्पस, लुम्बिनीलगायत क्याम्पसमा जनयुद्ध दिवस मनाएको हो । विद्यार्थीहरूले अबिर लगाएर एकआपसमा शुभकामना आदानप्रदान गरेका थिए । त्यस अवसरमा विद्यार्थीहरूले मिठाइ पनि बाँडेका थिए । कार्यक्रममा अखिल (क्रान्तिकारी) का केन्द्रीय सचिवालय सदस्य तथा लुम्बिनी ब्युरो संयोजक वीरेन्द्र विकले शुभकामना मन्तव्य राखेका थिए ।

त्यसैगरी अखिल (क्रान्तिकारी) कैलालीले पनि २५ औँ महान् जनयुद्ध दिवसका अवसरमा जिल्लाका धनगढी उपमहानगरपालिका, टीकापुर नगरपालिका, लम्की, घोडाघोडी, अत्तरियालगायत विभिन्न ठाउँमा ब्यानर प्रदर्शनसहित शुभकामना आदानप्रदान गरेको छ ।

सुदूरपश्चिमकै अग्रणी शैक्षिक संस्था कैलाली बहुमुखी क्याम्पसमा अखिल (क्रान्तिकारी) कैलालीले विद्यार्थीलाई अबिर लगाएर मिठाइ तथा चकलेट वितरण गर्दै शुभकामना कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा सङ्गठनका केन्द्रीय सदस्य तथा कैलाली जिल्ला इन्चार्ज बबरजङ सिंह, जिल्ला अध्यक्ष सुवास मजोशीलगायतले शुभकामना मन्तव्य राखेका थिए । सरकारले विद्यार्थी नेता-कार्यकर्तामाथि थुपरेको झुठ्ठा मुद्दा खारेज गरी दमन, धरपकड र विद्यार्थीमाथिको प्रतिबन्ध तत्काल हटाएर सहज वातावरण बनाउन विद्यार्थी नेताहरूले आग्रह गरेका थिए ।

#### नारायणी ब्युरो

नेकपा चितवनको आयोजनामा बिहीबार राप्तीको वीरेन्द्रनगरमा सयौँको उपस्थितिमा भव्य रूपमा २५ औँ जनयुद्ध दिवस सम्पन्न भएको छ । वीरेन्द्रनगरको बीच सडक (पूर्व-पश्चिम राजमार्ग) जाम गरी जनयुद्ध दिवस मनाइएको खबर प्राप्त भएको छ। कार्यक्रममा अखिल (क्रान्तिकारी) का जिल्ला अध्यक्ष रेम्बोर्जेले सम्बोधन गरेका थिए ।

यसैगरी मकवानपुर जिल्लाको राक्सीराङमा सयौँ जनसमुदायको उपस्थितिमा जनयुद्ध दिवस मनाइएको खबर प्राप्त भएको छ । त्यसैगरी चितवनको कालिका सिद्धिमा पनि जनयुद्ध दिवस मनाइएको खबर प्राप्त भएको छ । मकवानपुरको बकैया गाउँपालिका टुडेडाँडामा करिब ३ सयजनाको उपस्थितिमा जनयुद्ध दिवस मनाइएको छ। सञ्चालन जिल्ला सदस्य रामले गरेका थिए । जिल्ला इन्चार्ज वाटर र सेक्रेटरी पासाङले शुभकामना दिएका थिए ।

त्यसैगरी बाराको रामराजा बहुमुखी क्याम्पसमा सयौँको उपस्थितिमा जनयुद्ध दिवस मनाइएको छ। त्यसैगरी रौतहट जिल्लाको विजयबस्तीमा पनि जनयुद्ध दिवस मनाइएको खबर प्राप्त भएको छ ।

#### सर्लाही

सर्लाहीको पीपलदमारमा २५ औँ जनयुद्ध दिवस भव्य रूपमा सम्पन्न भएको छ । कार्यक्रममा ब्युरो सदस्य सचिन गोपालले सम्बोधन गरेका थिए भने सञ्चालन विकल्पले गरेका थिए ।वक्ताहरूले महान् जनयुद्धका मूल्यमान्यताबाट स्खलित प्रतिक्रान्तिकारी, आत्मसमर्पणवादी र सुधारवादीहरूले जनयुद्धका सम्पूर्ण उपलब्धिहरूलाई पद र पैसामा सौदाबाजी गर्दै लिलाममा बिक्री गरेको बताए । उनीहरूलाई एकीकृत जनक्रान्तिबाट खबरदारी गरिने पनि वक्ताहरूले बताए । महान् जनयुद्धमा बगेको रगत, पसिना, आँसु र अधुरो सपनालाई पूरा गरिछाड्ने दृढ प्रतिबद्धता सचिन गोपालले व्यक्त गरे ।

#### कतार

नेपाली जनप्रगतिशील मोर्चा कतारले २५ औँ जनयुद्ध दिवसका अवसरमा शुभकामना सन्देश सम्प्रेषण गरेको छ ।मोर्चाका अध्यक्ष जयकिशोर पोद्दार (जेपी) ले सम्प्रेषण गरेका सन्देशमा भनिएको छ, 'तमाम ज्ञातअज्ञात महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै प्रतिक्रियावादी राज्यसत्ताबाट बेपत्ता बनाइएका तथा घाइते-अपाङ्ग हुनुभएका आदरणीय कमरेडहरूलाई सम्झिँदै, विभिन्न भूगोल तथा हरेक तहतप्कामा रहेर काम गर्दै क्रान्तिलाई टेवा पुऱ्याउन लागिरहेका सम्पूर्ण क्रान्तिकारीहरूमा महान् जनयुद्ध को २५ औँ वर्षगाठको हार्दिक शुभकामना व्यक्त गर्दछु ।'

### जनयुद्ध दिवसमा विद्यालयलाई खेल सामग्री विरतण

नेकपा डोटीले स्कुललाई खेल सामग्री वितरण गरी २५ औँ जनयुद्ध दिवस मनाएको छ । जिल्ला इन्चार्ज तर्कराजको अध्यक्षतामा सम्पन्न कार्यक्रमको प्रमुख अतिथि सेती-महाकाली ब्युरो कार्यालय सचिव विपिन रहेका थिए । जिल्ला सचिव कालु पाण्डेले सञ्चालन गरेको कार्यक्रममा स्थानीय जनता र अभिभावकको व्यापक उपस्थिति रहेको थियो ।

जनयुद्ध दिवसको अवसर पारेर गरिएको उक्त कार्यक्रममा ब्युरो कार्यालय सचिव विपिनले देश र जनताको मुक्ति नहुन्जेलसम्म क्रान्ति जारी रहने बताए । । कार्यक्रममा विद्यालयका प्रिन्सिपलले नेपालमा भएको जनयुद्धले जनताको चेतनाको विकास भएको तर लक्ष्य पूरा नहुँदै जनयुद्ध समाप्त गरेर नेतृत्वले धोका दिएको बताए । रातो टीका लगाई हर्षउल्लासका साथ सुरु गरिएको कार्यक्रममा ब्युरो कार्यालय सचिवले खेल सामग्री हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा २५ औँ जनयुद्ध दिवसमा शुभकामना आदानप्रदान गर्दै महान् सहिदहरूप्रति श्रद्धाञ्जली र सम्मान व्यक्त गरिएको थियो । कार्यक्रमको समापनमा जिल्ला इन्चार्ज तर्कराजले अहिलेको राज्यव्यवस्थाले देशलाई युद्धतिर धकेल्न खोजेको बताएका थिए ।

#### रामेछाप

नेकपा रामेछापले जनसमुदायबीच २५ औँ जनयुद्ध दिवस मनाएको छ । पार्टीस्रोतले दिएको जानकारीअनुसार जिल्लाको खाँडादेवी गाउँपालिका ७ स्थित थानसिंमा जनयुद्ध दिवस मनाइएको हो ।

प्राप्त जानकारीअनुसार कार्यक्रमका प्रमुख अतिथि रहेका पार्टीका जिल्ला इन्चार्ज एवम् ब्युरो सदस्य चैतन्यले सर्वहारा वर्गको मुक्तिका लागि लडिएको महान् जनयुद्धको मूल नेतृत्वलाई पुँजीवादले किनेपछि देश र जनतालाई धोका भएको र जनताको मुक्तिका लागि दलालहरूसँग विद्रोह गरी नेकपाले एकीकृत जनक्रान्ति सञ्चालन गरेको बताए । एकीकृत जनक्रान्तिले दलाल पुँजीवादी सत्तालाई विस्थापित गरी वैज्ञानिक समाजवाद स्थापना गर्ने भएकाले यो क्रान्तिमा लामबद्ध हुन उनले सबैलाई आह्वान गरेका थिए ।

कार्यक्रममा जनपरिषद् रामेछापका प्रमुख सुमनले दलाल पुँजीवादी व्यवस्थाले जनतालाई भुक्याइरहेको र देशको अस्मिता लुटिरहेको बताए । उनले यो सत्ताले देश, श्रमिक जनता कसैको पनि भलो नगर्ने भएकाले एकीकृत जनक्रान्तिमार्फत देशमा वैज्ञानिक समाजवाद स्थापना गरिने उद्घोष पनि गरे ।

गाउँपालिकाका पार्टी इन्चार्जसमेत रहेका जिल्ला सदस्य पुष्पको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन जिल्ला सेक्रेटरी लालध्वजले गरेका थिए ।

#### कपिलवस्तु

कपिलवस्तु जिल्लाको पूर्वी कमान्डमा २५ औँ जनयुद्ध दिवस भव्यताका साथ मनाइएको छ । विक्रान्तको अध्यक्षतामा जनयुद्ध दिवस भव्य रूपमा मनाइएको हो । उक्त कार्यक्रममा सुनिलको प्रमुख आतिथ्य रहेको थियो ।

कपिलवस्तुको पूर्वी कमान्डबाट प्राप्त जानकारीअनुसार जनयुद्धको वार्षिकोत्सवका अवसरमा रातो टीका र अबिर लगाएर शुभकामना आदानप्रदान गर्नुका साथै सहभागीहरूलाई मिठाइ वितरण गरिएको थियो । नेकपा (माओवादी) ले २०५२ सालमा जनयुद्ध सुरु गरेको दिनलाई जनयुद्ध दिवसका रूपमा मनाउने गरिएको छ ।

#### मध्यपूर्व

नेपाल कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रिय ब्युरो मध्यपूर्व जिल्लाअन्तर्गत नेपाली जनप्रगतिशील मोर्चा साउदीले संसदीय व्यवस्थाको विकल्प वैज्ञानिक समाजवाद ल्याउन प्रवासका मजदुर एक हौँ भन्ने मूल नाराका साथ २५ औँ महान् जनयुद्ध दिवस मनाएको छ । नेपाली जनप्रगतिशील मोर्चा साउदीले रियादमा विशेष कार्यक्रम आयोजना गरी जनयुद्ध दिवस मनाएको हो ।

कार्यक्रमका प्रमुख अतिथि तीर्थ पाखिन र सभा अध्यक्ष युवराज कार्की थिए । कार्यक्रमका प्रमुख अतिथि पाखिनले १० वर्षसम्म सञ्चालित जनयुद्ध क्रान्तिकारीका लागि स्मरणीय दिन भएको बताए । प्रतिक्रान्ति रोक्नका निम्ति फेरि क्रान्ति अपरिहार्य भएको बताए ।

मोर्चाका अध्यक्ष युवराज कार्कीले जनयुद्धका महान् दिनलाई सम्झिँदै क्रान्ति र विजय अवश्यम्भावी रहेको ठोकुवा गरे । उक्त कार्यक्रममा मोर्चाका उपाध्यक्ष कसमले स्वागत मन्तव्य राखेका थिए । मोर्चाका सांस्कृतिक विभाग इन्चार्ज इन्द्र विकले एकीकृत जनक्रान्तिमा जनयुद्धका अनुभवबाटसमेत पाठ सिक्दै अघि बढ्नुपर्ने बताए । कार्यक्रमको सञ्चालन मोर्चाका महासचिव टीकाराम ओलीले गरेका थिए ।

विशेष भेलाले मोर्चाका सदस्यहरूको जिम्मेवार ीसमेत हेरफेर गरेको छ । मोर्चाले कोषाध्यक्षको जिम्मेवारी इन्द्र विकलाई दिएको छ । त्यस्तै परशुराम घर्तीमगरलाई केन्द्रीय सदस्यको जिम्मा दिइएको समाचारमा जनाइएको छ ।

#### धनुषा

नेपाल कम्युनिस्ट पार्टीको भ्रातृ सङ्गठन मधेसी राष्ट्रिय मुक्ति मोर्चा नेपाल (क्रान्तिकारी) ले धनुषा जिल्ला मिथिला नगरपालिका वडा नं ७ मा २५ औँ जनयुद्ध दिवस भव्य रूपले मनाएको छ ।

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा मधेसी मुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष देवनारायणले राजतन्त्रको अन्त्य र दलाल संसदीय व्यवस्थाको अन्त्य हुने बेलामा साम्राज्यवादीका सामु मूल नेतृत्वले आत्मसमर्पण र विसर्जनवादी नीति लिएका कारण जनताको मुक्तिका लागि नेकपाले नयाँ क्रान्तिको उद्घोष गरेको बताए । कार्यक्रमको सञ्चालन सन्तोष मण्डलले गरेका थिए ।

# महान् जनयुद्ध र झापा विद्रोहको सङ्गम सहिद सप्ताह


आधार

महान् जनयुद्ध र झापा विद्रोह सर्वहारा वर्गको मुक्तिका लागि इतिहासको पानामा दर्ता भैसकेका सचेतन पहलकदमी हुन् । झापा विद्रोहले महान् जनयुद्ध जन्मायो वा महान् जनयुद्धले झापा विद्रोहको उत्थान गऱ्यो ? यसरी पनि बहस अगाडि आउन सक्छ तर जनयुद्धको महायात्राले महाउत्थानलाई जन्म दियो र महापतनलाई पनि उजागर भने अवश्य गर्न पुग्यो । यसैको परिणामस्वरूप झापामा अलपत्र पारिएको बलिदानलाई महान् जनयुद्धमा जन्मिएको बलिदानले टुटेको कडी जोडेर अघि बढ्न सफल भयो । त्यसैको नाम हो सहिद सप्ताह अर्थात् फागुन चौधदेखि एक्काईस ।

इतिहासले पनि विरलै भेटिने दिनहरूको रचना गर्ने सामर्थ्य राख्छ । यो नै सङ्घर्षमय र बलिदानीपूर्ण इतिहासको सुन्दरता हो । सर्वहारा वर्गका जितहरू फगत कहाँ पो हात लाग्दारहेछन् र ! २०२९ सालमा जेल सार्ने निहुँमा झ्याङ्मा झापाको सुखानी खोलामा फागुन २१ गते बिरेन राजवंशी, कृष्ण कुइँकेल, नेत्र घिमिरे, रामनाथ दाहाल र नारायण श्रेष्ठलाई तत्कालीन जल्लादहरूले गोलीको सिकार बनाई दपेटै गर्दा एउटी घाँसे महिलाले देखेर चिहानमाथि बिरुवा नरोपिदिएको भए गुमनामको सूची मात्र हात लाग्थ्यो होला किनभने नेपाली शासक-प्रशासकहरूलाई उज्यालो यात्रा मन पर्दैनथ्यो, पर्दैन र पर्नेछैन पनि । तर नेपाल आमाका सच्चा सन्तानलाई भने अँध्यारो यात्रा मन पर्दैनथ्यो, पर्दैन र पर्नेछैन पनि । सुखानीकाण्डका राता पाँच ताराले जनक्रान्तिको यात्रा फराकिलो र चम्किलो पारे भने झापा विद्रोहका नायक-खलनायकहरू संशोधनवादी, संसद्वादी आहालमा भासिन पुगे । आज ती नामधारी कम्युनिस्टहरूको एक हूलले सामाजिक दलाल पुँजीवादको फेर समातेर सामाजिक फासिवादको अभ्यास गरिरहेको छ ।

२०५२ साल फागुन एक गतेको पहलकदमी नेपाली कम्युनिस्ट आन्दोलनको दूरगामी महत्वको एक ऐतिहासिक कोसेढुङ्गा थियो । महान् जनयुद्धको थालनी आफैँमा महान् कदम हो । यस कदमले देशी-विदेशी प्रतिक्रियावादीहरूको चैनको स्वर्गमा धावा बोलेकै हो । राजतन्त्रात्मक संसद्वादी राज्यसत्तालाई ध्वंश गरी नयाँ जनवादी राज्यसत्ता स्थापनार्थ महान् जनयुद्धको दिशामा अघि बढौँ ! भन्ने मूल उद्घोषका साथ चौतर्फी आक्रमण सामान्य कदम थिएन । यसैबाट विक्षिप्त भएर जनयुद्ध दबाउने नाममा तत्कालीन काङ्ग्रेसी किर्ताको दमनचक्रको निशानीमा पर्न पुगे गोर्खाका १४ वर्षीय दिलबहादुर रम्तेल । समाज विज्ञानको इतिहासमा संयोग पनि कस्तो जन्मँदोरहेछ, उत्पीडित समुदायकै तर्फबाट फेरि पनि बलिदान हुनुपर्ने ?! स्मरण रहोस्, झापा विद्रोहमा पनि उत्पीडित वर्ग, राष्ट्रकै तर्फबाट बलिदान हुन पुगेको थियो । पीडक वर्गसत्ताको निशानी फेरि पनि उत्पीडित वर्ग, राष्ट्र र समुदाय । वास्तविक अर्थमा मार्क्सवाद कति यथार्थमा आधारित समाज विज्ञान रहेछ भन्ने कुराको यो एउटा उदाहरण हो । आखिर राज्यसत्ता भनेको बन्दुकको नालमै टिकेको हुँदोरहेछ । महान् माओको संश्लेषण पनि फगत कहाँ रहेछ र ! दिलबहादुर रम्तेलको रगत पिएर जङ्गली राज फागुन १५ गते रुकुम मेलगैरीका ६ जना खत्री बन्धुको हत्या गर्न पुग्यो । नरभक्षी राज्यसत्ता बातले मान्दैनथ्यो । दमनको जबाफस्वरूप प्रतिरोधका शृङ्खला भन्भन् आकासिँदै गए । दमनपछिको प्रतिरोधको झ्यापडले स्थानिएको राज्यसत्ताले सकेन बचाउन राजतन्त्रलाई समेत । अन्ततः २०५८ सालमा राजा वीरेन्द्रको वंश नै विनाश भयो । यस काण्डको सत्य निरूपणसहितको नालीबेली उचित समयमा सार्वजनिक होला नै । राजतन्त्रको दुर्दान्त अवशानपछि ज्ञानेन्द्र शाहीले स्वघोषित राजा हुनलाई श्रीपेच पहिरिए । नेपाली जनताको मनले भने उनलाई राजा मान्न सकेन किनभने त्यो त इतिहासको एक प्रकारको मजाक मात्र थियो । बरु लोकतान्त्रिक गणतन्त्रको पुँजीवादी नारामा लपेटियो नेपाल । संविधानसभाको पहिलो बैठकले राजतन्त्रलाई विधिवत् बिदा गऱ्यो । नेपाली जनताले प्रत्यक्ष मतद्वारा राष्ट्रपति चुन्न नपाए पनि दलहरूको करामतमा राष्ट्रपति चुनिने परम्पराको थालनी भयो । परन्तु राष्ट्रपतिका नाममा धेरै छोटे राजाहरूको पो जन्म हुन पुग्यो । यस्तो किन भयो त ? सर्वसाधारण नेपाली जनलाई शकुनी खेल थाहा भएन । राजतन्त्रको अवशानपछि जनतन्त्र उदाउनु पर्थ्यो । विडम्बना ! दलालतन्त्र र सामाजिक दलालतन्त्र पो देखापऱ्यो जसको नाम सङ्घीय लोकतान्त्रिक गणतन्त्र (संसदीय लुटतान्त्रिक बन्दुकतन्त्र) राखियो । प्रचण्डको 'फ्युजन' को सिद्धान्तकै परिणति हो यो । मार्क्सवादको आत्मा वर्गसङ्घर्ष, क्रान्ति मारेर संसद्वादी सुधारवादमा सामन्तवादी पुँजीवाद, नोकरशाही पुँजीवाद, साम्राज्यवाद र उत्तरसाम्राज्यवादको 'फ्युजन' गर्दा सामाजिक फासिवाद पुँजीवादको घोल बन्न पुग्दोरहेछ । यस्तो घोल पिएर बर्बराउने रोग लागेकाहरूको लाक्षणिकता यस्तो हुँदोरहेछ । सनकमा गाली ज्ञानेन्द्र शाहीलाई गर्ने ताली भने आईएनजीओको खाने । कहिले गाली दलालको नाइके काङ्ग्रेसलाई गर्ने 'बाली' भने मोदीजीको बन्ने । कहिले गाली ट्रम्पलाई गर्ने 'लाली' भने हान्जामुनको लगाउने । व्यर्थै गाली केपीलाई गर्ने 'माली' भने एमसीसीको बन्नलाई ताहुरमाहुर गर्ने । सबभन्दा तनाव नेपालमा आफूबाहेकबाट जनक्रान्ति मैहाल्छ कि भन्नेमा हुने, तलुवा भने विश्व-एकाधिकार पुँजीवादको चाट्ने ! कुरा भने समाजवादी क्रान्ति, शान्ति र समृद्धिको गर्ने । मालिकहरूले हकारिँदिंदा कम्युनिस्ट क्रान्तिका विरुद्ध सामाजिक फासिवाद ओकल्ने । बडो उदेकलाग्दो चटके गिरोह देखा पऱ्यो नेपाली राजनीतिमा ।

थकानवादी रुफानमा चटके गिरोहको जादुले खुबै काम गरेको देखिन्छ । अहोरात्र जागै क्रान्तिकारीलाई भने त्यसले खासै असर पार्दैन । बरु हुटिट्याउँको कथाजस्तै लाग्छ बिचरा प्रचण्डको प्रहसन । यदाकदा १८ औँ ब्रुमेरजस्तै लाग्छ । यो कोणबाट हेर्दा सहिद सप्ताहलगायतका बलिदान धरापमा परेको देखिन्छ । धरापमा मात्र होइन, सहिदहरूको सौदाबाजी नै गरिएको छ ।

परन्तु जनयुद्धको विकसित र वैज्ञानिक अभिव्यक्ति एकीकृत जनक्रान्तिले आफ्नो मार्गप्रसस्त गरिरहेकाले सहिद सप्ताहलगायत देश र जनताका लागि भएको बलिदान अब खेर जानेछैन, बरु बलिदानको मूल्य भन्भन् चम्किँदै गएको छ र जानेछ । सहिद सप्ताह सच्चा कम्युनिस्ट संस्कृतिमा विकास हुने कुरामा दुईमत छैन । यो हाम्रो गौरव हो । महान् सहिदहरूको सपनामा जतिसुकै तुँवालो लगाउन खोजे पनि बलिदानीपूर्ण क्रान्तिशिखाले सोहोरेर उज्यालो पस्कन सक्ने सामर्थ्य राख्छ किनभने हरेक सच्चा बलिदान, वैज्ञानिक विचारका उत्कृष्ट तत्व बन्न पुग्छन् । माओका अनुसार बलिदान क्रान्तिको ऊर्जा हो ।

आज एकीकृत जनक्रान्तिको निशानी जनघाती, राष्ट्रघाती, हत्यारा, लुटेरा, तस्कर, भ्रष्टाचारी, फासिवादी कुतत्वहरू नै पर्नुले पुष्टि गर्दछ महान् सहिदको लगानीको यात्रा भन्पछि भन् फराकिलो र सानदार भैराखेको छ । उहाँहरूको सपना भनेकै नेपालमा वैज्ञानिक समाजवाद स्थापना गरी विश्वक्रान्तिको मार्गप्रशस्त गर्नु हो । कम्युनिस्ट घोषणापत्रमा एङ्गेल्सले उल्लेख गरेअनुसार सर्वहारा वर्गको मुक्तिका सर्तहरूको सिद्धान्त नै साम्यवाद हो । ठीक त्यही स्वर्णिम बिहानी चुम्ने सपनाको जीवनज्योति नै महान् सहिद हो र सहिद सप्ताहको गरिमा यसैसँग अन्तरनिहित छ ।

२०५२ फागुन १४ ले २०२९ फागुन २१ को सुखानीका पाँच तारालाई सर्कायो । यसरी भयो बलिदानको सङ्गम । यस बलिदानी यात्राको कडी एकीकृत जनक्रान्तिमा जोडिएको छ । एकीकृत जनक्रान्तिका महान् सहिद क. धनरूप बटाला, क. सनराइज, क. कुमार पौडेल, क. सुप्रिम, क. महान्, क. तीर्थ घिमिरे, का निरन्तर, क. प्रज्ज्वल, क. दीपेन्द्र, क. रामसिंह, क. रामकुमार श्रेष्ठको सचेत र साहसिक बलिदानले वैज्ञानिक समाजवादको सम्भौताहीन जनक्रान्तिको रातो ध्वजालाई अभ उचाइमा पुऱ्याइदिएको छ । बलिदानको यही निरन्तरतामा हामी बाँचेकाहरूले सहिद सप्ताहको सङ्गममा उभिएर यो प्रतिबद्धता व्यक्त गर्दछौँ- जीवन ढलोस् तर मृत्यु कहिल्यै नबाँचोस् । वैज्ञानिक समाजवाद- साम्यवाद प्राप्तिको अभीष्ट बोकेको एकीकृत जनक्रान्तिको विजय सुनिश्चित छ भन्ने कुरा नै सहिद सप्ताहको यक्ष ठम्याइ हो । आँसु, रगत र पसिनाको अनमोल परिणाम कति महान् हुन्छ भन्ने कुरा सुन्दर भविष्यको लालिमाले देखाउनेछ ।

# विघटनको सङ्घारमा विद्यार्थी आन्दोलन र स्ववियु निर्वाचनको औचित्य

*एकातिर स्ववियु बचाउनुपर्ने चुनौती छ । यो विद्यार्थीहरूको हकअधिकारका लागि लड्ने साभा संस्थाका रूपमा रहन्छ भने अर्कोतिर स्ववियुको औचित्य पुष्टि गर्नुपर्ने छ । स्ववियु कुनै राजनीतिक दललाई बलियो बनाउन हो कि, विश्वविद्यालयमा हुने उपकुलपति, रजिस्ट्रार, डिनहरूको भागबन्डामा च्याँखे थापेर हस्तक्षेप बढाउन हो, क्याम्पसमा हुने प्राध्यापक र कर्मचारीको सरुवाबढुवा गर्न र नयाँ भर्तीमा भागबन्डा खोज्न हो, पछिल्ला स्ववियु हेर्दा यस्तो अवस्था देखिन्छ ।*

**वीरेन्द्र शाह**

नेपालको विद्यार्थी आन्दोलनको इतिहास हेर्दा २००४ असार १ गते जयतु संस्कृतम्नामक विद्यार्थी सङ्गठन नेपालको विद्यार्थी आन्दोलनको आधिकारिक प्रारम्भिक बीजरोपण हो जसको अन्य विभिन्न विशिष्ट उद्देश्य भए पनि राणाशासनको विरोधमा सङ्घर्ष गर्नु मुख्य दायित्व रहेको थियो । हुनत नेपालको इतिहासमा १९९० माघ १५ गते त्रिचन्द्रमा अध्ययनरत छात्रनेता गङ्गालाल श्रेष्ठलाई राणाहरूले आफ्नो शासनसत्ताको विरोध गरेका कारण विष्णुमतीको बगरमा लगेर गोली हानी हत्या गरे । त्यहाँबाट विद्यार्थी आन्दोलनको बीज छरिएको मान्न सकिन्छ । क्रमशः आन्दोलनका चरणहरू अगाडि बढ्दै गए । २००७ सालको आन्दोलन र सीमित खुलापनछि विभिन्न छात्र सङ्घ र विद्यार्थी फेडेरेसन खुल्दै गए । २०२२ सालमा अखिल नेपाल सम्मेलनको स्थापना भयो । त्यही जगमा अनेरास्ववियु, २०२७ सालमा नेविसङ्घलगायत अन्य विद्यार्थी सङ्गठनहरू निर्माण हुँदै गए र हाल आएर अखिल (क्रान्तिकारी), अनेरास्ववियु, नेविसङ्घ, अखिल (छैटौँ), समाजवादी विद्यार्थी युनियनलगायत एक दर्जन विद्यार्थी सङ्गठनहरू नेपालमा क्रियाशील र सक्रिय भूमिकामा छन् । अब प्रश्न यति विद्यार्थी सङ्गठनहरू क्रियाशील हुँदाहुँदै नेपालको विद्यार्थी आन्दोलन किन विघटित अवस्थामा पुग्यो त ? के विद्यार्थी आन्दोलनलाई विघटन भएको घोषणा गर्न मिल्छ त ? यी प्रश्नको जबाफका सन्दर्भमा छलफल त हुनेछ । त्योभन्दा अगाडि सङ्क्षिप्तमा विद्यार्थी आन्दोलनको विगतमा फर्कौं र त्यो स्थिर इतिहासको सतहलाई सानो ढुङ्गा हानेर थोरै हलचल पैदा गरौँ र बुझौँ ।

त्रिचन्द्रमा अध्ययनरत गङ्गालाल श्रेष्ठ राणाहरूको विरोध गर्दा १९९० माघ १५ गते राणाहरूको गोली खाएर सहिद भए । २००४ सालमा गठित जयतु संस्कृतम्नामक विद्यार्थी सङ्गठनले राणाशासनको विरोध गऱ्यो । २००७ सालपछि विभिन्न सङ्गठन खुल्दै गए । विद्यार्थी सङ्गठनको बीज अङ्कुरण हुन थाल्यो । २०१७ सालमा महेन्द्रले गरेको कुको विरोध र सङ्घसङ्गठनहरूमाथि लगाइएको प्रतिबन्धका विरुद्ध र स्ववियु खोल्न पाउनुपर्ने माग गर्दै तत्कालीन राजा महेन्द्रलाई विद्यार्थीहरूले कालो झन्डासमेत देखाए । त्यो बेलाको सबैभन्दा क्रान्तिकारी र सशक्त आन्दोलन थियो । यसरी विद्यार्थी सङ्घर्षहरू अगाडि बढ्दै गए र पछि गएर २०२२ सालमा स्पष्ट वैचारिक दृष्टिकोणसहित अखिल नेपाल सम्मेलनका नाममा विद्यार्थी आन्दोलनको स्थापना भयो जसले जनवादी शिक्षाको मुद्दालाई आफ्नो मुख्य लक्ष्य बनायो र वामपन्थी आन्दोलनसँग सम्बन्धित रह्यो । जनवादी शिक्षा नमान्ने हुँदा २०२७ साल वैशाख ०६ गते नेविसङ्घको स्थापना भयो जो दक्षिणपन्थी आन्दोलनसँग सम्बन्धित रह्यो अथवा काङ्ग्रेस पार्टीसँगको आबद्धता रह्यो ।

यसरी विद्यार्थी आन्दोलनको क्रम अगाडि बढ्यो । राजनीतिक दलकै भ्रातृ सङ्गठनका रूपमा विद्यार्थी आन्दोलन अगाडि बढ्न थालेपछि पार्टीमा आउने टुटफुट र विभाजनसँगै विद्यार्थी आन्दोलन पनि विभाजित हुन थाल्यो । आखिर जेसुकै भए पनि नेपालको विद्यार्थी आन्दोलन २०६५ सालसम्म गतिशील र सङ्गठित नै थियो । त्यसपछि बिस्तारै विघटन र क्षयीकरणको दिशातिर अगाडि बढेको छ । आजको मितिमा हेर्दा विघटनको सङ्घारमै रहेको अनुभूति हुन्छ । विगतमा विद्यार्थी आन्दोलन सङ्गठित भएपछि विभिन्न आन्दोलनहरू भए । २०३५-०३६ सालको आन्दोलन र ०४६ सालको जनआन्दोलनमा विद्यार्थीहरूको महत्वपूर्ण भूमिका रह्यो । ०५२ सालमा माओवादीले सुरु गरेको जनयुद्धलाई अखिल (क्रान्तिकारी) ले समर्थन गऱ्यो र जनयुद्धको प्रथम सहिद गोरखाका ११ बर्से विद्यार्थी दिलबहादुर रम्तेल बन्न पुगे । ०६२-०६३ सालको जनआन्दोलनमा समेत विद्यार्थीहरूको महत्वपूर्ण भूमिका अग्रपङ्क्तिमा रह्यो र राजनीतिक परिवर्तनको आन्दोलनमा थुप्रै विद्यार्थी नेताहरूको सहादत पनि हुन गयो । राजनीतिक परिवर्तनको आन्दोलनसँगसँगै राष्ट्रियताको मुद्दामा, जनजीविकाका प्रश्न र शैक्षिक विषयहरूमा विद्यार्थी आन्दोलन सशक्त रूपमा नै अगाडि बढ्यो तर पछिल्लो अवस्थामा विद्यार्थी आन्दोलनमा देखिने बलिदानको संस्कृति, त्याग र समर्पणभाव हराएको छ । विद्यार्थी आन्दोलन प्रभावविहीन र सङ्कटपूर्ण अवस्थामा छ । समय र परिस्थितिअनुसार आन्दोलनको स्थानान्तरण हुनुपर्थ्यो, त्यो पनि हुन सकेको छैन ।

आखिर विद्यार्थी आन्दोलन विघटनतिर बढेको समीक्षा गर्दा संसद्मा रहेको सरकारी नेकपा निकट विद्यार्थी सङ्गठन अनेरास्ववियु र त्यसका नेताहरूको गतिमति र कामकारबाही हेर्दा जनप्रतिनिधिदेखि माथिल्लो स्तरमा मन्त्रीका पीए बन्ने, कर्मचारी बढुवा-सरुवामा घूस खाने, दलाली गर्ने, ठेक्कापट्टा गर्ने, निजी शैक्षिक संस्थामा लगानी गर्ने, शैक्षिक माफिया र शिक्षाका कथित ठेकेदारहरूसँग साँठगाँठ गर्दै सरकारी शिक्षा ध्वस्त पार्ने खेलोमेलोतिर लागेका छन् । सरकारले जस्तोसुकै राष्ट्रघात गरोस्, शैक्षिक माफियाहरूलाई जतिसुकै संरक्षण गरोस्, शिक्षा क्षेत्र जतिसुकै धराशयी बनोस्, सडकमा आउने कुरा त छोडौँ एउटा कागजको खोस्टोमा प्रेसविज्ञप्तिसमेत प्रेषित गर्न सक्दैनन् । अर्को संसद्मा रहेको प्रतिपक्षी दल काङ्ग्रेस निकट विद्यार्थी सङ्गठन नेविसङ्घ काङ्ग्रेस सरकारमा हुँदा उसको पनि हालत त्यस्तै हुन्छ । खासमा संसदीय राजनीतिक दलमध्ये जुन पार्टी सरकारमा हुन्छ, त्यो समर्थित विद्यार्थी सङ्गठनको हालत र अवस्था एउटै हो । अहिले नेविसङ्घमा कति गुट-उपगुट छन् गणना नै गर्न सकिन्न अनि भन्छन् नेपालको विद्यार्थी आन्दोलनको नेतृत्व हामी गर्छौं । त्यो त लज्जास्पद र हास्यास्पद हुँदैन र भन्या ?

त्योसँगै केही अस्तित्वमा रहेका अरू विद्यार्थी सङ्गठनहरू पनि छन् तिनीहरूको प्रभाव र क्रियाशीलता खासै देखिँदैन किनकि नेपालको घिनलाग्दो संसदीय राजनीतिले विद्यार्थी आन्दोलनलाई छोपिसकेको छ । आन्दोलनको अर्थ र औचित्य समाप्त पारिएको छ । विद्यार्थी सङ्गठनको काम नै पार्टीको झन्डा बोक्ने, चुनावमा पार्टीलाई जिताउन मरिमेटी लाग्ने, नेताको गुलामी र सलामीमा मस्त रहने यस्तैयस्तै भएको छ ।

अर्कोतिर विद्रोहमा रहेको पार्टी नेकपानिकट विद्यार्थी सङ्गठन अखिल (क्रान्तिकारी) प्रतिबन्धको प्रतिरोध गर्दै सडकमा त देखिन्छ फेरि राज्यको धरपकड र गिरफ्तारीले खुलेर सङ्घर्षमा आउन सकेको छैन । अहिलेको व्यवस्था, सरकार र सत्तालाई नस्वीकारेको र व्यवस्थाकै परिवर्तनको सङ्घर्षमा रहेको पार्टी सम्बद्ध विद्यार्थी सङ्गठन भएको हुँदा अन्तिममा व्यवस्था परिवर्तनको सङ्घर्षमै मूलतः सहभागिता हुन्छ किनकि यी सबै विकृतिको दोष व्यवस्थासँग जोडिएको हुन्छ ।

सार र सङ्क्षेपमा विद्यार्थी आन्दोलनको विघटनको कुरा गर्दा मूलतः शैक्षिक मुद्दामा विद्यार्थी आन्दोलन केन्द्रित हुन सकेन । विद्यार्थी सङ्गठन र आन्दोलनको पहिलो मर्म शैक्षिक मुद्दाहरूमा जोडिएर शिक्षाको वैज्ञानिक रूपान्तरण गर्नु हो । सबैले पढ्न चाहुन्जेलसम्म सहजै शिक्षा प्राप्त गर्न पाउने अधिकारको सङ्घर्षलाई अगाडि बढाउनु हो । त्योसँगै देशको राष्ट्रियताका विषयमा, राजनीतिक परिवर्तन, समाजको सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरणको सङ्घर्षमा योगदान पुऱ्याउनु हो । तर विद्यार्थी आन्दोलन चेत र होसहवास हराएको जस्तो, खासमा विघटनको दिशातिर छ ।

यस्तो परिवेशमा स्ववियु निर्वाचनको विषय त्रिविले अगाडि सारेको छ । एकातिर स्ववियु बचाउनुपर्ने चुनौती छ । यो विद्यार्थीहरूको हकअधिकारका लागि लड्ने साभा संस्थाका रूपमा रहन्छ भने अर्कोतिर स्ववियुको औचित्य पुष्टि गर्नुपर्ने छ । स्ववियु कुनै राजनीतिक दललाई बलियो बनाउन हो कि, विश्वविद्यालयमा हुने उपकुलपति, रजिस्ट्रार, डिनहरूको भागबन्डामा च्याँखे थापेर हस्तक्षेप बढाउन हो, क्याम्पसमा हुने प्राध्यापक र कर्मचारीको सरुवाबढुवा गर्न र नयाँ भर्तीमा भागबन्डा खोज्न हो, पछिल्ला स्ववियु हेर्दा यस्तो अवस्था देखिन्छ ।

स्ववियु हुनुपर्छ र चुनाव गरिनुपर्छ । २०१६ सालमा त्रिविको स्थापनापछि २०१८-०१९ सालदेखि नै विद्यार्थी युनियनको चुनाव भएको देखिन्छ । २०२० साल भदौमा पहिलो स्ववियु निर्वाचन भयो र ०३० सम्म हरेक वर्ष भयो । पञ्चायतले प्रतिबन्ध लागाइसकेपछि भदौ ०३६ सालमा भयो । त्यसपछी ०६५ सालसम्म भयो । त्यसपछि सीधै ०७३ सालमा भयो र अब अहिले ०७६ फागुनमा स्ववियु निर्वाचन हुने कुरा छ । यसरी इतिहास हेर्दा बाधाअवरोधका बीचमा र कहिले प्रतिबन्ध लागेर स्ववियु अगाडि बढेको देखिन्छ । स्ववियुले जन्माएका थुप्रै नेताहरू अहिले पनि राष्ट्रिय राजनीतिको महत्वपूर्ण स्थानमा छन् ।

स्ववियुको नेतृत्वमा विभिन्न ठूलाठूला सङ्घर्षहरूमा विद्यार्थीहरूको सहभागिता पनि भयो । विगतको इतिहास गौरवपूर्ण नै छ तर अब समय र परिस्थितिअनुसार परिमार्जन गर्दै नयाँ संस्कार र संस्कृतिसहितको स्ववियुको औचित्य पुष्टि गर्न सक्नुपर्छ । अहिले हुने भनिएको स्ववियुमा राज्यद्वारा प्रतिबन्ध लगाइएको पार्टी निकट विद्यार्थी सङ्गठन अखिल (क्रान्तिकारी) को सहभागिताको वातावरण छैन । पञ्चायत कालमा समेत पार्टी प्रतिबन्धित हुँदा पनि विद्यार्थी सङ्गठनले स्ववियु निर्वाचनमा भाग लिएको इतिहास छ । अहिलेको केपी-बादल कम्पनीको फासिवादी सरकारले विद्यार्थीहरूमाथि चर्को दमन गरेको छ । यो परिस्थितिमा हुने अथवा बन्दुकको घेरामा हुने स्ववियु निर्वाचनले त्यसको औचित्य पुष्टि गर्छ त ? कदापि गर्न सक्दैन । त्यस्तो स्ववियुको कुनै अर्थ रहँदैन यद्यपि स्ववियुसँग जोडिएको पूर्ण समानुपातिक निर्वाचन प्रणालीलगायत मुद्दा र अरू थुप्रै मुद्दाहरू पनि छन् । त्यो समयानुकूल परिवर्तन गर्न सकिएला । त्यसैले स्ववियु निर्वाचनको अर्थ र औचित्य तब मात्र हुन्छ जब आस्थाका आधारमा निर्वाचनबाट वञ्चित नगराई सबैको सहभागिता हुन्छ, विश्वविद्यालयहरू सकारात्मक आलोचनाका केन्द्र बन्छन्, स्वतन्त्र र निर्वाध रूपमा वैचारिक र राजनीतिक छलफल, सामाजिक-आर्थिक-सांस्कृतिक रूपान्तरणका बहसहरू हुन्छन्, शैक्षिक मुद्दाहरूका बारेमा बहस र जोडदार उठान हुन्छ । अन्यथा आउँदा चुनावहरूमा राजनीतिक दलको भोट बैङ्कको अड्डाका रूपमा स्ववियुलाई प्रयोग गर्नुको न कुनै अर्थ रहन्छ, न त स्ववियु निर्वाचनको औचित्य पुष्टि हुन्छ ।

तसर्थ विघटनमा पुगेको विद्यार्थी आन्दोलनको गम्भीर समीक्षा गर्दै जसरी अहिले विश्वविद्यालय र क्याम्पसहरूमा चेत र होसहवास हराएका मानव निर्माण हुँदैछन् तिनीहरूलाई आलोचनात्मक चेत भएका बौद्धिक श्रमजीवी बनाउनका लागि नयाँ र रूपान्तरित स्ववियुको निर्माण गर्न आवश्यक छ सबैको सहभागितासहित !

## सरकारको फासिवाद ...

खोजी भयो । अधिकारीहरूले त्यसप्रकारको गिरोह र व्यक्तिहरू भएको रिपोर्ट स्टालिनसमक्ष पुऱ्याए । एक दिन कुनै व्यक्तिले सहरमा बिजुलीको प्रवाह अवरोध गर्न तारप्रणाली बिगार्दैछ भन्ने सूचना स्टालिनको कार्यालयमा आयो र त्यस्तो घटना जनताले कसरी गरिरहेको छ, त्यसको प्रकृति आफैँले हेर्नका लागि स्टालिन पनि त्यो ठाउँमा गए । तार प्रणाली बिगारिरहेको सुनिश्चित भएपछि स्टालिनले आदेश दिए, 'सुट हिम' (त्यसलाई गोली ठोक) ।

दोस्रो घटना मैले सुनेको विषयलाई लिऊँ । सन् २००४ को ब्रसेल्स सेमिनारमा पूर्वी समाजवादी रहेको युरोपेली देशकी (सायद उनी हङ्गेरीकी थिइन्) कम्युनिस्ट प्रतिनिधिले आफ्नो देशको कम्युनिस्टविरोधी हृदयविदारक अनुभव सुनाइन्, त्यो समयमा त्यहाँका शासकहरू यति निकृष्ट भैसकेका थिए, कम्युनिस्ट भनेर कुनै पनि व्यक्तिको हत्या गरियो भने त्यसलाई कानुन नलागेसरह हुने गर्थ्यो । गोली हानिएको वा हत्या गरिएका व्यक्ति कम्युनिस्ट हुनु वा कम्युनिस्ट आन्दोलनमा लागेका छन् भनेर कुनै तरिकाले पुष्टि गरियो भने मानिसको हत्या गरेबापत लाग्ने दण्ड मिनाहा हुन सक्थ्यो । यसप्रकारको व्यवहार गर्ने ती नेताहरू तिनै थिए जो पहिलेको कम्युनिस्ट आन्दोलनका संशोधनवादी विरासत बोकेका हुन्थे । ती महिला कम्युनिस्ट नेत्रीको निष्कर्ष थियो- जब कुनै कम्युनिस्ट साम्राज्यवादको चाकरमा रूपान्तरित हुन्छ, त्यो सबैभन्दा फासिस्ट रूपमा प्रस्तुत हुन्छ । ती दक्षिणपन्थी नेताहरू सोभियत सङ्घको पतन र पूर्वीयुरोपको पुँजीवादमा पलायन भएका कारण साम्राज्यवादको चाकरीमा जनताका विरुद्ध फासिस्ट प्रकारको व्यवहार गर्थे ।

यी घटनाहरू एउटा समाजवादी देश रुसमा भएको थियो र एउटा पुँजीवादीकरण भएको कुनै पूर्वीयुरोपको देशमा । रुसमा भएको घटना त्यहाँको समाजवादी सत्ता भत्काउन खोज्ने पुँजीवादी एजेन्टहरूका विरुद्धको थियो । पूर्वीयुरोपमा भएको घटना पुँजीवादको अन्त्य र समाजवादको स्थापनाका लागि सङ्घर्ष गर्ने कम्युनिस्टहरूका विरुद्धको थियो । रुसमा पुँजीवादीहरूले समाजवादी सम्पत्ति भत्काउँदै गरेको वास्तविक पहिचानपछि कारबाही गरेको घटना थियो, पूर्वीयुरोपको त्यो देशमा जोकोहीका विरुद्ध गरिने अपराधलाई कम्युनिस्टका नाममा माफी गरिने महाअपराधका घटनाहरूको थियो ।

त्यस्तै प्रकारका घटनाहरूको अन्धानुकरण, भद्दा प्रकारको नक्कल र कलाविहीन नाटकको मञ्चन नेपालको सामाजिक दलाल पुँजीवादी सरकारले गरेको देखा पर्छ । केपी वलीको नेतृत्वमा चलेको सामाजिक दलाल पुँजीवादी तथा फासिवादी सरकारले खुलेआम नेताहरूमाथि गोली प्रहार गर्न थालेको छ । उसो त यो सरकारले नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध थोपरेको करिब एक वर्षको यो अवधिमा तमाम नेता र कार्यकर्ताको गिरफ्तारी गरेको छ र कमरेड कुमार पौडेल, कमरेड निरकुमार राई र कमरेड तीर्थ घिमिरेको गोली हानी हत्या गरिसकेको छ । राजनीतिक पार्टीहरू, मानवअधिकारकर्मीहरू, जनसमुदायबाट तीव्र विरोधपछि यसप्रकारका घटना केही दिन रोकिएका मात्र थिए । यी घटनाहरू पछिल्लो समयमा बढाउन खोजेको देखापर्छ ।

केपी वली नेतृत्वका फासिवादीहरूले अपनाएका यी हर्कतहरूलाई ती माथिका घटनाहरूसँग तुलना गरेर अध्ययन गरौँ । वली सरकारका यी घटनाहरू स्टालिनको नेतृत्वमा चलेको समाजवादी रुससँग कतै पनि मेल खाँदैन । समाजवादी रुस विश्वको पहिलो त्यस्तो समाज थियो जुन मानव जातिको सबैभन्दा उच्च, उन्नत, सभ्य र वैज्ञानिक थियो । त्यसप्रकारको सत्ता केवल जनताको रगतपसिनामा लुटका लागि पल्केका पुँजीवादीहरूका लागि मनपर्ने कुरा थिएन । त्यसप्रकारको जनताको सत्ता भत्काउन खोज्ने, साम्राज्यवादको सेवा गर्ने, पुँजीवादको पक्ष लिने दलालहरूमाथि दमन गर्नु निश्चित रूपले सत्ताको दायित्व हुन्थ्यो । रुसमा जुन प्रकारले समाजवादी सत्तामाथि धावा बोलिने गरेको थियो त्यो साम्राज्यवादको इसारामा गरिएका कार्यहरू थिए । त्यसप्रकारका कार्यहरूमाथि दमन गर्नु जायज हुन्थ्यो ।

वली नेतृत्वको सामाजिक दलाल पुँजीवादी व्यवस्था आफैँमा साम्राज्यवादको दलाल हो, एकाधिकार पुँजीपति वर्गको नोकर हो र त्यसप्रकारको उत्पीडनकारी पुँजीको रक्षक हो । सामाजिक दलाल पुँजीवादी सरकार नेपालको दलाल पुँजीवादी सत्ताको सच्चा पहरेदार हो जसले नेपाली जनताको रगतपसिना सोहोरेर, एकाधिकारवादी पुँजीवादीहरूलाई पोषण गर्ने काम गर्छ । दलाल सामाजिक फासिवाद जनतामाथि अन्याय, अत्याचार, उत्पीडन थोपर्न तल्लीन हुनुपर्छ । भ्रष्टाचार, तस्करी, घूसखोरी, जनतामाथिको दमन, हत्या र आतङ्क यसका पर्याय बनेका हुन्छन् । यसका हर्कतहरू असभ्य, गँवार र जङ्गली प्रकृतिका हुन्छन् । नेपालको सरकार र यसको मानसिकता कस्तो छ भन्ने कुरा यो सरकारका निर्णयहरू, यसका व्यवहार, यसका सोचाइहरू र यसका प्रस्तुतिबाटै प्रस्ट हुन्छ ।

सरकारको यो चरित्रलाई ब्रसेल्स सेमिनारमा पूर्वी युरोपकी ती कम्युनिस्ट नेत्रीले बताएजस्तै त्यहाँको राजनीतिक घटनासँग दाजेर हेर्न सकिन्छ र त्योसँग पूरै मेल खान्छ । ती महिला नेत्रीले भनेअनुसार त्यो देशका सम्बन्धमा जुन घटनाहरू विकास भएका थिए त्यो फासिवाद थियो । स्वाधीनता, स्वाभिमान, मानवजातिको आत्मसम्मानबाट पराधीनतामा फर्केकाहरूको दुष्चक्र थियो । त्यो जनविरोधी थियो र प्रतिगमन थियो । नेपालमा पनि अहिले त्यही छ, त्यही भइहेको छ र त्यही दिशातिर बढिरहेको छ । यहाँको दलाल फासिवादी सरकारले नेपाल कम्युनिस्ट पार्टीका नेता र कार्यकर्तामाथि जुन प्रकारले दमन चलाउन खोजेको छ त्यो दलाल शासकको चारित्रिक विशेषताभित्र पर्ने कुरा हुन् । यसप्रकारको दमन-व्यवहार वास्तवमा सिद्धान्त, राजनीति, छलफलबाट समाधान हुन सक्दैन । त्यसको समाधान 'जस्तालाई तस्तै' को व्यवहारले मात्र गर्न सक्छ ।

## जनमुक्ति सेनाको ...

र जनसमुदायले सामूहिक रूपमा अन्तर्राष्ट्रिय गीत गायनबाट भएको थियो । आरम्भमै जनमुक्ति सेनाको एक टुकडीले सहिदहरूप्रति सलामी अर्पण गरेको थियो । त्यसपछि जनमुक्ति सेनाले परेड प्रदर्शन गरेको थियो ।

पटका पड्काएर कार्यक्रम आरम्भ गरिएको समाचारमा उल्लेख छ । जनयुद्ध दिवस मनाउन कार्यक्रममा सहभागी भएका सबैले एकापसमा अबिर साटासाट गर्दै टीका लगाइदिए उत्सवमय वातावरण निर्माण गरेका थिए । कार्यक्रममा उल्लेख्य रूपमा जनताको सहभागिता रहेको पनि समाचारमा जनाइएको छ ।

## जनयुद्ध दिवसमा ...

बेपत्ता परिवार, घाइते योद्धाहरू र स्वतन्त्रताप्रेमी नागरिकको भावनामाथिको आक्रमण हो । सरकारको हर्कतले सामन्ती, दलाली प्रवृत्ति र साम्राज्यवादको तावेदारी गरेको बुझ्न सकिन्छ ।

यसैबीच नेकपाका प्रवक्ता प्रकाण्डले फागुन १ गते अबेर विज्ञप्ति जारी गरी सरकारको गैरप्रजातान्त्रिक हर्कतको निन्दा गर्दै दमनले सशक्त प्रतिरोधलाई निम्त्याउने र पार्टी दलाल सत्ताका विरुद्ध जस्तोसुकै कदम चाल्न तयार रहेको बताएका छन् ।

# मुख्य भ्रष्टाचारी चोख्याउने खेल

■ रातोखबर संवाददाता/काठमाडौँ

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले माघ २२ गते ललिता निवासकाण्डका १७५ जना अभियुक्तलाई मुद्दा दर्ता गरेको तेस्रो दिन एमाले महासचिव विष्णु पौडेलका छोरा नवीन पौडेल र सर्वोच्च अदालतका बहालवाला न्यायाधीश कुमार रेग्मीका नामको ललिता निवास परिसरको जग्गा भने हतारहतार र सुटुक्क सरकारका नाममा फिर्ता गराइएको छ भने उक्त जग्गासम्बन्धी नीतिगत निर्णयकर्ता पूर्वप्रमहरू डा. बाबुराम भट्टराई र माधवकुमार नेपाललाई मुद्दा दर्ता नै गरिएको छैन । यसरी अख्तियारले सरकारको दबाब र प्रलोभनमा परेर मुख्य भ्रष्टाचारी चोख्याउने र प्रतिपक्षी तथा सहायक भूमिका खेल्ने भ्रष्टहरूलाई मात्र डामेर ललिता निवासकाण्डलाई किनारा लगाउन खोजेको आवाज चर्किंदै गएको छ ।

१७५ जनालाई मुद्दा दर्ता गर्दा रेग्मी र पौडेलका नाममा ललिता निवासको जग्गा कायमै थियो । एमाले नेता विष्णु पौडेलको कित्ता नं ३० ९ र कुमार रेग्मीको ३१५ कित्ता नम्बरको जग्गा रहेको मालपोत कार्यालय चाबहिल अड्डा, डिल्ली बजारको श्रेस्तामा देखिन्छ । विष्णु पौडेल, कुमार रेग्मीलगायतले धेरैजना पछि जग्गा लिँदा भ्रष्टाचारबाट बच्न सकिने मनसायले जानीबुझी कौडीको मोलमा प्रम निवासको जग्गा हडपेका थिए । मिलीभगतमा उक्त जग्गा अपचलन होइन, सूचना तुरुन्त सरकारलाई दिनु पौडेलको कर्तव्य हुन्थ्यो । पौडेल र रेग्मीको जग्गा फिर्ता गर्दा उन्मुक्ति पाउँछन् भने त्यही सुविधा अरूले किन पाउनन् ? अख्तियारले मुद्दा दर्ता गरेको दिन त फिर्ता गरिएकै थिएन भने किन मुद्दा दर्ता भएन ? मन्त्रिपरिषद्को निर्णयमा मुख्यसचिव र प्रमले उन्मुक्ति पाउँछन् भने नागरिकले कानुन नबुभ्रेर अपराध गर्न पाउने कि नपाउने ? न्यायाधीश रेग्मीले आफूले किनेको जग्गा सरकारी भएको थाहै नभएको हास्यास्पद तर्क गरेका छन् । रेग्मीले भाटभटेनीका भ्रष्ट दलाल मीनबहादुर गुरुङको तारतम्यमा उक्त जग्गा हातपारेका थिए । यस्ता प्रश्नहरूको घेराबन्दीमा स्वयम् अख्तियार परेको छ ।

अख्तियारका पूर्वआयुक्त नै ललिता निवासकाण्डमा तानिएका छन् । अहिलेका आयुक्त भोलि काङ्ग्रेसको नेतृत्वमा सरकार बन्यो भने तानिन सक्छन् किनकि अख्तियारको हर्कत नै विवादमा तानिएको छ । राजनीतिक दलहरूले सिफारिस गरेको कथित संवैधानिक अङ्गका व्यक्तिले दलहरूको प्रभावमा ललिता निवास काण्डका मुख्य दोषी प्रम, मन्त्री, सचिव, मुख्य सचिव र नेताहरू देखिन्छन् । विभाग र मन्त्रीस्तरीय निर्णय गरे हुने कामलाई मन्त्रिपरिषद्मा पुऱ्याएर कभर लिने तत्वहरूलाई भ्रष्टाचारबाट मुक्ति दिनु आफैँमा भ्रष्ट कार्य हो । अख्तियारमा नियुक्त गर्ने नै गलत र भ्रष्ट भएपछि उसले नियुक्त गरेको व्यक्तिले सदाचारिता कसरी देखाउन सक्छ ? बढ्दो जनचेतना, दलीय दाउपेच र प्रविधिमा आएको क्रान्तिका कारण पञ्चायती शैलीको भ्रष्टाचार असम्भव बन्दै गएको छ र त्यसको स्थान नीतिगत भ्रष्टाचारले लिएको छ ।

श्री ३ भीमशमशेरका छोरा हिरण्यशमशेरको स्वामित्वको जग्गा राणाकालमा निजलाई देशनिकाला गरेपछि कब्जा गरिएको थियो । २००७ सालपछि फिर्ता गरिएको थियो । २०१७ सालमा हिरण्यशमसेरका हकवाला सुवर्णशमशेरको जमिन जफत गरियो भने अरू हकवालाका नाममा रहेको ललिता निवासको जग्गा अधिग्रहण गरिएको थियो । २०४७ सालमा कृष्णप्रसाद भट्टराईले पञ्चायतीकालमा कब्जा गरिएको सुवर्णशमशेरको जग्गा उनका हकवाला रुक्मशमशेरलाई फिर्ता गरिएको थियो । पञ्चायती व्यवस्थाले आस्थाका आधारमा हरण गरेको सम्पत्ति फिर्ता गर्ने क्रममा तत्कालीन प्रम कृष्णप्रसाद भट्टराईको मन्त्रीस्तरीय निर्णयमा उक्त जग्गा फिर्ता गरिएकोमा १ सय १२ रोपनी जग्गा अपचलन भयो । समस्या त्यहीँबाट सुरु भएको हो जसलाई केपी वली सरकार र सरकारद्वारा प्रभावित कथित संवैधानीक निकायहरूले उक्त भ्रष्टाचारलाई अझ गिजोलेका छन् । शक्ति सन्तुलन बदलिनासाथ कैयौं वर्षसम्म ललिता निवासकाण्ड बल्भिन सक्छ ।

# ग्रिसमा साम्राज्यवादविरोधी अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालको कडा प्रस्तुति

■ रातोखबर संवाददाता/

ग्रिसको एथेन्स सहरमा आयोजित साम्राज्यवादविरुद्ध अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालका प्रतिनिधि नेकपाका अन्तर्राष्ट्रिय ब्युरोका सदस्य माणिक लामाले केपी वली सरकारको फासिवादी कदमको कडा शब्दमा विरोध गरेका छन् । प्लेटो, एरिस्टोटल, पाइथागोरसलगायत इतिहासप्रसिद्ध व्यक्तित्वहरूको सहरका रूपमा चिनिने एथेन्समा आयोजित कार्यक्रममा लामाले भने, 'नेपालमा पनि हामी साम्राज्यवादविरुद्ध लडिरहेका छौँ । नेकपाको नेतृत्वमा अमेरिकी, भारतीयलगायत साम्राज्यवादविरुद्ध यतिबेला नेपालमा तीव्र सङ्घर्ष छ तर केपी वलीको सरकार साम्राज्यवादको दलाली गरेर नेकपाका नेता-कार्यकर्ताहरूलाई मारिरहेको छ । जेल र हिरासतमा बन्दी बनाइरहेको छ । म यो मञ्चबाट उक्त फासिवादी कदमको तीक्ष्ण विरोध गर्छु र हाम्रो कदममा साथ दिन तपाईंहरूको पनि समर्थन चाहन्छु ।'

उक्त सम्मेलनमा फिलिपिन्स कम्युनिस्ट पार्टी माओवादी, पेकपा साइनिडपाथ, मेक्सिको, टर्की, ग्रिस, फ्रान्स, जर्मनी, नेदरल्यान्ड्स, बेल्जियम, स्पेन, अस्ट्रिया, स्विट्जरल्यान्ड, आयरल्यान्ड, बेलायत, बुल्गेरिया, इटाली, लेबनान, सिरिया, अस्ट्रिया, अजरबैजानलगायत दुई दर्जनभन्दा बढी मुलुकका मालेमावादीहरूको सहभागिता रहेको जानकारी ग्रिसबाट नेपालका प्रतिनिधि माणिक लामाले दिएका छन् । सम्मेलनमा पेरूमा तीन दशकदेखि कठोर कारावास जीवन भोगिरहेका पेकपा साइनिडपाथका नेता डा. अभिमाइल गुज्मान गोन्जालोका वकिल पनि सहभागी थिए ।

चार दिनसम्म सञ्चालित सम्मेलन आइतबार सम्पन्न भएको छ । सम्मेलनले संसारभरका मालेमावादीहरू साम्राज्यवादका विरुद्ध एउटै मोर्चा बनाएर लड्ने सहमति भएको छ ।

# नेकपा सुनसरी इन्चार्ज पौडेल जेल चलान

■ रातोखबर संवाददाता/काठमाडौँ

नेकपा सुनसरीका इन्चार्ज लक्ष्मण पौडेल पुर्पक्षका लागि कारागार चलान भएका छन् । आगजनी तथा विस्फोटक पदार्थसम्बन्धी तीनवटा मुद्दामा उदयपुर जिल्ला अदालतमा भएको थुनछेक बहसपछि पुर्पक्ष तथा धरौटी सजाय तोकिएपछि उनलाई जेल लगिएको हो । न्यायाधीश मनोज केसीको इजलासले आपराधिक तथा उपद्रव कसुरअन्तर्गत सौर्य सिमेन्टको चुनढुङ्गा खानीमा रहेको ट्र्याक्टर, एक्सकाभेटर र सिलिन्डरमा आगजानी गरेको आरोप लगाई थुनामा राख्न आदेश दिएको श्रेस्तेदार राजकुमार आचार्यले बताएका छन् । बाटोमा आँपको फेदमा बम राखेर जनजीवन त्रसित बनाएको, घरमा बम विस्फोट गराएको आरोपमा अर्का न्यायाधीश दीपक खनालको इजलासले एक लाख र पचास हजार धरौटी माग गरेको छ ।

उनलाई वैद्य नेतृत्वको नेकपा माओवादीका पालामा २०७० सालमा निर्वाचन बहिष्कारको बेलाको विस्फोटको मुद्दासमेत जोडेर उक्त धरौटी माग गरिएको बताइएको छ । दुईवटा मुद्दामा डेढ लाख धरौटी र पुर्पक्ष भएको छ । गत सोमबार भएको थुनछेक बहसका क्रममा पौडेलले कुनै पनि घटनामा आफू संलग्न नरहेको इन्कारी बयान दिएका थिए । उदयपुरको मुद्दा सकिएपछि पुनः पौडेललाई सिराहामा एनसेल टावर आगजानीको अर्को मुद्दा रहेको जानकारी अदालतका श्रेस्तेदार आचार्यले दिए ।

उनको स्वास्थ्य गम्भीर रहेको बताइएको छ । सुनसरीका धरान र इटहरी, झापाको बिर्तामोड र दुधेमा समेत हिरासत बसेर धरौटी बुझाएपछि रिहा भएलगत्तै उनलाई उदयपुर पुऱ्याइएको थियो । उनलाई बिरामी भएपछि माघ २ गतेदेखि १२ गतेसम्म जिल्ला अस्पताल गाईघाटमा राखेर उपचार गराइएको थियो । उनी असोज ६ गते इटहरीबाट गिरफ्तार भएका थिए । जिल्लाका सेक्रेटरी सन्तोष बिष्ट भने झापा चन्द्रगढी कारागारमा रहेका छन् ।

# गैरआवासीय नेपाली सङ्घका कावा अध्यक्ष थापाद्वारा पोर्चुगलमै पत्रकार कुटिए

■ रातोखबर संवाददाता/

नेपाली जनप्रगतिशील मोर्चा पोर्चुगल केन्द्रीय समितिले गत आइतबार गैरआवासीय नेपाली सङ्घ राष्ट्रिय समन्वय परिषद्, पोर्चुगलका वरिष्ठ उपाध्यक्ष तथा वर्तमान कार्यवाहक अध्यक्ष भीमसेन थापाले सङ्घकै कार्यसमितिका सदस्य तथा सञ्चारकर्मी सविन घिताल (प्रवीण) माथि गरेको साङ्घातिक आक्रमणप्रति घोर भर्त्सना गरेको छ । मोर्चाका अध्यक्ष पूर्णबहादुर विश्वकर्माले विज्ञप्ति जारी गरी उक्त घटनाको भर्त्सना गरेका हुन् ।

विश्वकर्माद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'हाम्रो सङ्गठन समाजमा भएका हरेक समस्याको समाधान आपसी छलफल र सौहार्दपूर्ण वातावरणमा हल गर्ने कुरामा पूर्ण विश्वास राख्छ । कुनै पनि सामाजिक संस्थाको नेतृत्वमा रहेका व्यक्ति नै गैरकानुनी तथा उद्दण्ड क्रियाकलापमा संलग्न भेटिएकाले निजलाई तत्काल कारबाही अगाडि बढाउन हाम्रो सङ्गठन सम्बन्धित संस्थालाई जोडदार आह्वान गर्दछ ।'

# नेकपाद्वारा प्रहरी ज्यादतीको भर्त्सना

**पाल्पा** : नेपाल कम्युनिस्ट पार्टी लुम्बिनी ब्युरोअन्तर्गत ५ नं. जिल्लाका सेक्रेटरी रिजमानले जनताको घरमा प्रहरीद्वारा घेराउ, खानतलासी र मानसिक यातना दिएको भन्दै उक्त कार्यको भर्त्सना एवम् निन्दा गरेका छन् ।

शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै सेक्रेटरी रिजमानले जनप्रिय पार्टीविरुद्ध वली सरकार तीव्र दमन र फासिवादी शैलीमा उत्रिएको भन्दै पाल्पाको तिनाउँ गाउँपालिका वडा नं. १ घैयार गाउँका जनताको घरमा प्रहरी पठाएर स्थानीय जनतालाई दुर्व्यवहार गरेको, धम्की दिएको र लुटेरा शैलीमा घरमा रहेको खाद्यान्न लिएर गएको बताएका छन् । उनले विज्ञप्तिमार्फत यस्तो रवैया नदोहोऱ्याउन चेतावनी दिएका छन् ।

# आस्थाका बन्दीहरूले कारागारभित्रै मनाए २५ औँ जनयुद्ध दिवस

फागुन १ जनयुद्ध दिवसमय बनेको छ । नेपालमा मात्र नभएर विदेशमा बसेका नेपालीले पनि भव्यतापूर्वक २५ औँ जनयुद्ध दिवस मनाएका छन् । देशदेखि विदेशसम्म र जेलबाहिरदेखि जेलभित्रसम्म मनाइएका जनयुद्ध दिवसमा एकआपसमा अबिर लगाउने, अन्तरक्रिया गर्ने, शुभकामना आदानप्रदान गर्ने, विचारगोष्ठी गर्ने, चक्लेटलगायत मिष्ठान्न वितरण गर्ने, अतिरिक्त क्रियाकलाप गर्नेलगायत काम गरिएको थियो ।

हजारौँ मानिसहरूलाई मुक्तियुद्धमा सहभागी बनाउने र लाखौँ मानिसहरूलाई चलायमान बनाउने गौरवशाली जनयुद्ध दिवस खुला आकाशमा मात्र नभएर बन्द पर्खालभित्र पनि भव्य रूपमा मनाइएको छ । आस्थाका आधारमा बन्दी बनाइएका आस्थाका बन्दीहरूले बन्दीगृहमा २०५२ साल फागुन १ गते जनयुद्ध आरम्भ गर्दाको समय स्मरण गर्दै २५ औँ जनयुद्ध दिवस मनाएका हुन् ।

विद्यमान सत्ताभन्दा फरक राजनीतिक आस्था राखेकै कारण एक वर्षदेखि बन्दी बनाइएका नेपाल कम्युनिस्ट पार्टीका सचिवालय सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' रहेको नख्खु कारागारमा जनयुद्ध दिवस तथा चियापान कार्यक्रम गरिएको छ । यस्तै नेकपाका नेता भरत बम 'रणवीर' सहित दुईजना आस्थाका बन्दी रहेको बर्दिया कारागार र नेकपा नेता चूडामणि ओली 'आदर्श' सहित ११ जना आस्थाका बन्दी रहेको बाजुरा कारागारमा पनि जनयुद्ध दिवस भव्य रूपले मनाइएको खबर छ ।

जनयुद्ध दिवसका अवसरमा बिहीबार नख्खु कारागारमा आयोजित चियापान कार्यक्रममा जनयुद्धको सम्झना गर्दै नेकपाका नेता सुदर्शनले दुनियाँ बदल्ने महान जनयुद्ध सर्वहारा वर्गको गौरवपूर्ण इतिहास भएको र जनयुद्धलाई एकीकृत जनक्रान्तिसँग जोडेर विजयको इतिहास कायम गर्नुपर्ने बताए । एकीकृत जनक्रान्ति जनयुद्धको गुणात्मक फड्को र नयाँ क्रान्तिको मोडेल भएको उनको भनाइ थियो ।

जेलभित्र रहेर जनयुद्ध दिवस मनाउँदा बेग्लै अनुभूति भएको धारणा व्यक्त गर्दै नेता सुदर्शनले जनयुद्ध, जनआन्दोलन र एकीकृत जनक्रान्तिका क्रममा बलिदान गर्ने सहिद, घाइते, बेपत्ता योद्धा, सहिद परिवारहरूलाई सम्झिए । सुदर्शनले क्रान्तिकारीहरूका लागि जेल क्रान्तिकै एउटा मोर्चा, अग्निपरीक्षा, तपस्यास्थल र अवसरसमेत भएको धारणा राखे । उनले आफूलाई जेल, जेल मात्र नभई विश्वकै मानचित्र देखिने विश्वविद्यालयको प्रयोगशाला भएको बताए ।

यसैबीच नेकपाका केन्द्रीय सदस्य चूडामणि ओली 'आदर्श' लाई बन्दी बनाइएको बाजुरा कारागारमा २५ औँ जनयुद्ध दिवस मनाइएको छ । कारागार परिसरमा आयोजित जनयुद्ध दिवस कार्यक्रमलाई प्रमुख

... बाँकी पृष्ठ ७ मा

# दुस्मनको हिरासतबाट ज्यूँदो हुँकार


सुमनसिंह पौडेल

केपी-पीके नेतृत्वको सामाजिक फासिवादी सत्ताको षड्यन्त्रकारी हिरासतमा 'हात-हतियार खरखजाना' नामको कथित मुद्दा झेलेर बसिरहेका छौँ । महिला र पुरुष थुनुवा कक्षका बेग्लाबेग्लै दुईवटा कोठाहरू छन् । पञ्चायतकालमा निर्माण सम्पन्न भएको जिल्ला प्रहरी कार्यालय सुनसरीको भवन जीर्ण छ । एसपीको कार्यकक्ष जाने भऱ्याङको मुनिपट्टि 'ट्वाइलेट' प्रयोजनका लागि खाली राखिएको अत्यन्तै सानो चेपलाई यस कार्यालयले महिला थुनुवा कोठाका रूपमा प्रयोग गर्दै आएको छ । उक्त महिला थुनुवा कोठामा नेपालको क्रान्तिकारी आन्दोलनमा असाधारण भूमिका निर्वाह गरिसक्नुभएकी क्रान्तिकारी नेत्री क. उमा भुजेल 'शिलु' हुनुहुन्छ । उहाँको स्वास्थ्य अवस्था बिग्रिएको छ । बसाइ कष्टपूर्ण छ । एउटा सानो कोठा, त्यहीँभित्र ट्वाइलेट, काठको बन्द कोठा, एसपी कार्यकक्षमा जानेआउनेको चहलपहल र प्रदूषण सहेर उक्त कोठरीमा बस्नुपर्ने अवस्था छ । यसो हेर्दा लाग्छ, त्यो कुनै छाउगोठ हो । म बेलाबेला मौका मिल्दा सोध्छु- दिदी, बसाइ कस्तो छ ? जनयुद्धका भीषण आँधीमय दिनहरूमा राज्य पक्षको चरम अमानवीय क्रूर यातनाको सिकार बन्नेहरूमध्येकी एक महिला क. उमा विगतको तुलनामा सामान्य नै भएको बताउनुहुन्छ । आफूलाई ठीकै भएको बताउनुहुन्छ तर म उहाँको अवस्था बुझ्छु ।

यो मुलुकमा सामन्तवादी राजतन्त्रको निरङ्कुश अधिनायकवादको अन्त्य गरेर वर्तमान सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म यो समाजलाई ल्याइपुऱ्याउन जीवनको सम्पूर्ण समय आगोमा आहुती दिने क. शिलुहरूले आज पनि यस्तै कालकोठरी झेल्नुपर्ने ? यो वर्तमान व्यवस्थाप्रति विमतिहरू छन् । यसको परिवर्तनको आवश्यकता औँल्याइएको छ । त्यसका निम्ति विद्रोह सुरु भएको छ । तर वर्तमान सङ्घीय लोकतान्त्रिक गणतन्त्रको आधार, जग जे भने पनि यिनै क. उमाहरूले लडेर ल्याइदिएको हैन ? आज यही व्यवस्थामा विद्या भण्डारीहरू, केपीहरू श्रीपेच पहिरिरहेका छन् तर उमाहरू यिनकै यातनागृह, यिनकै कालकोठरी, उपकार, अभिमान र उपमानका हत्कडीहरू झेलिरहेका छन् । न यसले कहिल्यै छलफल र संवादको कुरा अगाडि बढाउँछ, न त आफ्नो धरातलको सम्मानमा एक शब्द बोल्छ । बरु आफ्ना निकृष्टता, तुच्छता व्यक्त गर्दछ । त्यसैमा आफूलाई अग्लो साबित गर्न लालायित बनिरहन्छ । सत्ताको नाम बदलियो तर त्यसको चरित्र बदलिएन । खासमा जे बदलिनुपर्ने हो त्यो बदलिएन । आज हामी सबै नागरिकहरूले यही अनुभूति गरेका छौँ । अनि यही बेथिति, कुसंस्कार, बेरीति र अभिमानका विरुद्ध त हो नि हाम्रो लडाइँ भनेर मन बुझाउँछु । त्यसैले त हामीलाई यो सत्ताले आफ्नो काँडा देख्यो । मुद्दा लगायो र बन्दी बनायो । यो जनविरोधी दलाल संसदीय पुँजीवादी व्यवस्थाको सत्ता अन्त्य गर्नैपर्छ । वैज्ञानिक समाजवाद स्थापना गर्नैपर्छ ।

२०७६ पुस १२ गते शनिबार बिहान ६.३० बजेतिर उमा दिदीसहित हामी दुईजनाको गिरफ्तारी भयो । हामी शुक्रबार बेलुका बराहक्षेत्र बाङ्गेचोकनजिकै जनताको घरमा बस्यौँ । हामीसँग सुनसरी जिल्ला पार्टीका जिम्मेवार साथी पनि हुनुहुन्थ्यो । हामीले बेलुका बास बस्ने स्थानका विषयमा सुरक्षाका दृष्टिले कति सुरक्षित हुन सकिन्छ भन्ने विश्लेषण गऱ्यौँ । म सेल्टरका विषयमा विश्लेषण गर्ने गर्थें । मैले उक्त स्थानका बारेमा प्राप्त जानकारीअनुसार विगतका गतिविधिहरू, विरोधीहरूको गतिविधि, हाम्रो गतिविधि, मौसम, भूगोल सबै कोणबाट यहाँ बस्न उचित छैन भन्ने निष्कर्ष निकालेँ । मैले उमा दिदीलाई यहाँबाट निकालौँ भन्ने प्रस्ताव पटकपटक गरेँ । अझ मैले जोड गरेरै भनेँ- बरु म यहीँ बसौँला तर दिदीलाई यो क्षेत्रबाट निकालौँ किनकि नेतृत्वको सुरक्षा यतिबेला महत्वपूर्ण बनेको छ । यो संवेदनशीलतालाई मैले ख्याल गरेको थिएँ । म कार्यालयको सचिव भएको नाताले म प्रायजसो दिदीसँगै हुने, नभए पनि प्रत्यक्ष सम्बन्धमा हुने भएकाले म आफूले सबै कुरामा ध्यान दिएको थिएँ । अनावश्यक सम्पर्क फोन यहाँसम्म कि घरमा समेत फोन गर्न छाडेको थिएँ । मैले सकेसम्म सबै उपाय अपनाएको थिएँ । तराई क्षेत्रको सुरक्षा कबच 'सूचना' मात्र हो । सूचनाको रक्षा र परिचालन गर्न सक्यौँ भने, भूगोल र सेल्टर मिलाउन सक्यौँ भने दुस्मनको कब्जामा परिँदैन भन्नेमा म ढुक्क थिएँ । यो मनोगत पनि थिएन । म सबै तहका नेताहरूलाई जानेबुझेसम्म सुरक्षाका विषयमा सुसूचित गराइरहन्थेँ । मेरो जोडबलले काम गरेन । हामी सबै त्यहीँ बस्ने बरु बिहानै निस्कने कुरा भयो । यही निर्णय गलत साबित भयो किनकि मरो विश्लेषण सही थियो । दुस्मन हामीसम्म हाम्रा कमजोरी टेकेर आइपुग्छ र त्यो यति समयमा आइपुग्छ भन्ने मेरो निष्कर्ष मनोगत थिएन । दुस्मनको चाल, हाम्रो कमजोरी, भूगोल, मौसम सबै कुरा हेरेर गरिएको विश्लेषण थियो त्यो । यति हुँदाहुँदै पनि दुस्मनले हामीलाई गिरफ्तार गऱ्यो । गिरफ्तार गर्दासम्मका सबै हेर्दा लाग्छ दुस्मन अझै धेरै पछाडि छ । चाहे जे होस् माओ त्सेतुङले भन्नुभएको छ, ज्ञानको दुई छलाङको सिद्धान्त भनेर व्यवहारबाट ज्ञान, श्रमबाट व्यवहार, व्यवहारबाट फेरि ज्ञान भन्नुभएको छ । हामीले सुदूरपूर्व क्षेत्रको क्रान्तिकारी आन्दोलनको प्रक्रियामा महत्वपूर्ण नेतृत्वको गिरफ्तारीपछि धेरै ज्ञान हासिल गरेका छौँ । पक्कै पनि आगामी व्यवहारमा यस्ता, भुल, कमजोरीहरू हुने छैनन् । यसलाई नयाँ ज्ञानको तहमा उठाउनेछौँ । यसको समीक्षालाई मूर्तीकृत गर्नेछौँ । निष्कर्षलाई संस्थागत गर्नेछौँ र यो घटनासँग जोडिएिका कयौँ छिद्रहरू र पहलहरूका विषयमा खुला समीक्षा गर्नेछौ र यसलाई पूर्वको आन्दोलनमा सिक्नलायक घटनाका रूपमा मूर्तीकृत गर्नेछौँ । धेरै विषयमा फासिवादी सत्ताको नजिक बसेर हेरेपछि प्रस्ट भइरहेको छ ।

२०७६ पुस १२ गते बिहान एकदमै जाडो थियो । हुस्सु लागेको थियो । शीत परिरहेको थियो । बिहान ६:३० बजेतिर प्रहरीले हामीलाई गिरफ्तार गर्नुअगाडि हामी बेलुका बास बसेको स्थानबाट बिहानै निस्कियौँ । हुस्सु लागेर बाटो देख्न मुस्किल थियो । उमा (शिलु) दिदी मैले ल्याएको स्कुटरको पछाडि बस्नुभयो । दिदीले भन्नुभयो- हात काठ्याङ्ग्रियो । सस्तो खालको पञ्जा किनौँ । त्यसपछि एउटा पसलअगाडि लगेर स्कुटर रोकेँ । उहाँले पञ्जा किन्नुभयो, मैले मफलर । हामी त्यसपछि अगाडि बढ्यौँ । मलाई बाटो थाहा नभएकाले इटहरी जाने बाटो कता हो भनेर सोध्दै हिँडेँ । हुस्सुले गर्दा बाटो राम्रोसँग कहाँ देखिन्थ्यो र ? म सुनसरीको भूगोलप्रति पूर्ण रूपमा अनभिज्ञ थिए । सायद भूगोलको केही ज्ञान भएको भए बिहान केही चक्कर लगाएर बाहिर निस्कन्थेँ होला । हामीसँग सरासर इटहरी झर्नुको विकल्प थिएन । मलाई हामी बसेकै घर 'रेड' हुन्छ होलाजस्तो लागेको थियो । मैले राति नै उठेर ४/५ चोटि बाहिर चहलपहल विचार गरेको थिएँ । हामी अगाडि बढ्दै थियौँ । बाटो सुनसान थियो । छेउमा नहर थियो । बाँकी देखिएको भाग खाली जमिन थियो । पछाडिबाट एक्कासि रोक-रोक भन्दै एउटा मोटरसाइकल आयो । मोटरसाइकलमा दुईजना थिए । पछाडिपट्टिको व्यक्ति पेस्तोल ताक्दै थियो । रोक-रोक, रोकिनस् भने इन्काउन्टर गरिदन्छु भन्यो । यद्यपि त्यो कराउने व्यक्तिको अनुहारमा हिम्मत कम र डर ज्यादा स्पष्टै देखिन्थ्यो । उसको हात काँपिरहेको थियो । मैले मेरो स्कुटर रोकिदिएँ । अगाडि आएर रोक भनेपछि मैले स्वाभाविक रुपमा रोकिदिएँ । त्यति बेला मलाई लाग्यो- हामी सेल्टरबाट बाहिरिँदै गर्दा एउटा मोटरसाइकल सोही स्थानबाट पछिपछि आएर केही अगाडि बढेपछि हामीलाई जितेर हराएको थियो । मलाई लाग्छ, हामीलाई सोही घरबाटै पछ्याउन सुरु भैसकेको थियो । त्यो हामी बसेको स्थान प्रहरीले सर्वाधिक 'मार्क' गरेको स्थान थियो भन्ने पछि थाहा लाग्यो । त्यहाँ हाम्रा साथीहरूको आवतजावत धेरैपटक भएको थियो । त्योभन्दा अगाडि पक्राउ खाएका, आत्मसमर्पण गरेका धेरै साथीहरू त्यहाँ कयौँ सातासम्म बसेको घर र स्थान थियो । सुनसरी जिल्लाका जिम्मेवार कमरेडहरूसँग त्यति समन्वय हुनुपर्ने हो । त्यसो हुन सकेन । दुस्मनले आफ्नो सर्वाधिक अभीष्ट पूरा गर्न सफल भयो । दिदीसहित म पूर्वका (मेची-कोसी) महत्वपूर्ण राजनीतिक व्यक्तित्व, प्रशासनिक व्यक्तित्व, व्यावसायिक व्यक्तित्व, अधिकारकर्मीहरूसँग समय मिलाएर सुरक्षा संवेदनशीलतालाई अधिकतम ख्याल गरेर भेटघाट, छलफल र अन्तर्क्रिया गरिरहेका थियौँ । शिलु दिदीको भनाइ थियो- नेतृत्वले सुरक्षित हुनुहोस् भनेको काम नगरेर, लुकेर हिँड्नुस् भन्नुभएको होइन । सुरक्षित भएर पार्टीको काम गर्नुस् भन्नुभएको हो । उहाँ यसो भनिरहनुहुन्थ्यो- एउटा मिडियामा चन्दाको पासोमा विप्लवका नेताहरू भन्ने आएकाले समाचार थाहा पाइयो तर नितान्त हाम्रो काम चन्दाका लागि मात्र थिएन । स्वाभाविक मङ्सिरसम्म देशव्यापी आर्थिक अभियान भएकाले त्यो काम पार्टीजीवनमा महत्वपूर्ण हुने नै भयो । यद्यपि दिदीको महत्वपूर्ण छलफल र सकारात्मक प्रतिक्रियाको बीचबाट हेर्दा त्यसैमा धेरै समय धेरै गतिविधि गर्नु परेन । बरु हाम्रो त सङ्गठनमा जोड थियो जसमा मेची-कोसीका सबै जिल्लाहरूमा सशक्त र पार्टीका कामहरूलाई कार्यान्वयन गर्न सक्षम सबल सङ्गठन बनाउने, झापा, मोरङ र सुनसरीमा ठूला जनसङ्घर्ष गर्ने । आधार क्षेत्रमा दीर्घकालीन र व्यवस्थापन जनमुक्ति सेनाको सबलीकरण, जनवर्गीय सङ्गठनहरूको शुद्धीकरण, उत्पादन, साथीहरूका समस्याहरूको समाधान आदि कुरामा हाम्रो जोडबल थियो । हामी मोरङ, झापा, सुनसरी, उत्तरी मोरङ, दक्षिणी इलामका जिम्मेवार साथीहरू र टिमका महत्वपूर्ण साथीहरूसँग प्रत्यक्ष भेटघाट, छलफल, निरन्तर गरिरहेका थियौँ । केही महत्वपूर्ण कामपछि ताप्लेजुङसम्म जाने र सोह्रथुमसम्म पुग्ने कुरा थियो । स्पष्टै छ काम गर्ने कुरामा हामीले कुनै कसर बाँकी राखेका छैनौँ । त्यसैले विरोधीहरू आत्तिएका थिए । पूर्वमा उठ्दै गरेको क्रान्तिकारी आन्दोलनलाई निष्प्रभावी बनाउन सकिन्छ भने कथित, कपोलकल्पित र खुनी योजना बनाइरहेका थिए । केन्द्र, प्रदेश र उसका जिल्ला एकाइ र युनिट घुमुवा सिभिल प्रहरीहरू हाम्राविरुद्ध परिचालित थिए । उनीहरू हामीलाई गिरफ्तार गर्न सकेसम्मको मेहनत गरेर लागिरहेका थिए । सफल भने थिएनन्, त्यो सम्भावना न्यून थियो ।

हामीलाई खोज्दै-खोज्दै आफ्नो दलबलसहित झापा हानिएको १ नम्बर प्रदेश प्रहरी बबिन्द्र नेम्बाङको घुमुवा टोली राताराात सुनसरी बराहक्षेत्र (जहाँ हामी बसेका थियौँ) आइपुगेको थियो । उनीहरूले हामी त्यो क्षेत्रमा बसेको विशेष सूचानबाट प्राप्त गरेका थिए । हामी जहाँ बस्यौँ त्यो छनोट गलत थियो । हामीलाई जहाँ पक्राउ गऱ्यो त्यहाँ आउने सादा पोसाकको प्रहरीले पेस्तोल ताक्दै हात उठा भन्यो । मैले रोकिराखेको स्कुटीबाट किन उठाउने ? प्रतिप्रश्न गरे । उठा, नत्र इन्काउन्टर गरिदिन्छु भन्यो । उत्रिएर छेउमा आएर पोस्तोल ताक्यो । हतकडी झिक्यो अनि लगायो । दिदीलाई र मलाई एउटै हतकडी लगायो । कम्मर छाम्यो, स्कुटीको डिकी छाम्यो, हेऱ्यो । गोजी सबै हेऱ्यो । त्यति नहुँदै सिभिल प्रहरीको गाडी आयो । प्रहरी भ्यान आयो । अन्य प्रहरी आए । हाम्रो गिरफ्तारिका लागि करिब ६०/७० जना प्रहरी बाटो, चेकपोस्ट, गाडी ढुकेर बसेका थिए । केन्द्र, प्रदेश र जिल्लासमेतको सहभागिता थियो । हामीलाई भ्यानमा हाल्यो र लिएर हिँड्यो । मैले भ्यानबाटै पर्सनल कमरेडलाई आफूहरू गिरफ्तार परिसकेको जानकारी गराएँ किनकि हाम्रो भेट उहाँसँग हुँदै थियो । सोही केन्द्र, प्रदेश र जिल्लासमेतको सहभागिता थियो ।

बिहान सुनसरी जिल्लाका पुराना महत्वपूर्ण साथीहरूलाई भेट्नेवाला थियौँ । हाम्रो मोरङ र सुनसरीमा नितान्त साङ्गठनिक भेटघाट थियो । जनवर्गीय सङ्गठनका जिम्मेवार साथीहरूलाई हामीले अघिल्लो दिनको साँझ भेटिसकेका थियौँ । सायद हाम्रो भेटघाट भैरै परिणाम ल्याउने ध्याउन्नमा अलि खुकुलो हुँदै थियो कि ? फेरि एउटा जिल्लाका जिम्मेवार, परिपक्व, अनुभवी कमरेडहरूलाई भेट्नु कसरी खुकुलो हुने ? पक्कै हामी यसै विषयमा केही गम्भीर, केही सचेत र होसियार हुन आवश्यक देखियो ।

> xfdL alnbfg ug{ sofF if{h]n a:g, oftgf ;xg dfgl;s ¿kdf tof/ eP/}lx8]sf sf/0f alnbfg xfd|]glDt uj{sf] ljifo xf]. of] l/eNa/sf]e\u0080§f] cleof]u b]v]kl5 / agfj6L syf x]/]kl5 nfUof]xfd| sofF; fyLx¿nfO{lxhf]cfh k|x/Ln] o:t}e\u0080§f cleof]u nufPsf] 5 . ;a}nfO{;fRr s}aGb's af]$g, k]tf]n leg{/ k|tsf/ ug{afWo agfpb}5 eGg]nflu/x]sf]5 .

हामीलाई प्रहरी भ्यानले महेन्द्रनगर इलाका प्रहरी कार्यालय चन्द्रगढीमा ल्याएर राख्यो । मुद्दा शाखामा ८ बजेदेखि करिब ११ बजेसम्म । प्रहरीहरू हाकिम आउने कुरा बताउँदै थिए । ११ बजेतिर डीएसपी विनोद शर्मा दिदी नमस्कार भन्दै आइपुगे । दिदीलाई माथि घाममा लैजा भन्दै छतमा हामीलाई लग्यो । दिदी र म कालीकोटमा बसेको हो । कालीकोटमा हुँदा प्रत्येक घरमा विप्लव छन् । सबैलाई समाएर राखे जेल र हिरासतले भ्याउँदैन भनेर प्रतिक्रिया दिने मै हुँ भन्दै आफ्नो बखान तिनले गरे । हामीलाई केही सोधे । हामीले केही आफ्ना स्वाभाविक कुरा अनौपचारिक राख्यौँ । केही राजनीतिक कुरा भए । आफ्नो कुरा गर्वका साथ राख्यौँ । उनीहरूकै इन्स्पेक्टरले खाने मेसमा खाना खुवाए । एकजना सादा पोसाकको प्रहरी नेपाली कागज लिएर आइपुगे । त्यो खानतलासी बरामदीको मुचुल्का उठाउने कागजात थियो । डीएसपी आफैँले बरामदीमा राख्ने वस्तु केही छैन । प्रक्रिया हो । केही नभएको भनी कागजात बनाउनुपऱ्यो भने । उनले दिदी राम्रोसँग पढ्नुस है कागज, प्रहरीले पेस्तोल राख्न सक्छ नि भने । हामीमा कुनै आपराधिक चेत थिएन । सामान्य हिसाबले नै त्यो कागज पढ्यौँ । त्यसपछि हामीलाई डीएसपीले आफ्नो गाडीमा राखेर जिल्ला प्रहरी कार्यालय सुनसरीमा ल्याए र हिरासतमा हाले ।

## रिभल्बरको कथित आरोप

हामी दुवै पूर्ण रूपमा निःशस्त्र थियौँ । सायद हामीसँग पेस्तोल हुँदो हो भने प्रतिकार गर्थ्यौं होला । हामीसँग त्यो मौका, समय र मौसम सबै थियो । हाम्रो साथमा नङ काट्ने नङकट, दाह्री फाल्ने मेसिन, केही फेरफार कपडाबाहेक केही पनि थिएन । डीएसपी बिनोद शर्मा स्वयमूले हामीसँग केही नभएको विषयमा स्पष्ट भएको र बरामदीमा केही राख्न नसकिने कुरा स्पष्ट भएको अवस्था थियो । हामीलाई हिरासतमा राखेको भोलिपल्ट बिहान मुद्दा फाँटमा लगियो । मेराअगाडि प्रहरीहरू थिए । तिनले थुनुवा पुर्जी बुझ्न भने । मैले के मुद्दाहो भनेर प्रश्न गरेँ । उनले हातहतियार खरखजाना भएको सुनाए । हामी झसङ्ग भयौँ किनकि हामी पूर्ण रूपमा निःशस्त्र थियौँ । एकाएक कथित झूट्टा मुद्दा बनाएर प्रहरी हामीलाई साँच्चीकै पेस्तोल बोक्न बाध्य पार्दै थियो । यो देशको सामाजिक फासिवादी सरकार नागरिकहरूको आलोचना, विरोध र विद्रोह गर्न सक्दैन वा आफूहरू सच्चिनु पर्दछ भनेर गम्भीर बन्नुको सट्टा खबरदारी गर्नेहरूलाई यसरी नै बनावटी मुद्दा र कथित आरोपहरूले आरोपित गरेर थुन्दै जान्छ भने पेस्तोल बोक्ने कुरा, बन्दुक उठाउने कुरा अनिवार्य बन्दैन र ? पक्कै पनि अनिवार्य बन्दै जानेछ । हामीले उक्त थुनुवा पुर्जी बुझ्न मानेनौँ । हामीले त्यसको मौखिक प्रतिवाद गऱ्यौँ । उनीहरूको आरोप थियो- हामीलाई यूएसए लेखिएको अमेरिकन रिभल्बर र त्यसमा लाग्ने ५ राउन्ड गोलीसहित लोड भएको अवस्था पक्राउ गरिएको हो । उनीहरूको प्रतिवेदनमा उमा भुजेलको कम्मरमा पेस्तोल भएको, उनले पेस्तोल निकालेर प्रहरीलाई ताकेको, प्रहरीलाई ताकिरहेको पेस्तोल उमा भुजेलको हातबाट खोसी सुमनसिंहले हान्न खोजेको तर उमाले सुमनको हातबाट खोसी पुनः आफ्नै कम्मरमा भिरेपछि प्रहरीले नियन्त्रणमा लिएको । यस्तो कपोलकल्पित, मिथ्या र हास्यास्पद प्रतिवेदन प्रहरीले बनाएको थियो । हामीलाई पनि देखाइयो, एउटा खिया परेको, पुरानो सायद पड्किन्नथ्यो, त्यस्तो पेस्तोल देखाइयो । त्यसबेला मैले सहिद कुमार पौडेललाई सम्झिएँ । कुमार पौडेलको षड्यन्त्रपूर्वक हत्या गर्दा उहाँको हत्यापछाडि सार्वजनिक फोटोमा हातको छेउमा पेस्तोलजस्तो देखिएको थियो । काठको बिँड भएको, खिया लागेको । मलाई लाग्यो प्रहरीको घुमुवा टोली मौका मिलेको भए हाम्रो हत्या गर्ने मनसायले पछि लागेको थियो । आपराधिक मनोवृत्ति र मनसाय भएका योजनामा खटिएका व्यक्तिगत लाभका लागि बढी सोच्ने मानिसहरू हिंस्रक हुन्छन् । जसरी कमरेड कुमारको हत्या भयो, त्यसैगरी हाम्रो हत्या गर्ने र हातमा यही थोत्रो पेस्तोल राखिदिने मनसायले योजनामै आएका थिए भन्ने आधारहरू पनि छन् किनकि पछिसम्म अन्य प्रहरीहरू तपाईंहरूसँग पेस्तोल थियो भनेर जिकिर गरिरहेका थिए । मलाई लाग्छ १ नम्बर प्रहरी कार्यालय र वर्तमान सामाजिक फासिवादी सत्ताका १ नम्बरका केही मुख्तियारहरू हाम्रो आन्दोलनलाई निष्प्रभावी पार्न व्यक्तिहत्यामा उत्रिएको र उनीहरू हत्याको हिंस्रक मानसिकतामा रहेको विगतका घटनाहरूबाटै स्पष्ट भैसकेका छन् ।

यद्यपि हामी बलिदान गर्न, कयौँ वर्ष जेल बस्न, यातना सहन मानसिक रूपमा तयार भएरै हिँडेका कारण बलिदान हाम्रानिम्ति गर्वको विषय हो । यो रिभल्बरको झूट्टो अभियोग देखेपछि र बनावटी कथा हेरेपछि लाग्यो हाम्रा कयौँ साथीहरूलाई हिजोआज प्रहरीले यस्तै झूट्टा अभियोग लगाएको छ । सबैलाई साँच्चिकै बन्दुक बोक्न, पेस्तोल भिर्न र प्रतिकार गर्न बाध्य बनाउँदैछ भन्ने लागिरहेको छ । हामी वर्तमान दलाल पुँजीवादी सत्ताको विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्थासहितको उन्नत समाज, सभ्यता र संस्कृति स्थापनाका निम्ति सङ्घर्षरत छौँ । हामी निर्भीकतापूर्वक आफ्नो कुरा भनिरहन्छौँ, प्रतिवाद गरिरहन्छौँ । हामीले उठाएको आवाज हाम्रो विद्रोह लाखौँ प्रहरी, सुरक्षाकर्मीहरूका लागि पनि हो । वर्तमान सत्ता हामीलाई गिरफ्तार गर्ने बबिन्द्र नेम्बाङहरूको वर्गको खिलापमा पनि छ । सायद यिनै सुरक्षाकर्मी साथीहरूले महलको गीतमा रमाइदिनुभन्दा झुपडीहरूको गीत कोरिदिए भने आफ्नो वर्ग, समुदायप्रति इमानदार भएको ठहरिनेछ । हाम्रो पूर्वाग्रह अत्यन्त कम अनुरोध नै ज्यादा छ । हामी भन्न चाहान्छौ ।

सत्यलाई कैद नगर, सत्यको हत्या नगर ।  
कहिल्यै पनि हत्केलाले सूर्यलाई छेक्न सकिँदैन ।  
म त अहिल्यै भनिरहेको छु ।  
ए जून मलाई पनि तिम्लेजस्तै  
अँध्यारो फटाउँदै, लुटारुले सिर्जना गरेको  
कृत्रिम अँध्यारोमा थोरै भए पनि  
उज्यालो भरेर अस्ताउनु छ ।

यो दुनियाँबाट बिदा लिनु, अस्ताउनु सबैलाई छ । कोही छैन अजम्मरी । मलाई थोरै भए पनि समाजमा केही सकारात्मक योगदान गरेर अस्ताउनु छ । समाज बदल्ने न्यायपूर्ण लडाइँलाई थोरै भए पनि योगदान गरेर मर्नुछ । लुटेराहरूले खडा गरेको कृत्रिम, बनावटी, अँध्यारो, लूट र अत्याचारपूर्ण सामाजिक अवस्थालाई परिवर्तन गरेर सबै नागरिकहरू खुसी हुने, समान हुने, अधिकारपूर्ण हुने सामाजिक अवस्था निर्माण गर्नुछ । यही गरेबापत भागमा मृत्यु नै पर्छ भने त्यो स्विकार्ने चाहना मैले राखेको छु । मेरो अनुरोध छ- यस्ता झूट्टा रिभल्बरका कार्य, हत्याका षड्यन्त्र, यातनाका तानाबाना अबको युगमा, यो चेतनामा पाच्य हुँदैन । यसो नगर्नुमै बुद्धिमत्ता ठहरिनेछ ।

## म्याद थप र आन्दोलनको यात्रा

हामीलाई पुस १२ गते थुनुवा कोठामा हाल्यो । दोस्रो दिन अदालत लगेर ५ दिनको म्याद थप गरियो । सरकारी वकिल कार्यालयमा लगियो । हाम्रो अभियोगका बारेमा सोधियो । हामीले प्रतिवाद गऱ्यौँ । म्याद थपको पुस्तिकामा हस्ताक्षर गर्न मानेनौँ । अन्त्यमा आफ्नो कुरा राख्ने समय आउने भएकाले हस्ताक्षर गर्ने स्थानमा रिभल्बरको विषय अस्वीकार भएको नोट लेखेर हस्ताक्षर गऱ्यौँ । त्यो दिन प्रहरीको व्यवहार एकदमै घिनलाग्दो थियो । गाडीमा हाल्यो शिलु दिदीलाई चिन्ने एकजना सर्वसाधारण (जनयुद्धमा योगदान गरेको) महिला आएर खुब रोइन् । म पनि भावुक भएँ । मेरा पनि आँखा रसाए । मलाई यस्तो लाग्यो- आज हामी दलालहरूको पछि लाग्ने भएर खट्ने, त्यही फोहोरी राजनीतिमा थियौँ भने जनताको यो हार्दिकता, यही व्यवहार र माया प्राप्त हुन्थ्यो होला ? अहँ हुँदैनथ्यो, बरु घृणा, थुकाइ प्राप्त हुन्थ्यो ।

फेरि हिरासतमा ल्याइयो । हिरासतको बसाइ, थुनुवाहरूसँग कुरा गर्ने, पत्रिका पढ्ने, कविता-गीत लेख्ने यस्तै बितिरहेको छ । यो एउटा सशक्त र महत्वपूर्ण मोर्चा हो । यो मोर्चालाई गर्वका साथ उचाइमा उठाउनु हाम्रो दायित्व हो । हाम्रो पार्टीका स्थायी समिति सदस्य क. सुदर्शनसहित कयौँ महत्वपूर्ण नेतृत्व दलाल सत्ताको अभिमानको बन्द पर्खालभित्र कैद हुनुहुन्छ । पूर्व क्षेत्रबाट पहिलोपटक शिलु दिदी दुस्मनको घेरामा पर्नुभयो । बाहिरी मोर्चा र जेल मोर्चा हाम्रो आन्दोलनको जीवनमा स्वाभाविक प्रक्रिया हो । बाहिर हुँदा इमानदारीपूर्वक, निष्ठापूर्वक जनताको अपार माया र विश्वासका साथ आफ्नो कर्तव्य निर्वाह गऱ्यौँ । जहाँ खाली भयो त्यहाँ अझ सशक्त रूपमा आन्दोलन उठ्नेछ । हामी हिरासत र जेल मोर्चा सशक्त रूपमा समाल्नेछौँ ।

हामीलाई दोस्रोपटक अदालत लग्यो । ५ दिनको म्याद थप्यो । कमरेड लक्ष्मण पौडेल, कमरेड सागर, कमरेड सुरेश र कमरेड मोहनसँग अदालतमा भेट भयो । उहाँहरूलाई पनि म्याद थप गर्न ल्याएको रहेछ । केही कुराहरू भए । त्यस दिन अदालतमा न्यायाधीशलाई ध्यानाकर्षण गराउन पाइयो । मैले केही कुरा राखेँ । दिदीले दमदार कुरा राख्नुभयो । पहिलो कुरा आफूहरूसँग हतियार नभएको, दोस्रो भए प्रतिरोध गर्नका लागि प्रहार हुन्थ्यो, प्रशस्तै वातावरण थियो । तेस्रो नागरिकहरूलाई यसरी पेस्तोल बोकेका झूट्टा आरोपहरू लगाइरहने हो भने साँच्चिकै पोस्तोल बोक्ने र त्यसले राज्यमा युद्ध मच्चिने कुरा राख्नुभयो । सरकार गम्भीर बन्नुपर्ने विषय राख्नुभयो । अदालत परिसरमा धेरै सर्वसाधारण, कानुन व्यवसायी यी कुरा सुनेर स्तब्ध भएको अनुभूति भयो । स्वयम् व्यवसायी पनि गम्भीर र चिन्तित मुद्रामा तपाईंको कुरा नोटिस भयो, आफ्ना कुरा राख्नुहोला भन्दै थिए । हिरासतमा फेरि ल्याए । कनुनको अवस्था, यसको कार्यान्वयनको अवस्था, सुनसरी जिप्रका थुनुवा कक्षमा थुनिएका गरिब मधेसी जनता, लागूपदार्थमा थुनिएका साधारण युवक, साइकल चोर, अटोरिक्सा चालक, सोझा जनतासँग कुरा गर्दै दिनहरू व्यतित गरिरहेको छु । लाग्छ हिरासतभित्र राज्यले आरोपित गरेका अपराधहरू राज्यको निकम्मा र गैरजिम्मेवारीपनका कारण, नागरिकहरूको व्यवस्थापनमा उदासीनताका कारण, अन्याय, अत्याचार, गरिबी, अशिक्षाका कारण उत्पन्न भएका हुन् । यसरी हेर्दा मलाई लाग्छ यो वर्तमान दलाल संसदीय व्यवस्था अपराध नियन्त्रण गर्ने संस्था होइन, अपराध उत्पन्न गर्ने कारखाना भएको स्पष्ट भएको छ । यो व्यवस्थाको सङ्कट छताछुल्ल हुँदै गएको छ । अन्त्य अनिवार्य र आवश्यक छ । जनताको विजय सुनिश्चित छ ।

तेस्रोपटक ७ दिनको म्याद थप भएको छ । चौथोपटक ६ दिनको म्याद थप भएको छ । हामीलाई झूट्टा कथाहरूले आरोपित गरिएको छ । यस्ता कयौँ झूटहरूको कथा खडा गरेर उभिएको सामाजिक फासिवादी सत्ता हाम्रो विचार, दृष्टिकोण, आदर्श, मूल्य-मान्यताको अगाडि फिक्का साबित हुँदै गएको छ । यो अभिमान, घमण्ड, असन्तोष, झूट, अन्तर्घात, विद्वेष, घृणा, लूट, व्यभिचारको कमजोर धरहरा सामान्य भूकम्पले नै ढाल्नेछ । त्यो भूकम्प भूगर्भमा सल्बलाइरहेको छ । त्यसले विस्फोट हुने केन्द्र छनोट गरिरहेको छ ।

२५ पुस, २०७६, इनरुवा हिरासत

## विद्यार्थी नेताहरु ...

प्रहरीले गिरफ्तार गरेको छ । कोषाध्यक्ष विकलाई सोमबार दिउँसो मध्यबानेश्वरबाट प्रहरीले गिरफ्तार गरेको हो । क्रान्तिकारीले आफ्नो सङ्गठनका अध्यक्ष ढकाल, कोषाध्यक्ष विकलगायत नेता-कार्यकर्ताहरूको गिरफ्तारीको विषयलाई लिएर यसको विरोधमा आमशैक्षिक हडतालसहित चरणबद्ध सङ्घर्षका कार्यक्रम घोषणा गरेको छ । सङ्गठनका उपाध्यक्ष रुद्र भट्टराईले शनिबार प्रेसविज्ञप्ति जारी गर्दै सङ्घर्षका कार्यक्रम घोषणा गरेका हुन् । विज्ञप्तिमा जनाइएअनुसार फागुन ४,५ र ६ गते प्रचारप्रचार, ७ गते ज्ञापनपत्र पेस गर्ने, ८ गते सबै शिक्षण संस्थाहरूमा कोणसभा, ११ गते अन्तरक्रिया, १२ गते विरोध प्रदर्शन, १३ गते मशाल जुलुस र १४ गते आमशैक्षिक हडताल गर्ने कार्यक्रम छ ।

## बन्दीहरुलाई जङ्गलमा ...

रामबहादुर थापा बिरामी रहेको र नियमित खाने औषधीसमेत खोसेर फालिएको, दिसापिसाब गर्न नदिएको र खानेकुरा केही खान नदिएर चरम यातना दिएको परिवारजनले बताएका छन् । बन्दी रामबहादुर सहिद परिवारसमेत हुन् ।

दाङको राजपुर गाउँपालिका ४ बाट प्रहरीले नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा मध्यपश्चिम कमान्ड इन्चार्ज वीरजङ्ग, राप्ती ब्युरो इन्चार्ज केशबहादुर बाँठा 'सुवास', ब्युरो सदस्यहरू सविन, युवा सङ्गठनका केन्द्रीय अध्यक्ष पाटन, बेपत्ता योद्धा परिवार समाजका अध्यक्ष सुन्दर, रुकुम इन्चार्ज चन्द्र बुढा, रोल्पा इन्चार्ज प्रयास, दाङ इन्चार्ज विक्रम, सल्यान इन्चार्ज विश्व, दाङ सेक्रेटरी प्रदीपसहित २१ जनालाई गिरफ्तार गरेको थियो ।

### रोल्पामा पुनः गिरफ्तार

त्यसैगरी रोल्पा जिल्ला अदालतबाट सोमबार रिहा भएका विष्णु राउत 'सङ्कलन' र सुरज परियारलाई अदालतले रिहा गरे पनि अदालत परिसरबाट पुनः गिरफ्तार गरेको बताइएको छ । उनीहरूलाई प्रहरीले जबर्जस्ती आत्मसमर्पण गर्न दबाब दिएको तर अस्वीकार गरेपछि पुनः गिरफ्तार गरेको बताइएको छ ।

## गुणराज लोहनी ...

काठमाडौँको वीर अस्पतालमा भर्ना गरिएको छ । उनलाई मायोस्थेनिया, सुगर, प्रेसरलगायत पुरानो रोगले च्यापेपछि प्रहरीले मङ्गलबार अस्पताल पुऱ्याएको पारिवारिक स्रोतले जनाएको छ ।

गत माघ ६ गते चितवनबाट गिरफ्तार भएका लोहनी करिब एक महिनाको हिरासत बसाइपछि आइतबार अदालतबाट रिहा भएका थिए । तर उनलाई अदालतपरिसरबाटै पुनः गिरफ्तार गरेर चितवनबाट मकवानपुर लगिएको थियो । गम्भीर अस्वस्थताका कारण पार्टीबाट बिदा लिएर उपचार गराइरहेका र राष्ट्रियताका विषयमा बहस गर्न 'राष्ट्रिय जागरण मञ्च' गठन गरेर भारतीय अतिक्रमण, नेपाली भूभाग कब्जा, अमेरिकी परियोजना एमसीसीलगायत विषयमा अन्तरक्रिया गरेर काठमाडौँबाट चितवन पुग्नासाथ गत माघ ६ गते उनलाई प्रहरीले गिरफ्तार गरी अभद्र व्यवहारको मुद्दा लगाएको थियो । लोहनी पछिल्लो समय राष्ट्रिय जागरण मञ्चमार्फत राष्ट्रियता र जनतन्त्रका बारेमा अभियान सञ्चालन गर्दै आएका थिए । उनले पछिल्लो समय अमेरिकी परियोजना एमसीसीका विषयमा बहस चलाउँदै आएका थिए । लोहनीलाई यसअघि पनि चितवनमै १३ दिन हिरासतमा राखिएको थियो । यो उनको तेस्रो गिरफ्तारी हो ।

यसैबीच नेकपा निकट जनगणतान्त्रिक सम्पर्क मञ्चका केन्द्रीय सचिव पूर्णबहादुर श्रेष्ठलाई प्रहरीले गिरफ्तार गरेको छ । श्रेष्ठको रिहाइको माग गर्दै सम्पर्क मञ्चका केन्द्रीय अध्यक्ष कमानसिंहले प्रेसविज्ञप्ति जारी गरेका छन् । साथै उनले राजनीतिक आस्थाकै आधारमा आफ्नो सङ्गठनका नेता-कार्यकर्ताहरूलाई प्रशासनले दमन र गिरफ्तार गरेको भन्दै उक्त कार्य बन्द गर्न माग गरेका छन् । श्रेष्ठलाई माघ २९ गते काठमाडौँबाट गिरफ्तार गरिएको अध्यक्ष कमानसिहंको विज्ञप्तिमा उल्लेख छ ।

यसैबीच पुर्पक्षका लागि कारागारमा राखिएका नेकपाका शिव धिमाल गम्भीर बिरामी परेका छन् । पारिवारिक स्रोतका अनुसार उनलाई सोमबार काडमाडौँको शिक्षण अस्पतालमा भर्ना गरिएको छ । उनलाई ज्वरो आउने, छाती दुख्नेलगायत समस्या आएका कारण अस्पतालमा भर्ना गर्नुपरेको बताइएको छ । उनलाई गत चैतमा काभ्रेको काफलडाँडाबाट प्रहरीले गिरफ्तार गरेको थियो । ललितपुर जिल्ला अदालतमा भएको थुनछेक बहसपछि उनलाई नख्खु कारागारमा बन्दी बनाइएको छ । उनलाई बम विस्फोटको मुद्दा लगाइएको छ ।

## एमसीसी पारित गरिए ...

बोकेको पार्टीमाथि प्रतिबन्ध लगाउने कुरा देखावटी लोकतान्त्रिक व्यवस्थामा पनि यस्तो नहुने बताए ।

उनले भने, 'विप्लव नेतृत्वको पार्टीले केही दलालमाथि कारबाही गरेको हो । यतिले मात्र पुग्दैन । त्यस विषयलाई त्यति ठूलो बनाएर पेस गर्नु पनि उपयुक्त हुँदैन । विप्लवप्रतिको सरकारी व्यवहार पनि राम्रो छैन । पार्टीलाई प्रतिबन्ध लगाएर नेता-कार्यकर्ताहरूलाई धमाधम जेलमा हालिरहेको छ । यसको हामीले जोडदार रूपमा विरोध गर्दै आएका छौँ । हामीले विप्लवजीलाई भन्दै आएका छौँ- तपाईंहरू मेहनत गर्नुस् । पार्टी एकता गरौँ । कार्यदिशाका विषयमा छलफल र बहस गरौँ । तरिका उहाँहरूको पनि बिग्रिएको छ । सरकारले पनि त्यो तरिकाले दमन गर्नु हुँदैन । सरकारले आफ्नो तानाशाहीपन देखाइरहेको छ । उहाँहरूले पनि कसरी लैजाने भन्ने विषयमा त्यतिकै सोचेर-बुझेर कार्यक्रम बनाइरहनुभएको छैन । अब नयाँ ढङ्गले अघि बढ्नुपर्ने बेला आएको छ ।'

साथै किरणले राष्ट्रियताको समस्या निकै गम्भीर बनेको समयमा जनतन्त्र र जनजीविकाका समस्या पनि विकराल बन्दै गएको बताएका छन् । भारतले लिम्पियाधुरा, कालापानी, लिपुलेकसम्मको भूभागलाई घोषित रूपमा आफ्नो नक्साभित्र गाभेको र कालापानीमा ब्यारेक नै राखिराखेको, ७१ भन्दा बढी ठाउँमा सीमा अतिक्रमण भइराखेको, पुराना असमान सन्धिसम्झौताहरू कायमै रहेको अवस्थामा देशमा गम्भीर समस्या उत्पन्न हुँदै गएकाले क्रान्तिकारी, राष्ट्रभक्त, देशभक्तहरू एकजुट हुनुपर्ने बेला आएको बताएका छन् ।

## आस्थाका बन्दीहरुले ...

अतिथि आदर्श, वीरबहादुर तिरुवालगायत अतिथिहरूले सम्बोधन गरेका थिए । जनयुद्ध दिवसका अवसरमा कारागारमा शुभकामना आदानप्रदान, चियापान कार्यक्रमका साथै भलिबल प्रतियोगिता पनि आयोजना गरिएको थियो । कारागारभित्र मनाइएको जनयुद्ध दिवस कार्यक्रमको अध्यक्षता मधुविलास रावत, सञ्चालन डम्बरबहादुर सुनार र स्वागत मन्तव्य धर्मराज सुनारले दिएका थिए ।

नेकपाका केन्द्रीय नेता चूडामणि ओली 'आदर्श' सहित १६ जना गौमूल गाउँपालिका ३ माझपालीबाट कात्तिक २२ गते गिरफ्तार भएका थिए । त्यसमा मध्ये ५ जना महिला र ११ जना पुरुष थिए । गिरफ्तार भएको ६७ दिनसम्म उनीहरुलाई हिरासतमा राखेको थियो ।

यस्तै बर्दिया कारागारमा रहेका नेकपाका नेता रणवीर, कैलाली कारागारमा रहेकी नेकपाकी नेत्री बन्धु चन्दले पनि आस्थाका बन्दीहरूसँग भेटघाट र शुभकामना आदानप्रदान गरी जनयुद्ध दिवस मनाएका छन् । नख्खु कारागारमै रहेका नेकपा नेता माइला लामा, नवीनलगायतले पनि आआफ्नै अनुकूलतामा २५ औँ जनयुद्ध दिवस मनाएको बताइएको छ । हालसुदर्शन, वीरजङ्ग, शिलु, रणवीर, आदर्श, माइला, प्रज्वलन, हितमान, सुवास, बन्धु, दीपेशलगायत नेकपाका सयौँजना नेता विभिन्न हिरासत र जेलमा बन्दी अवस्थामा छन् ।

## एमसीसीको लागि ...

नभए पारित नहुने अमेरिकी धारणा सार्वजनिक गरे । त्यसैप्रकारको धारणा भेटका क्रममा ब्रुक्सले नेताहरूको भेटमा स्पष्ट गरे । सामान्य संशोधन गरेर जनताको आँखामा छारो हालेर पारित गर्ने नेताहरूको चाहनामा समेत अमेरिकी कूटनीतिज्ञहरूले चिसो पानी खन्याइदिएका छन् ।

नेपाल र एमसीसीका बीचमा २०७४ भदौमा ५० करोड अमेरिकी डलर अनुदान सहयोग दिने-लिने दिने सम्झौता परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली अमेरिकी भ्रमणमा रहँदा गरेका थिए । यस्तो दूरगामी महत्वका विषयमा देशभित्र छलफल नै नगरी किन सम्झौता गरियो ? प्रश्न उठेको छ ।

सदनमा पेस गर्नु भनेको सांसदहरूको मत लिनु, जनप्रतिनिधिमार्फत जनअनुमोदन गर्नु हो । सदनमा पेस नगरी कार्यालय खोल्नु, ५० भन्दा धेरै कर्मचारी भर्ती हुन्छ, २ अर्बभन्दा बढी खर्च गरिसक्नुले सदनमा पेस गर्ने कार्य जनताको अनुमोदन नभएर फसाउने, अपमानित गर्ने अमेरिकी रणनीतिमा सरकारको नाङ्गो दास मनोवृत्ति देखिन्छ । एमसीसी लागू भैसकेको हो र ? नेपालमा भएका दाताहरूमध्ये २० औँ स्थानमा रहेको अमेरिकाले एमसीसी नेपालको हितमा भए त्यसका लागि दबाब, धम्की र लबिङ किन गर्नुपऱ्यो ? सम्झौताका सर्तहरूमा संशोधन गर्न नसक्ने किन ? सम्झौताका पक्षधरहरूले यस्ता प्रश्नको चित्तबुझ्दो जबाफ दिनसकेका छैनन् । सम्झौता गर्नुभन्दा अगाडि नै संशोधन गर्नुपर्थ्यो अब ढिला भयो भन्ने अमेरिकी अधिकारीहरूको अडान देखिन्छ । अपरिवर्तनीय भए सदनको अनुमोदनको अर्थ के हो त ? संशोधन गर्दासमेत पारित गर्न 'ए है ए है' भैरहेको बेला संशोधन नगरी जस्ताको तस्तै पारित हुन फलामको च्युरा चपाउनु हुनेछ । पारित गर्दा वा नगर्दा दुवै कोणबाट वली सरकार सङ्कटमा फस्दै गएको छ ।

एमसीसी प्रस्ताव पारित नहुँदै काठमाडौँ दरबारमार्गस्थित याक एन्ड यती होटेलमा यसको कार्यालय सञ्चलनमा आइसकेको छ जसमा ६१ जना नेपाली, १ जना भारतीय र २ जना नेपाली मूलका अमेरिकी नागरिक कार्यरत छन् । त्यसमा हालसम्म अमेरिकीले ११ करोड र नेपालले २ अर्ब रुपैयाँ लगानी गरिसकेका छन् । सदनबाट प्रस्ताव पारित नगरेसम्म अमेरिकाले थप रकम निकासा नगर्ने अडान लिएको छ । एमसीसीको स्वामित्व राज्यले लिएन भने २ अर्बभन्दा बढि रकमको जिम्मा कसले लिने । यो प्रश्न पनि उठेको छ । अमेरिका र वली सरकारको इच्छाविपरीत झलनाथ खनाल नेतृत्वको एमसीसी आयोगको समयावधि १० दिन थपिएको छ भने कार्यदलको सुझाव नआउँदै प्रम वलीले कार्यदलको विपक्षमा बोलेका छन् । एमसीसी विवाद झन्झन् डढेलोझैँ फैलिँदै गएको छ ।

# भारतमा बस्ने नेपालीले गरे एमसीसीको कडा विरोध

प्रवासी नेपाली जनसमाज भारत केन्द्रीय समितिले अमेरिकाले नेपालमा लाद्न खोजेको एमसीसीको कडा शब्दमा विरोध गरेको छ । जनसमाजका दोस्रो राष्ट्रिय सम्मेलन आयोजक समितिका संयोजक आजाद सेन थापाले प्रेस विज्ञप्ति जारी गर्दै एमसीसीको विरोध गरेका हुन् ।

उनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हाम्रो माभृभूमि नेपाल भौगोलिक हिसाबले सानो मुलुक भए पनि प्राकृतिक स्रोत र साधन प्रचुर मात्रामा रहेको छ । यसका साथै चीन र भारतका बीचको भूराजनीतिक अवस्थितिले सामारिक हिसाबले पनि यो अत्यन्त महत्वपूर्ण क्षेत्र बन्न पुगेको छ । अमेरिकी साम्राज्यवादले नेपालमा रहेको युरेनियम भण्डार कब्जा गर्ने, भारतीय शासक वर्गलाई साथमा लिने र चीनलाई घेरा हाल्ने गरी दक्षिणएसियामा आफ्नो फौजी अखडा कायम गर्ने उद्देश्यका साथ हिन्द-प्रशान्त रणनीति अगाडि बढाउँदै आएको छ । त्यसका लागि नेपाली भूमि उसका लागि महत्वपूर्ण बन्न गएको छ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'कमिसनमा बाँचेका नेपालका संसदीय व्यवस्थाका सञ्चालकहरूलाई खरिद गरी आर्थिक विकासका पूर्वाधार निर्माणको आवरणमा ठूलो धनराशि खर्च गर्ने लोभ देखाएर हिन्द-प्रशान्त रणनीतिको अङ्गका रूपमा मिलिनियम च्यालेन्ज कर्पोरेसन अर्थात् एमसीसी नामको संस्था खडा गरी नेपालमा आफ्नो फौजी अखडा स्थापना गर्ने उद्देश्यका साथ अगाडि बढिरहेको छ ।'

विज्ञप्तिमा चेतावनी दिँदै भनिएको छ, 'उपरोक्त आयोजनालाई संसद्बाट पारित गराउन साम्राज्यवादी दलालहरू न्वारानदेखिको बल लगाइरहेका छन् । तर त्यस राष्ट्रघाती सम्झौताका विरुद्ध नेपाल कम्युनिस्ट पार्टीलगायत क्रान्तिकारी शक्तिहरू, स्वभिमानी, सचेत र देशभक्त नागरिकहरू आन्दोलित भइरहेका छन् । हाम्रो सङ्गठन प्रवासी नेपाली जनसमाज भारत उक्त न्यायपूर्ण आन्दोलनमा ऐक्यबद्धता जाहेर गर्दछ र अमेरिकी सरकारसँग नेपालको सार्वभौम अधिकार खण्डित गर्ने गरी र असंलग्न परराष्ट्र नीतिविपरीत लादिएको उक्त एमसीसी सम्झौता खारेज गर्न जोडदार माग गर्दछ । नेपालको संसद्मा रहेका देशभक्तहरूलाई उक्त राष्ट्रघाती सम्झौता पारित नगर्नसमेत अपिल गर्दछ ।'

## महाकालीवारि भारतले सडक खनेपछि आस्थाका बन्दीहरू आन्दोलित

**बाजुरा** : भारतले नेपाली भूमि हस्तक्षेप गरेर महाकालीवारिको नेपाली भूमिमा सडक विस्तार गरेपछि बाजुरामा रहेका आस्थाका बन्दीहरूले जेलभित्रैबाट भारतीय हस्तक्षे विरुद्ध नाराजुलुस गरेका छन् ।

आइतबार बिहान ७ बजे आस्थाका बन्दीहरूको नेतृत्वमा जेलभित्रका सबै बन्दी एक भएर भारतीय हस्तक्षेपका विरुद्ध नाराजुलुस गरेका हुन् । जेलभित्र रहेका ५१ जना बन्दीले भारतीय साम्राज्यवाद मुर्दावाद, अमेरिकी साम्राज्यवाद-एमसीसी मुर्दावाद, दलाल संसदीय व्यवस्था मुर्दावाद, भारतद्वारा महाकालीवारि दार्चुलामा गरिरहेको सडक कटिङ बन्द गर, दलाल सरकार मुर्दावाद, वैज्ञानिक समाजवाद जिन्दावाद, महान् सहिदहरू अमर रहून्लगायत नारा लगाउदै भारतीय हस्तक्षेपको विरोध गरेका छन् ।

नाराजुलुसपछि जेलभित्रै आयोजित कोणसभालाई नेकपाका नेता आदर्शले सम्बोधन गरेका थिए । उनले वैदेशिक हस्तक्षेपका विरुद्ध सारा नेपालीहरू जुट्नुपर्ने बेला आएको बताए । नेपाली भूमि लिपुलेक, कालापानी, लिम्पियाधुरामा हस्तक्षेप गरिरहेको भारतले अहिले मकाकालीको दार्चुलावारि सडक खानिरहेको भन्दै आदर्शले देशका विभिन्न भागमा भारतीयद्वारा अतिक्रमण भैरहँदा दलाल केपी सरकार लाज पचाएर चुपचाप बसिरहेकाले आस्थाका बन्दीहरूले जेलभित्रबाटै राष्ट्रिय स्वाधीनताका आवाजहरू बुलन्द गर्नुपरेको बताएका थिए ।

महाकालीवारि दार्चुलामा केही दिनदेखि भारतले एकपक्षीय ढङ्गले सडक खनिरहेको छ । उक्त कार्यले हाम्रो राष्ट्रियतामाथि ठाडो हस्तक्षेप गरेको भन्दै आदर्शले जेलभित्रै सरकारप्रति आक्रोश पोखेका थिए ।

नेपाली भूमिमा भारतीयहरूले सडक खनेपछि कारागारमा रहेका आस्थाका बन्दीहरूले गृह मन्त्रालयमार्फत सरकारलाई ध्यानाकर्षण गराएका छन् । राष्ट्रियता रक्षाका लागि आस्थाका बन्दीहरूको आन्दोलनमा जेलभित्रका सबै बन्दीहरूले ऐक्यबद्धता जनाएका छन् । महाकालीवारि दार्चुलामा भारतीय हस्तक्षेपविरुद्ध बन्दीहरूले नाराजुलुस लगाएपछि जिल्ला प्रहरी कार्यालयबाट इन्स्पेक्टर लोकेन्द्रसिंह ठकुन्नाको टोलीले कारागारमा पुगेर उक्त विषयमा जानकारी दिएको बताइएको छ ।

## जनगणतान्त्रिक सम्पर्क मञ्चका तीनजना हिरासतमा भेटिए

नेपाल कम्युनिस्ट पार्टी निकट जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समितिअन्तर्गत रहेको रामेछाप-काठमाडौँ जनगणतान्त्रिक सम्पर्क मञ्चका अध्यक्ष रूपक श्रेष्ठ, काभ्रेका नकुल चौलागाईं र सर्लाहीका राजेश पाठकलाई प्रहरीले गिरफ्तार गरी हिरासतमा राखेको भन्दै मञ्चका केन्द्रीय अध्यक्ष कमानसिंहले तत्काल रिहा गर्न माग गरेका छन् ।

मङ्गलबार विज्ञप्ति जारी गर्दै अध्यक्ष कमानसिंहले फागुन १ गते नेकपाले आयोजना गरेको २५ औँ जनयुद्ध दिवस मनाउने क्रममा उनीहरूलाई प्रहरीले सुन्धाराबाट गिरफ्तार गरेको जनाएका छन् । श्रेष्ठ, पाठक र चौलागाईं तीनैजनालाई काठमाडौँ दरबारमार्गस्थित प्रहरी परिसरमा राखिएको भन्दै उनले जनताको लेख्न, बोल्न, सभा-सङ्गठन गर्न पाउने मौलिक अधिकार हनन नगर्न गम्भीर चेतावनी पनि दिएका छन् । निर्दोष कार्यकर्ताहरूलाई गिरफ्तार गरी हिरासतमा राखेर झूट्टा मुद्दा लगाउने प्रपञ्च गरिएको भन्दै अध्यक्ष कमानसिंहले बिनासर्त रिहा नगरिए आन्दोलन गर्न बाध्य हुने र त्यसको जबाफदेही सरकार आफैँ हुनुपर्ने पनि बताएका छन् ।

**व्यवसायिक मत्स्य पालन गरौं, आम्दानी बढाऔं ।**

- उपयुक्त स्थलको छनौट गरी पोखरी निर्माण गरौं ।
- पोखरीमा १ मिटर भन्दा बढी पोखरीको गहिराई कायम गरौं ।
- प्राकृतिक आहारा निर्माणको लागि नियमित रुपमा मलखाद (प्रति कट्ठा पाकेको गोबरमल १०० के.जी. पुरिया ४ के.जी., डि.ए.पी. ३ के.जी., शुरुमा) को प्रयोग गरौं ।
- ३ इन्च भन्दा ठूलो साइजको अनुपात मिलाएर ७ जातको (कमन कार्प २४%, सिल्भर कार्प ३५%, विगहेड, ५%, ग्रास कार्प ५%, रहु १०%, नैनी १५%, माकुर ५% । मत्स्य भुरा स्टकिङ्ग गरौं ।
- मत्स्य पालन/उत्पादनमा हुने जोखिम न्यूनिकरण गर्न मत्स्य बीमा गरौं ।
- पेलेट दानाको प्रयोग गरौं ।
- पोखरीमा पानीको नियमित जाँच गरी गुणस्तर कायम राखौं ।
- एरिएटरको प्रयोग गरी अक्सिजनको कमीबाट माछालाई बचाऔं ।
- माछाको नियमित रुपमा स्वास्थ्य एवं वृद्धिदर जाँच गरौं ।
- एकीकृत माछापालन गरी डिलको सदुपयोग गरौं ।
- विक्रीयोग्य माछा विक्री गरी पुनः मत्स्य पुरा स्टकिङ्ग गरौं ।
- माछापालनको उत्पादन, आम्दानी खर्चको रेकर्ड अध्यावधिक गरौं ।

**माछा खाऔं, स्वस्थ रहौं ।**

- माछा उच्च प्रोटिन, कम चिल्लो पदार्थ भएको प्राणी प्रोटिन हो ।
- माछाको मासुमा ओमेगा-३, फ्याटी एसिड, भिटामिनहरु जस्तै भिटामिन डि र भिटामिन बि-२, पाइन्छ ।
- माछा क्याल्सियम र फस्फोरसका साथै मिनरल्सको पनि ठूलो स्रोत हो ।
- माछामा प्रोटिन, भिटामिन र खाद्यतत्व हुनाले यसले उच्च रक्तचाप घटाउनुका साथै मुटुको रोग हुनबाट बचाउँछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र

**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

## नियमित

# ललिता निवास जग्गा र भ्रष्टाचार



**कलाधर आचार्य**

नेपालको इहिासमा पहिलोपटक यति ठूलो मात्रामा भ्रष्टाचारीहरू समातिएको यो मात्रै एउटा उदाहरण हो तर यो पनि बहुतै हास्यास्पद, आश्चर्यजनक र खेदपूर्ण त्यत्तिकै छ । १७५ जनामध्ये पूर्वउपप्रधानमन्त्री, मन्त्रीहरू, सचिवहरू, अख्तियारप्रमुख, पूर्वन्यायाधीश, मालपोत अधिकृत र बीचौलिया तथा दलालहरूसमेत कारबाहीको प्रक्रियामा अख्तियारले अगाडि बढाएको छ । तर पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई, माधवकुमार नेपाललगायतले किन छूट पाए त ? कार्यगत निर्णय र नीतिगत निर्णयमा के फरक छ ? नीतिगत निर्णय गरेपछि मात्र कार्यगत निर्णय गरिन्छ र कामको सुरुआत हुन्छ । यसरी पन्छिन र चोख्खिन नीतिगत निर्णय गरिएको मात्र भन्नु सरासर झूट हो । के हो त्यो नीतिगत निर्णय भनेको ? त्यसको स्पष्ट र चित्तबुझ्दो जबाफ नागरिकहरूलाई दिन सक्नुपर्छ । क्याबिनेटबाट गरिने निर्णयलाई नीतिगत हो भनेर देशबासीका आँखामा छारो हाल्नु उचित होइन । अतः बाबुराम भट्टराई र माधवकुमार नेपाललाई कानुनको कठघरामा उभ्याउनु पर्दछ । त्यस्तै पूर्वन्यायाधीश कुमार रेग्मी तथा विष्णु पौडेलपुत्र नवीन पौडेलले हामी किनेको जग्गा फिर्ता गर्छौं भनी कागज गर्दैमा र दिँदैमा छूट पाउँदैनन् । के चोरले चोरी गरेको सामान सहीसलामत रूपमा बुझाएमा छूट पाउँछ ? आखिरमा ऊ पनि त चोर नै हो । अब यी दुवैजना रेग्मी र पौडेललाई समेत अख्तियारले समाई मुद्दा लगाउनुपर्छ । त्यति मात्र कहाँ हो र तत्कालीन समयका भूमिसुधार तथा व्यवस्था मन्त्रालयका मन्त्री र सचिव तथा प्र.का. का मुख्य सचिवलाई समेत समावेश गरिएको छैन । अख्तियार कसैको छाया र इशारामा चलेको छैन र चल्दैन भने उसका लागि यो पनि अग्निपरीक्षा हो ।

यिनीहरूको प्रवृत्ति, संस्कार र चेतनाका सन्दर्भमा सबैलाई थाहा छ । तैपनि बाध्यता के गर्नु आफैँ झाँक्री आफैँ बोक्सीको नियत भएकासँग कसको के लाग्छ र ? आफैँ कानुन, नियम, संविधान बनाउँछन्, उच्चउच्च पदहरूमा भागबण्डाको समयमा तेरो मान्छे र मेरो मान्छे भनी तलाई हामी नियुक्त गर्ने अनि हाम्रो बर्खिलाप जाने ? भनी धम्की दिन्छन् । यसरी पदमा बस्ने व्यक्तिहरूलाई पनि 'तातो दूध निल्नु न ओकल्नु' को स्थितिमा पुऱ्याउँदै आइरहेको कारणले यस्तो दुर्दशाको अवस्था उत्पन्न भैरहेको छ । निर्धक्कपूर्वक लेख्नुपर्दा यस्ता द्वैधचरित्र भएकाहरू सबैलाई छानीछानी कठघरामा उभ्याउनुपर्छ । आखिरमा सबै नेपाली नागरिकहरू नै हुन्, अख्तियारले कसुरदार ठहऱ्याई अदालतमा मुद्दा दायर हुँदाहुँदै र फैसला हुन बाँकी छँदाछँदै नारा गर्ने, संसद् अवरुद्ध गर्न तम्सिने के यो चोरको खुट्टा काट् भन्दा खुट्टा उचालेको जस्तो भएन र ? कोही पनि चाहे अख्तियार, चाहे न्यायालय वा अन्य निकायहरू पनि सरकारको छाया र इशारामा नचलून्, निर्भीक, निडर र निष्पक्ष भएर काम गर्ने वातावरण बनोस् र गरियोस् पनि ।

केही समयअगाडि संसद् भवनमा भ्रष्टाचारीहरूलाई मृत्युदण्डको सजाय हुनुपर्छ भनी आवाज उठेको थियो । के साँच्चै हो र ? के यस्तो कानुन बनाउन यिनीहरू तम्सलान् त ? कतैकतै आफ्नै खुट्टामा आफैँले बन्चरो किन हिर्काउनु भनी पछि हट्ने त होइनन् ? चीनका राष्ट्रपति सी जीनपिङ्ले २-४ वर्षअगाडि दसदस लाख भ्रष्टाचारीहरूलाई डोजर लगाएका थिए । के त्यो हैसियत यो सरकारसँग छ त ? छ भने भूमाफियाहरू, गुन्डागर्दी, बलात्कारी, एसिड आक्रमणकारी, दलाल, बिचौलिया, हत्या, हिंसा, मानव बेचबिखनमा संलग्नहरूलाई पनि मृत्युदण्डको सजाय हुनुपर्छ । हाम्रा नेताहरूले विदेश भ्रमण पनि गरेका नै होलान्, देखेका पनि होलान्, सुनेका पनि त होलान् नि ! कस्तो नेता हुनुपर्छ त्यो पनि ज्ञान नै होला । भारतका महात्मा गान्धी, चीनमा माओ त्सेतुङ, दक्षिणअफ्रिकामा २७ वर्ष जेल जीवन बिताई त्यहाँको राष्ट्रपति बनेका नेता नेल्सन मन्डेला, यहाँ को छ त ? नहुनु मामाभन्दा कानो मामा जाति । चित्रबहादुर केसी पनि उपप्रधानमन्त्री खाएपछि विवादरहित बन्न सकेनन् । मीठामीठा, चिल्लाचिल्ला भाषण गरेर, ठूलाठूला माला लगाएर मञ्चमा आसीन हुँदैमा केही हुनेवाला छैन । नेपाली नागरिकहरूले विश्वास पनि गर्दैनन् । गरून् पनि कसरी ? नेपालको नक्सा भारतले मिचेको हाम्रो भूभाग कालापानी, लिम्पियाधुरा तथा लिपुलेकसमेतलाई समावेश गरेर एउटा नक्सासमेत निकाल्न नसक्ने यी हुतिहाराहरू र लम्पसारवादीको किन बयान गर्ने ? खुट्टी हेरेरै पत्याइयो । उपरोक्त क्रियाकलापहरूमा संलग्नहरूका अभिभावक, संरक्षक, आफन्तहरू तथा आसेपासे नै सत्तामा बसी राज्यको बागडोर समाली संरक्षण गरिरहेकाले यिनीहरूको नै समाप्ति नभएसम्म देश र नागरिकहरूले सही न्याय प्राप्त गर्न सक्दैनन् ।


नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
**ग्रामीण सडक सञ्जाल सुधार आयोजना (RCIP)**

**आयोजनाको नाम** : ग्रामीण सडक सञ्जाल सुधार आयोजना (Rural Connectivity Improvement Project (RCIP)

**आयोजनाको कुल लागत र स्रोत** : (१३ अर्ब ५७ करोड (नेपाल सरकार र एशियाली विकास बैंक)

**आयोजनाको उद्देश्य** :

१. सर्वयाम चल्ने गुणस्तरीय दिगो यातायात पहुँचमा वृद्धि गर्ने ।
२. बजार तथा सामाजिक सेवाको अवसरमा दुई वा दुई भन्दा बढी ग्रामीण समुदायको पहुँच र सम्बन्ध स्थापित गर्ने ।
३. ग्रामीण कृषि उपजलाई बजार केन्द्रसम्म पहुँच कायम गर्ने ।
४. आर्थिक तथा रोजगारीको अवसर वृद्धि गर्ने आदि ।

**आयोजनाको कार्यक्षेत्र** : आयोजनाले प्रदेश नं. १, ३, गण्डकी ५ र कर्णाली गरी ५ प्रदेशका पाँचथर, ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, भक्तपुर, काठमाडौँ, चितवन, पर्वत, रुकुम पूर्व , रुकुम पश्चिम र रोल्पा लगायतका १७ जिल्लाका २७ वटा सडकको कुल ३८० कि.मि. ग्रामीण सडकको कालोपत्रेस्तरमा निर्माण तथा स्तरोन्नति गर्ने ।

आयोजनाको निर्माण अवधि ः आयोजनाको निर्माण अवधि (Construction Period) २ बर्ष, १ वर्षको Defects Liability Period (DLP) र २ वर्ष को Performance Based Maintenance (PBM) गरी जम्मा ५ वर्षको हुनेछ ।

**आयोजनाको मुख्य विशेषता** :

१. यस आयोजना मार्फत ग्रामीण सडकमा प्रथम पटक Asphalt Concrete / Performance Based Maintenance System भित्र्याइएको छ।
२. आयोजना अन्तर्गतका उप(आयोजनाहरु राष्ट्रिय योजना आयोगको मिति २०७५।०३।०४ को निर्णयानुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरु हुन् ।

*Address: Shreemahal, Pulchowk, Lalitpur, Email: rcip@dolidar.gov.np*














निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ